www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १३ | पूर्णाङ्क ४० | चैत २०७१



## चौथो राष्ट्रिय सम्मेलन

अन्तर्वार्ता

## सङ्गठन र कार्यकर्ता क्रियाशील भए आन्दोलन सफल हुन्छ

# भूमि अधिकार

वर्ष १३ | पूर्णाङ्क ४० | चैत २०७१

ऊर्जामा परिणत गरौँ सम्मेलनलाई...४
भूमि आन्दोलनको दुई दशक...५
भारतीय सामाजिक आन्दोलनका केही अनुभव ...८
महिला किसान सम्मेलन र बहसका विषय...१०
अहिंसात्मक आन्दोलन र सिकाइ...१२
फेलोसिप तालिम : सिकाइ र उपयोग...१३
फेलोसिप ज्ञान बढाएको छ...१४
फ्याक्ट विधि : एक जानकारी...१५
हम लोग दिल्ली आ रहे है...१६
सफल प्रयास : जग्गाधनी बन्दै भूमिहीन...१८
सफलताको कथा : मोहीबाट जग्गाधनी...१९
अगुवा बोली : सेनाले दिनुसम्म दुःख दिइरहेको छ...२०
जीवनभर जमिन जोतियो, अधिकारचाहिँ पाइएन...२१
२९ बुँदे घोषणापत्र जारी गर्दै सकियो सम्मेलन...२२
भूमिसम्बन्धी कञ्चनपुर घोषणा एवम् सङ्गठनको अठोटपत्र...२६
चौथो सम्मेलन व्यवस्थापन : भोगाइ र सिकाइ...२९



सङ्गठन र कार्यकर्ता क्रियाशील
भए आन्दोलन सफल हुन्छ...१७





प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

CSRC
आत्मनिर्भर केन्द्र

ग्राफिक डिजाइन :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com
कभर फोटो : **विश्वास नेपाली**

# ऊर्जामा परिणत गरौँ सम्मेलनलाई

राष्ट्रिय भूमि अधिकार मञ्चले आफ्नो स्थापनाको एक दशकसँगै चौथो राष्ट्रिय सम्मेलन सम्पन्न गरेको छ। नियमित सम्मेलन कुनै पनि संस्था सक्रिय, पारदर्शी र गतिशील छ भन्ने प्रमाण हो जसले सङ्गठनलाई जागरुक बनाउँछ। थप उत्साह प्रदान गर्छ र तागत भर्छ। सम्मेलनका क्रममा हुने विभिन्न खाले गतिविधिले कार्यकर्तामा रौनक छाउँछ र केही गरौं भन्ने भावना उब्जाउँछ। यस अर्थमा सम्मेलन सफलतासाथ सम्पन्न हुनुको ठूलो महत्व छ चाहे त्यो सफल तुल्याउन उत्तिकै अप्ठेरो परेको किन नहोस्।


मञ्चको सम्मेलनका क्रममा पनि यी सबै विशेषता प्रकट हुने नै भए। देशभरका प्रतिनिधि कञ्चनपुरमा जम्मा भएर भूमि अधिकार आन्दोलनप्रति ऐक्यबद्धता प्रकट गरे। छिमेकी जिल्लाबाट आएका कार्यकर्ताको सहयोगमा कञ्चनपुरले जनप्रदर्शनमात्र हैन, व्यवस्थापनका विभिन्न पाटो सफलपूर्वक निर्वाह गर्‍यो। गाउँगाउँबाट आएका कार्यकर्ताले बोकेका गुन्द्रुक, आलु, दाल र चामल अनि टपरीले सम्मेलनमा अपनत्व महसुस गराउन कार्यकर्तालाई सघायो। 'जसको सवाल, उसकै अगुवाई' भन्ने मान्यतामा रहेर अघि बढेको भूमि अधिकार सम्मेलन पीडितहरूकै नयाँ नेतृत्व गठन गर्दै सकिएको पनि छ। एउटा जीवन्त र ठूलो लक्ष्यका साथ अघि बढेको सङ्गठनका लागि यो अपरिहार्य पनि थियो।

तोकिएको समयमा सम्मेलन गर्नु, बीचमा केही सामान्य गतिविधि गर्नु र प्रक्रिया पुर्‍याउन फेरि अर्को समय आएपछि सम्मेलन गर्नु जस्ता कर्मकाण्डी पाराले कुनै पनि सङ्गठन प्रभावकारी बन्न सक्दैन। किनकि सम्मेलन जिउँदै छ है भनेर देखाउनका लागिमात्र गरिँदैन। यस क्रममा विगतको समीक्षा गर्दै सुन्दर भविष्यको बाटो कोर्ने काम हुन्छ। अनि त्यस्तो काम सम्पन्न गर्ने मितिदेखि यसका प्रक्रिया र स्रोतसमेतको एकिन अनुमान गरिन्छ। जसले लक्षित उद्देश्य प्राप्तिमा सघाउँछ। समग्रमा भन्दा सम्मेलनले खोल्ने 'ट्र्याक' मा राजमार्ग बनाएर गन्तव्य चुम्न नै सम्मेलनहरू आयोजना गरिन्छन्। जुन काम यो सम्मेलनले पनि गरेको छ।

सम्मेलनले एक वर्षभित्रमा कम्तिमा एक जिल्लामा आफूले चाहेको भूमि सुधारको खाका तयार गरी खाका कार्यान्वयनको अभ्यास सुरु गर्ने, सङ्गठनको बल र उद्देश्य मिल्ने अन्य व्यक्ति एवम् संस्थासमेतको सहयोगका आधारमा कुनै पनि सदस्यलाई उठिबास र बेदखली हुनबाट पूर्णतः संरक्षण गर्ने, प्रत्येक गाउँ मञ्च र जिल्ला मञ्च स्वायत्त सङ्गठनका रूपमा विकास गरेर लैजाने, सङ्गठनको नयाँ लगत तयार गरी गाउँ मञ्चको अनिवार्य सङ्गठन सुदृढीकरण र अभियान योजना बनाई कार्यान्वयन गर्ने, तीन वर्षमा सङ्गठन सुदृढीकरण गरी मञ्चको सदस्यता १ लाख ६० हजार पुर्‍याउने, सङ्गठनको कार्यदिशा, नीति र कार्यक्रमका आधारमा एक वर्षभित्रमा देशव्यापीरूपमा वैचारिक प्रशिक्षण सञ्चालन गरिने, जस्ता अठोट व्यक्त गरेको छ। त्यसैगरी सम्मेलनले सहकारी, कृषि उद्यम, सामूहिक खेती जस्ता कार्य सङ्गठनमा जोड्दा आन्दोलनमा सहभागिता र योगदान बढ्नुका साथै सदस्यको जीवनस्तरमा सुधार आउने भएकाले सङ्गठन र सहकारीको कामलाई पृथक तर सँगसँगै लैजाने पनि अठोट लिएको छ।

यसरी हेर्दा सम्मेलनले चुम्न खोजेको गन्तव्य र लिन खोजेको मार्ग पक्कै पनि भूमि अधिकारबाट वञ्चितहरूका लागि सुनौलो भविष्य भेट्नेखालको देखिन्छ। 'सङ्गठित सुकुमबासी, भूमिहीन र किसान, आवास, खाद्य र भूमि अधिकारसहितको संविधान' भन्ने मूल उद्घोषका साथ सम्पन्न यो सम्मेलनले तय गरेको मार्ग पछ्याउनु अब नेतृत्वको प्राथमिकतामा पर्नुपर्छ। अनिमात्र ५४ जिल्लाका ५,८५ प्रतिनिधि एवम् पर्यवेक्षकले गरेका गहन छलफल र मन्थनबाट निस्किएका यी निष्कर्षले उपयुक्त आकार पाउनेछन् साथै सम्मेलनको सार्थकता पनि पूरा हुनेछ। नयाँ नेतृत्वले सम्मेलनमा देखिएको जनउभार तथा व्यापक उत्साहलाई ऊर्जामा परिणत गर्दै यो अभिभारा सहजतवरले सम्पन्न गर्न सकोस्। सबैको शुभकामना छ। ✿





सोमप्रसाद भण्डारी

# भूमि आन्दोलनको दुई दशक

जमिन जोत्ने हामी, बाली खाने साहू (जमिनदार) । अन्यायपूर्ण व्यवस्था । वर्षौंदेखि जमिन जोतखन र स्याहार गर्दा पनि त्यसको स्वामित्व हामी किसानसँग भएन । यस्तो अन्यायपूर्ण व्यवस्थाको अन्त्य र किसानमुखी व्यवस्था स्थापना गनुर्पछ भन्ने उठोटका साथ हामी भूमि अधिकार अभियानमा २०५१ सालमा सङ्गठित भएका थियौं । यो आन्दोलनले आज २० वर्ष पार गरिसकेको छ । सिन्धुपाल्चोकको किउल गाविसबाट सुरु भएको यो आन्दोलन आज देशका ५४ जिल्लामा फैलिएको छ । फैलिएको मात्र छैन, भूमिहीन, भूमिको अधिकारबाट वञ्चित शोषित पीडित किसानहरूका लागि न्यायिक मञ्च बनेको छ ।

५६ वर्षको भएँ । जीवनको २० वर्ष त भूमि अधिकार अभियानमै बित्यो । यस अवधिमा केही तीता, केही मीठा र केही पीडादायी अनुभव सङ्गालियो । धेरै सङ्घर्ष भए । सपना छ- भूमि अधिकारबाट वञ्चितहरूलाई भूमिसहित सपन्न भएको देख्ने । अहिले पनि म एक मोही किसान हुँ । ३ जना जग्गाधनीको जमिन जोतिरहेको छु । त्यही जमिनमा उत्पादन भएको अन्नपातले जीविका धान्नुपर्ने बाध्यता छ । आन्दोलनकै क्रममा जग्गाधनी कामीतेन्जेन लामाबाट २ रोपनी जमिन जोतेवापत १ रोपनी मोहियानी हक लिएको छु । बाँकी २ जना जग्गाधनी अर्केन लामा र ओइदी लामाको नाममा भएको जमिनको मोही हक भने अहिलेसम्म पाउन सकिन । उर्केनको १ रोपनी ८ आना र आङ्दीको २ रोपनी जोतिरहेको छु । जमिन जोत्न थालेको तीन पुस्ता भइसक्यो तर हक नपाएको हुँदा अझै पनि सङ्घर्ष गरिरहेको छु ।

२०५० सालमा सिन्धुपाल्चोकको किउल गाविसमा जयवागेश्वरी बचत

५६ वर्षको भएँ । जीवनको २० वर्ष त भूमि अधिकार अभियानमै बित्यो । यस अवधिमा केही तीता, केही मीठा र केही पीडादायी अनुभव सङ्गालियो । धेरै सङ्घर्ष भए । सपना छ- भूमि अधिकारबाट वञ्चितहरूलाई भूमिसहित सपन्न भएको देख्ने ।

तथा ऋण सहकारी संस्था स्थापना भयो । सहकारीमा अध्यक्ष थिएँ । सहकारीमा मोही किसान सङ्गठित थियौं । २०५१ सालमा किउलमा सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका साथीहरू जानुभएको थियो । किसानले मोही अधिकार लिन आफैं सङ्गठित हुनुपर्ने विषयमा त्यहाँ छलफल भयो । सोही वर्ष सहकारी र आत्मनिर्भर केन्द्र मिलेर एक बृहत् भूमि शिविर आयोजना गऱ्यौं । सो शिविरमा किसानले कसरी मोही हक लिन सक्छन् भन्ने विषयमा कानुनी प्रशिक्षण दिइएको थियो । प्रशिक्षण सकिएको दिन ९ सदस्यीय 'मोही हकहित संरक्षण समिति' निर्माण भयो । जसको संयोजक म तोकिएँ । मोही किसानको सवाल जनसरोकारको सवाल हो त्यसैले जसरी भए पनि किसान आफैं उठ्नुपर्ने विषयमा प्रशिक्षणले जागरण दियो । र, हामी सङ्गठितरूपमा अघि बढ्यौं । त्यतिबेला मोही किसानलाई जग्गाधनीले जबर्जस्ती बेदखल गर्ने कार्य पनि भइरहेका थिए । जब सङ्गठित आन्दोलन सुरु भयो, किसानमा जग्गाधनीहरूसँग प्रतिवाद गर्ने आँट बढ्यो । र, किसानले आफूलाई सुरक्षित महसुस गर्न पनि थाले । सङ्गठनको महत्व बढ्दै गयो ।

अभियानलाई विस्तारै फैलाइयो । अभियान फैलँदै थियो अर्कोतर्फ अभियानका विरोधीहरू पनि जन्मँदै गए । केही अवरोध आउन थालेपछि एक भेला आयोजना गरी गाविस अध्यक्षहरूसँग छलफल गरियो । उनीहरूलाई हामीले गर्न खोजेको मोहियानी हकको अभियानबारे प्रष्ट पाऱ्यौं । गाविस अध्यक्षहरूले सहयोग गर्ने प्रतिबद्धता जनाए । अर्कोतर्फ जग्गाधनीहरू पनि चलखेल गर्दै थिए । त्यति नै बेला २०५३ पुस २४ मा भूमिसम्बन्धी ऐनमा चौथो संशोधन भयो । जसमा मोहियानी हक नलाग्ने व्यवस्था तोकियो । यतिबेला जग्गाधनीले चलखेल गर्न मौका पाए ।

२०५३ सालमै किसानको ठूलो भेला गरी मोही हकहित संरक्षण समिति पुनर्गठन गरी गुठी तथा मोहियानी हक सरोकार समिति बनायौं । फेरि पनि अध्यक्ष म नै तोकिएँ । अब आन्दोलन मोहीबाट गुठी सवालतर्फ पनि केन्द्रित भयो । विरोधीहरू भन्न थाले- 'राजनीतिज्ञहरूले समेत गर्न नसकेको काम यस्ता लुते किसानहरूले के गर्न सक्लान् ? कुहिनाले पहरो फोर्न कसरी सक्नु !' यस्तो भन्नेहरू बढ्दै थिए । किसानलाई हतास हुन नदिन हामीले प्रशिक्षण र शिविरहरू आयोजना गऱ्यौं । छलफल बढाउँदै लग्यौं । किसानहरूले

महसुस गर्न थाले- 'अब हामी आफैं नजुटेसम्म अधिकार लिन सक्दैनौं ।' यस्ता शिविरमा किसानहरू साहसका साथ भन्न थाले कि 'हामी अधिकार नलिएसम्म पछि हट्दैनौं ।'

२०५७ कात्तिक १७ गते पहिलो पटक धेरै किसानहरू सदरमुकाम चौतारा पुगे जिल्ला मालपोत र भूमि सुधार कार्यालय घेर्न, ठूलै लस्करका साथ । सबैका हातमा थिए कृषि औजार- हलो, कुटो, कोदालो । किसानको र्‍यालीले चौताराको वातावरण अर्कै भयो । माग थियो- मोही हक कायम गर ! गुठी जग्गा रैकर गर !

त्यतिबेला यी किसानले के गर्न सक्छन् ? कसरी मालपोत घेर्छन् ? भनेर दलका नेताहरूले पत्याएनन् । जब किसानको ताँती देखे, सबै छक्क परे । त्यही मेसोमा दलका नेताहरू पनि हामी पनि छौं भन्दै मिसिन आए । किसानको शक्ति बढ्यो । आन्दोलनमा यसले ऊर्जा पनि थपियो । पहिलो आन्दोलन ऐतिहासिक भयो । यो आन्दोलनपछि किसानका समस्या बाहिर आउन थाले । सबैको चासो बढ्न थाल्यो । पत्रकारहरू गाउँगाउँमा गएर किसानका समस्या बाहिर ल्याउन थाले । त्यही आन्दोलनको बलले ६ हजार भन्दा बढी गुठीपीडित किसानको जग्गा रैकर भएको थियो । उनीहरूले हक पाए । आन्दोलनको प्रभाव बढ्दै गयो । नेपाल बार एसोसिएसनको हल काठमाडौंमा हामीले उठाएको समस्या सार्वजनिक गर्न पहिलो पटक पत्रकार सम्मेलन गरेका थियौं । यसले भूमि आन्दोलनबारे देशभर जानकारी गराउन मद्दत गर्‍यो । सञ्चार माध्यमको ध्यानाकर्षण पनि गरायो ।

आन्दोलनका क्रममा जमिन्दारदेखि केही राजनीतिक दलले समेत अवरोध गर्न खोजे । यस्ता अवरोधहरूबाट कत्ति पनि विचलित नभई साथीहरू निरन्तर सङ्घर्षमा लागिरह्यौं । क्रमशः आन्दोलन सिन्धुपाल्चोकबाट अन्यत्र जिल्लामा पनि फैलिइसकेको थियो । यही क्रममा २०६१ साल पुस ४ देखि ६ गतेसम्म काठमाडौंमा पहिलो राष्ट्रिय सम्मेलन गरियो । सम्मेलनले सप्तरीका बलदेव रामलाई अध्यक्ष चयन गर्‍यो । म उपाध्यक्षमा चुनिएँ । कुनै पनि कुराको प्रवाह नगरी मुलुकमा रहेका सम्पूर्ण भूमिहीन, सुकुमबासी, साना किसान र भूमिको अधिकारबाट वञ्चितहरूलाई भूमि हक दिलाउने अभियानमा क्रियाशील भइरह्यौं ।

दोस्रो सम्मेलन हुने बेलासम्म मञ्चको फैलावट धेरै जिल्लामा पुगेको थियो । देशमा चलेको २०६२/०६३ को जनआन्दोलनमा पनि हामी भूमिहीनले परिवर्तनको पक्षमा जनआन्दोलनमा सघायौं । आन्दोलन सफल भयो । सामन्ती व्यवस्था फालियो । व्यवस्था परिवर्तन भयो तर हामी भूमिहीन किसानको जीवनमा भने कुनै परिवर्तन आउन सकेन । २०६३ मा सबै दलका जिल्लादेखि केन्द्रीय कार्यालयमा समेत पुगेर धर्ना बस्यौं । पार्टीहरूलाई उनीहरूको चुनावी घोषणापत्रमा भूमि सुधारको मुद्दा समावेश गर्न बाध्य बनायौं । राष्ट्रिय मञ्चको दोस्रो सम्मेलन २०६४ फागुन १८ देखि २० गतेसम्म दाङ सदरमुकाम घोराहीमा भयो । उक्त सम्मेलनबाट म महासचिवको जिम्मेवारीमा चुनिएँ ।

**सरकार आफैँ आयोग बनाउँछ जब आयोगले प्रतिवेदन बुझाउँछ तब कार्यान्वयन हुँदैन । फेरि अर्को आयोग गठन गर्छ । यस्तै भएको छ २०५१ सालयता ।**

२०६४ सालमा काठमाडौंमा बृहत् आन्दोलन भयो । खुला मञ्चमा धर्ना भयो । यो आन्दोलनको बलमा सरकारसँग वार्ता भयो । सरकारका तर्फबाट गृह मन्त्रीले हाम्रो माग पूरा गर्ने वाचासहित हस्ताक्षर गरेका थिए । सोही सहमतिपछि उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोग गठन भयो । हाम्रो तर्फबाट मञ्चका अध्यक्ष बलदेव राम आयोगका सदस्य हुनुभयो ।

२०६६ सालमा नेपाल सरकारले पुनः उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोग घनेन्द्र बस्नेतको अध्यक्षतामा गठन गर्‍यो । यसबेला म मञ्चको तर्फबाट सदस्य भएँ । आयोगमा सबै दलका तर्फबाट सदस्य थिए । हामीले व्यापक छलफल गर्‍यौं । भूमि सुधारका मुद्दाहरू प्रतिवेदनमा समावेश गर्‍यौं तर दुर्भाग्य, आयोगले सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन हुन सकेन । भूमि सुधारका लागि हाम्रा दल र सरकार सकारात्मक छैनन् भन्ने यसले पनि प्रष्ट्याउँछ । सरकार आफैँ आयोग बनाउँछ जब आयोगले प्रतिवेदन बुझाउँछ तब कार्यान्वयन हुँदैन । फेरि अर्को आयोग गठन गर्छ । यस्तै भएको छ २०५१ सालयता । २०५१ मा बनेको केशव बडालको आयोगदेखि २०६५ मा हरिबोल गजुरेल र २०६६ मा घनेन्द्र बस्नेतको अध्यक्षतामा अहिलेसम्म तीन पटक उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोग बन्यो तर आयोगले बुझाएको प्रतिवेदनको कार्यान्वयन अवस्था भने शून्य ।

२०६८ असोज ५ देखि ७ सम्म जनकपुरमा भएको तेस्रो राष्ट्रिय सम्मेलनबाट म राष्ट्रिय मञ्चको अध्यक्षमा चुनिएँ । मेरो काँधमा फेरि समग्र आन्दोलनको नेतृत्व गर्ने जिम्मेवारी आयो । यो कार्यकाललाई पनि सफलरूपमा सम्पन्न गर्दै २०७१ साल फागुन १० देखि १२ गतेसम्म कञ्चनपुरमा भएको सम्मेलनबाट नेतृत्व हस्तान्तरण भयो । अहिले आन्दोलनको नेतृत्व सहकर्मी ल्यामबहादुर दर्जीले लिनुभएको छ । भूमि आन्दोलनको सपना भनेको सम्पूर्ण भूमिको अधिकारबाट वञ्चितहरू (भूमिहीन, सुकुमबासी, मोही, हरूवा/चरुवा, हलिया, मुक्त कमैया, गुठीपीडित, बिर्तापीडित, महिला किसानलगायत) ले सुरक्षित बास र किसानी गर्ने सिप भएका किसानले खेतीयोग्य जमिन पाएर उनीहरूको जीविका सुरक्षित भइरहेको अवस्था हो ।

किसानको यही सपना पूरा गर्न/गराउनका लागि धर्ना, जुलस, आन्दोलन, छलफल, बहस, सम्झौता र वार्ता धेरै भएका छन्, यस अवधिमा । तर सरकारले यतिबेलासम्म भूमिहीन किसान, सुकुमबासीको विषयमा साँच्चै व्यवस्थापनको कार्ययोजना भने ल्याएको छैन । आन्दोलनको प्रभाव देशभित्र मात्र

होइन विदेशमा पनि परेको छ। यसका लागि सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोगी भूमिका खेल्दै आयो। जुन आजका मितिसम्म पनि जारी छ। हामी किसान आन्दोलन गर्ने, वकालत गर्ने, छलफल गर्ने, बहस गर्ने, सङ्गठन निर्माण र परिचालन गर्ने गर्छौं। सामुदायिक आत्मनिर्भर केन्द्रले भने यसको सबै व्यवस्थापन र प्राविधिक पाटोमा सघाउने गर्दै आएको छ।

यतिबेला भूमि अधिकार मञ्चको अभियान मुलुकको ५४ जिल्लाको २ हजार ८ सय ९७ गाउँमा फैलिएको छ। ९८ हजार २ सय ७५ परिवारका करिब ६ लाख सदस्य यो अभियानमा सङ्गठित छन्। सरकारले संयुक्त पुर्जाको नीति ल्यायो। सुकुमबासी आयोग पनि गठन भयो। ती आयोगमा मञ्चको प्रतिनिधित्व रहेर प्रतिवेदन तयार गर्ने वातावरण तयार भयो। यी सबै आन्दोलनका प्रतिफल हुन्। यतिबेलासम्म करिब ४८ हजारभन्दा बढी भूमिहीन तथा किसान परिवारले भूमिमा धेरथोर अधिकार लिएका छन्। उनीहरूको जीविकामा सुधार आएको छ। बसोबास सुरक्षित भएको छ। क्रमशः यो अभियान फैलँदो छ। फैलँदो यस अर्थमा कि तमाम भूमिहीन, सुकुमबासी, साना किसान, महिला किसानलगायतले भूमिको हक पाउने सुनिश्चितताका साथ भूमि आन्दोलनको यस अवधिमा धेरै जिल्ला पुगियो। धेरै सङ्गठन घुमियो। र, नीतिगत तहमा पनि धेरै लबी गरियो। यस अवधिमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा सचिवमात्र १२ जना फेरिए। मन्त्री त झन् धेरे। ती सबैसँग भेटेर छलफल, सम्वाद गरी सरकारसँग भएका धेरै सम्झौता कार्यान्वयन गराउन निरन्तर लागियो। कतिपय कार्यान्वयन भए, कति अझै हुन बाँकी छन्।

यति लामो आन्दोलन जीवनमा धेरै हण्डर, दुःख, पीडा भोगियो। गाली, कुटाइ, धम्की, आलोचना आदिको बयान गरिसाध्य नै छैन। तर सङ्गठन मेरा लागि हो र सङ्गठनमै मेरो भविष्य छ भन्ने मर्मलाई सधै आत्मसात गरी निरन्तर अघि बढौं। एउटा घटनाले भने सधैँ पीडा दिइरहन्छ- २०६७ सालमा काठमाडौंमा राष्ट्रिय आन्दोलन आयोजना गरिएको




थियो। आन्दोलनमा आउने क्रममा नवलपरासीको हर्कपुर चोकमा बस दुर्घटना भयो। बसमा सवार बर्दियाका २७ जना सहभागीमध्ये लालमाया खाम्चामगर र जनककुमारी चौधरीको मृत्यु भयो। बितानी चौधरी र तुलसी सुनार सख्त भएकाले उनीहरू अपाङ्ग जीवन बिताइरहेका छन्। यो दुःखद् घटनाले सिङ्गो आन्दोलन र सङ्गठनलाई नै स्तब्ध बनायो।

त्यही राष्ट्रिय आन्दोलनपछि सरकारले आ.व. २०६८/६९ मा संयुक्त पुर्जा नीति ल्यायो। अहिले भूमिमा महिला अधिकार स्थापित गराउनका लागि संयुक्त पुर्जा बनाउने अभियान सबै जिल्लामा सञ्चालन भएको छ। आन्दोलनमा ठूलो शक्ति हुन्छ। जसको प्रभाव पनि ठूलै हुन्छ। किउलदेखि उठेको भूमि अधिकार अभियानको चर्चा आज राष्ट्रिय तहमा मात्र नभई अन्तर्राष्ट्रिय तहमा पनि उत्तिकै पुगेको छ। यस अवधिमा विभिन्न मुलुकको भ्रमण गरेर नेपाली किसानका समस्या, हामीले गरिरहेको सङ्घर्षबारे जानकारी आदान-प्रदान गराउन भूमिका खेलियो। यस क्रममा भारत, क्याम्बोडिया, थाइल्यान्ड, भियतनाम, इन्डोनेसिया, फिलिपिन्स, सिङ्गापुर, मलेसियालगायतका देशमा पुगेर नेपालको भूमि समस्या र किसानको सङ्घर्षबारे बताउने र आन्दोलनमा ऊर्जा थप्ने काम पनि गरियो।

सङ्गठनमा शक्ति हुन्छ। सङ्गठनबिना हाम्रो सपना पूरा हुन सक्दैन। त्यसैले हामी तमाम् भूमि सवाल भोगिरहेका सबै भूमि अधिकार मञ्चमा सङ्गठित छौं। हामीसँग सवाल छ, माग छ। अडान पनि छ। र, हामी आफैँ पनि आन्दोलनलाई बलियो बनाउनका लागि सदस्य बन्ने, दायित्व बुझाउने, आन्दोलन कोष सङ्कलन गर्ने गरिरहेका छौं। यही कारण हाम्रो आन्दोलन बलियो, सङ्गठित र ऊर्जाशील बन्दै पनि गइरहेको छ।

मैले यो २० वर्षको यात्रामा व्यक्तिगत लाभलाई कहिल्यै ठूलो मानिन। सधैँ सङ्घर्ष र सपनालाई प्रमुख ठानेँ। आज आन्दोलनबाट धेरै भूमिहीन किसानको आँसु पुछिएको छ। उनीहरूमा बाँच्ने आशा पलाएको छ। यो आन्दोलन कुनै एक व्यक्ति वा सवाल विशेषको होइन र हुनु पनि हुँदैन भन्ने मेरो धारणा छ। यो तमाम भूमिको समस्याबाट पीडित किसानको हुनुपर्छ। हामीले २० वर्षभरि यही मर्म आत्मसात गऱ्यौं। त्यसैले त मेरो यो २० वर्षे अवधि २० दिन बिते जत्तिकै गरी बित्यो। आगामी पुस्ताले पनि यो आन्दोलनलाई लक्षित वर्गमा केन्द्रित गर्नका लागि यसैलाई आत्मसात गर्नुपर्छ। अनिमात्र लक्ष्यमा पुग्न सकिन्छ।



जगत बस्नेत

# भारतीय सामाजिक आन्दोलनका केही अनुभव

एकता परिषद्को २५ वर्षे रजत जयन्तीमा ऐक्यबद्धता जनाउन भारतभित्रैबाट दुई सयभन्दा बढी सामाजिक अभियन्ता, दशभन्दा बढी अन्तर्राष्ट्रिय प्रतिनिधि र एक हजार छ सयभन्दा बढी समुदायका अगुवा तथा कार्यकर्ता सहभागी भएका थिए। रजत जयन्ती कार्यक्रम भारतको छत्तीसगढ राज्यको सदरमुकाम राइपुरबाट करिव ६० किलोमिटर टाढा तिल्गाको प्रयोग आश्रममा फेब्रुवरीको २२ देखि २४ मा भएको थियो। नेपालमा भइरहेको भूमि अधिकारको आन्दोलन र सामुदायिक आत्मनिर्भर केन्द्रका तर्फबाट ऐक्यबद्धता जनाउन म पनि सो अवसरमा त्यहाँ पुगेको थिएँ।

करिव १८ हेक्टर जमिनमा फैलिएको प्रयोग आश्रम सङ्घर्ष र सम्वादका प्रशिक्षण गर्न २५ वर्षअगाडि स्थापना भएको रहेछ। अचम्मको कुरा, स्वामी सचितानन्द (हालका आश्रम व्यवस्थापक) त्यतिखेर नक्सालाइट बनाउन आदिवासी गाउँमा तालिम दिँदै रहेछन्। एकता कन्भेनर परिषद्का पिभी राजगोपाल त्यहाँ पुगेछन् र सचितानन्दको प्रशिक्षण सुनेछन्। राजगोपाल भन्दै थिए- उनको प्रशिक्षण सुन्दा आफैँलाई उनको साथ लागुँजस्तो लाग्यो। तर जनजातिको मुक्ति र भूमि अधिकारका लागि हिंसात्मक बाटो समाउनु ठीक थिएन। त्यो प्रशिक्षणपछि उनले सचितानन्दलाई पटकपटक भेटेर भनेछन्, समाजमा तिमीले भनेका सबै शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचार, गरिबी छन्। तर द्वन्द्वात्मक बाटोबाट होइन, गान्धीयन (अहिंसा) बाटो लिनुपर्छ जसले भारत सिङ्गो देशलाई स्वतन्त्र बनायो। राजगोपालले सचितानन्दलाई यो विषयमा बुझाएछन् र 'प्रयोग आश्रम' त्यस ठाउँमा स्थापना गराएका रहेछन्। त्यही आश्रयमा एकता परिषदको २५ वर्षे रजत जयन्ती

**सन् २०२० मा १० लाख मानिस ग्वालियरबाट दिल्ली हिँडाउने योजनासाथ रजत जयन्ती कार्यक्रम समापन भएको थियो। त्यसका लागि अहिले नै एक लाख युवा तयार गर्ने र एक जना युवाले अरू १० जना तयार गर्ने योजना बनेको छ।**

मनाइँदै थियो। जहाँ करिव २ हजार मानिस भेला भई आगामी आन्दोलनको स्वरूप, रणनीति र कार्यक्रमबारे धारणा राखेका थिए।

सहरभन्दा टाढा रहेकाले प्रयोग आश्रममा इन्टरनेटको सुविधा थिएन तर कसैको जरुरी इमेल गर्नुपर्‍यो भने डाटाकार्डको प्रयोग गर्न दिइने व्यवस्था मिलाइएको रहेछ तर त्यसका लागि केही समय कुर्नुपर्ने थियो। देख्दा गाउँका साधारण घर देखिने आश्रममा एकता परिषद्ले २५ वर्षदेखि समुदायका अगुवा र कार्यकर्तालाई प्रशिक्षण दिँदै आएको छ।

सो अवसरमा मजदूर किसान शक्ति सङ्गठन, राजस्थानका प्रतिनिधि निखिल डेसँग भेट भयो। पहिले नै उनको सङ्गठनबारे सुनेको थिएँ। सानो भेटपछि पछि सम्पर्क गर्नका लागि भिजिटिङ कार्ड छ भनेर सोधेँ, जवाफमा उनले कार्ड छैन, संस्थाको सानो ब्रोसर छ, लिनुहोस् भनेर दिए। उनी भन्दै थिए- कार्डभन्दा ब्रोसरबाट धेरै थाहा पाउन सक्नुहुन्छ।

छलफलका क्रममा अभियान गर्ने स्रोत कहाँबाट लिनुभएको छ भन्ने प्रश्नमा उनले भने- हामी विदेशी डोनर र सरकारका पैसा लिदैंनौ। यस्तो निकायबाट लिइएको पैसाबाट सामाजिक आन्दोलन त्यही पैसामै विलिन हुन्छ। आन्दोलनका एजेन्डा सबै बिक्री भएर प्रोजेक्टमात्र बाँकी रहन्छ। त्यसैले व्यक्तिगत योगदान र समुदायको स्रोतबाट हामी अभियानका कार्यक्रम सञ्चालन गर्छौं। हामीकहाँ १२ जना न्यूनतम स्रोत लिनेबाहेक अरू सबै स्वयम्सेवक छन्। बेलाबेला हामी स्रोत सङ्कलनकै लागि पनि कार्यक्रम सञ्चालन गर्छौं। त्यसैबाट आन्दोलन अगाडि बढिरहेको छ। उनले भने- तपाईं आफैं सामाजिक अभियन्ता हुनुहुन्छ, थप आफैं बुझ्नुहोस्।

त्यही कार्यक्रममा बिहारका पानी संस्थाका अभियन्ता भरतभूषणसँग पनि भेट भयो। उनी र मलाई एउटै घरमा बासको व्यवस्था मिलाइएको रहेछ। हरेक बिहान उनी मलाई गाजर र भुटेको चना खान अनुरोध गर्थे। त्यो उनले आफ्नै घरबाट ल्याएका रहेछन्। र, सँगै चियाको पाकेट पनि बोकेका रहेछन्। बसेको घरमा तातोपानी मागेर चिया पनि खुवाए। उनी भन्दै थिए- हामी सामाजिक अभियन्ताले स्वास्थ्य र खर्चमा ख्याल राख्दै खानेकुरा खाँदा राम्रो हुन्छ। यसले समाज र समुदायमा पनि राम्रो सन्देश जान्छ र बजारमा खर्च पनि गर्नुपर्दैन। उनले बिहारमा महिलाको भूमि अधिकार र सहकारी ब्याङ्कको आन्दोलन

चलाएका रहेछन् । यो आन्दोलनमा १ लाख ४० हजार महिला किसान सङ्गठित भएको उनी बताउँदै थिए ।

एकता परिषद्को रजत जयन्तीमा सहभागी हुन आउने सबैले १ किलो चामल वा एक सय रूपियाँ अनिवार्य दिनुपर्ने रहेछ । यसरी सहभागीबाट १४ क्विन्टल चामल, एक क्विन्टल आलु, आधा क्विन्टल दाल र ८७ हजार ९ सय १७ रूपियाँ सङ्कलन भएको थियो । हरेक दिनको कार्यक्रमको सुरुमा कसैसँग खुजुरा पैसा वा सिक्का छ भने योगदान गर्नुहोस् भन्दै २ जना दिदीबहिनी घैंटो लिएर घुम्थे । त्यसरी सङ्कलन गरिएको रकमबाट ३ दिनमा करिव १० हजार रूपियाँ जम्मा भएको थियो । यसरी माग्दा दिनैपर्ने भन्ने थिएन भएमा सिक्का वा खुद्रा दिनुहोस् भन्नेमात्र अनुरोध गरिन्थ्यो ।

रजत जयन्तीमा भारतका विभिन्न सामाजिक आन्दोलनका सहजकर्ता वा अगुवा प्रायः सबै ऐक्यबद्धताका लागि आएका थिए । जो सहभागी हुन आएका थिए, उनीहरू सबैले आफ्नो बाटो खर्च आफैँ जुटाएर आएका थिए । जम्मा ५ मिनेटको कुरा राख्न पनि धेरै टाढाटाढाबाट सहभागी आएका थिए । उपस्थित एक जना अभियन्ताले भने- पाँच मिनेटको कुरा होइन, आन्दोलनमा ऐक्यबद्धता र भौतिक साथ महत्वपूर्ण कुरा हो । त्यसैले हामी २ दिन रेल चढेर यहाँ आएका हौँ । यसले हामीलाई ऊर्जा दिएको छ । र, समन्वय पनि बढेको छ । सामाजिक अभियन्ता फुटेर होइन, जुटेर लड्ने हो । एक-अर्कालै कुरा काटेर होइन, सहयोग र साथ दिएर अगाडि बढ्ने हो । अनिमात्रै हाम्रो सामजिक आन्दोलनले जित्छ ।

एक जना अगुवा सहभागीसँगको छलफलमा उनले भने- 'हामी सङ्घर्ष र सम्वादमा मात्र छैनौं । नयाँ रचना र जीवनको परिवर्तनमा पनि लागेका छौँ । बालबालिकाको आफ्नै ब्याङ्क बनाएका छौं । बालबालिकाले चाडपर्वमा पाएको पैसा जम्मा गरेर । महिलाको छुट्टै ब्याङ्क बनाएका छौं । मासिकरूपमा बचत गराएर गाउँगाउँमा ग्रामीण विकास समूहमार्फत धेरैलाई रोजगारी दिएका छौं । कृषि उद्यमहरूको विकास गरेका छौं । हामी आदिवासी आदिवासी भएरै बाँच्नका लागि जमिन चाहिन्छ । त्यसैले जमिनको लडाइँका लागि अरू आर्थिक परिवर्तनका काम पनि सँगै लगेका छौं ।' उनी रजत जयन्तीमा स्टल राखेर पसल चलाउने सबै आफ्नो सङ्गठनका अगुवा भएको बताउँदै थिए । त्यस्तो पसलबाट भएको आम्दानी सबै सङ्गठनका सदस्यमा जान्छ र आर्थिकरूपमा उसलाई आन्दोलनमा लाग्न उत्साह दिन्छ । उनी भन्दै थिए- हाम्रो सङ्घर्ष, सम्वाद र नयाँ रचना तीनवटै कार्यक्रम सँगसँगै जान्छ । त्यसैले त हामी लगातार २५ वर्ष यसै आन्दोलनमा लागेका छौँ र हाम्रो जीवनमा पनि परिवर्तन देखेका छौं । हामी सङ्गठित छौं र जित्दै पनि छौं ।



कार्यक्रममा साधुदेखि राजनीतिज्ञ, पूर्वप्रशासक, सामाजिक अभियन्ता, गाउँका अगुवा, सरकारका प्रतिनिधिलगायत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियन्ता पनि सहभागी थिए । सो अवसरमा सबैले आफ्नो विचार राखे, कसैले कसैलाई गाली गरेनन् बरु बेलाबेलामा एकता परिषद्को प्रशंसा गरे । सबै बोल्नेहरूले न त पार्टीको विरोध गरे, न एनजिओको न त सरकारको नै । बरु आफूले गरेका काम र अबको योजना बताए । एकता परिषद्लाई अझ बलियो बनाउने सुझाव दिए । साथ र ऐक्यबद्धता दिए । हौसला दिए । कतिपयले त सक्दो आर्थिक सहयोग पनि गरे । सहभागीमध्ये लामो समय सामाजिक आन्दोलनमा लागेका अगुवालाई सम्मानित गरियो । सम्मानित सहभागीको भनाइ थियो- यो सम्मान मेरोमात्र नभएर मेरो परिवारको पनि सम्मान हो र मेरो सङ्गठनको पनि सम्मान हो ।

त्यस रजत जयन्ती कार्यक्रममा हरेक सङ्गठनबाट एक कार्यकर्ता र २ जना अगुवा आउनुपर्ने तोकिएको रहेछ । सहभागी सबै अनुशासितरूपमा आफ्नो टोली नेताको अनुरोधमा कार्यक्रममा बस्ने, खाने र व्यवस्था मिलाइएको टेन्ट (पाल) मा सुत्ने गर्थे । बिहानको खाजामा भिजाइएको चिउरा, चना, बदाम मिसाएको, दिउँसो र बेलुकीको खानामा पुरी, भात, मसुरोको दाल र एकथरी सब्जी हुन्थ्यो । सबैका लागि एउटै खाना । सबै आफ्नो जिम्मेवारीमा अनुशासित देखिन्थे । किन आउनुभयो भन्ने प्रश्नको उत्तरमा उनीहरू भन्थे- 'जनताको तागत, बल र शक्तिलाई बाहिर ल्याउनका लागि आएका हौँ । हामी यहाँ नआए कसरी परिवर्तन हुन्छ ? कसरी हामीले भूमिको अधिकार लिन सक्छौं ? हामी सबैको सपनाको आन्दोलन हो यो, त्यही भएर आएका हौं ।' सहभागी सबैमा उत्तिकै ऊर्जा देखिन्थ्यो ।

सन् २०२० मा १० लाख मानिस ग्वालियरबाट दिल्ली हिंडाउने योजनासाथ रजत जयन्ती कार्यक्रम समापन भएको थियो । त्यसका लागि अहिले नै एक लाख युवा तयार गर्ने र एक जना युवाले अरू १० जना तयार गर्ने योजना बनेको छ । त्यसका लागि छुट्टै समिति बनेको छ । सहयोग र ऐक्यबद्धताका लागि प्रवासी एकता परिषद् गठन भइसकेको रहेछ । एकता युरोप गठन भइसकेको रहेछ । अन्तर्राष्ट्रिय ऐक्यबद्धताका लागि इन्टरनेसनल इनिसिएटिभको गठन सबै महादेशमा भइसकेको रहेछ । यो आन्दोलनको नाम दिएको छ- 'जय जगत २०२०' अर्थात सन् २०२० मा दश लाख मानिस भूमि सुधारका लागि सडकमा हिँड्नेछन्, सडकमै खानेछन् र सडकमै सुत्नेछन् ।

अन्त्यमा, सङ्घर्ष, सम्वाद र नयाँ रचनाको आन्दोलन सँगै लैजाने उद्घोष, जोस र योजनाका साथ सबै सहभागी प्रयोग आश्रमबाट आफ्ना गाउँ, क्षेत्र र देश फर्के । नेपालमा चलिरहेका सामाजिक आन्दोलनहरूले पनि यसबाट धेरै सिक्न सक्छन्, चाहेमा । ✿



कल्पना कार्की

# महिला किसान सम्मेलन र बहसका विषय

महिला किसानले खेती किसानी र घरभित्र गर्ने काम गनिसाध्य न भनिसाध्य भनेझैं छ। तर तिनै महिला किसानको पहिचान भने श्रीमान्, ससुरासँग जोडिएर आउँछ। यही परिवेशमा रहेर केही वर्षयता सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालसँग सहकार्य गर्दै महिला किसानको पहिचान र भूस्वामित्वबारे सङ्गठिततवरले आवाज उठाउँदै आएको छ।

२०६६ सालको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा ११ दिनको पद यात्रा गरियो। दाङको तुलसीपुर, बाँकेको कोहलपुर र कञ्चनपुरको भीमदत्तनगरबाट सुरु गरिएको यो यात्रा कैलालीको टीकापुरमा गएर भूमिमा महिला अधिकार लिएरै छाड्ने प्रणका साथ समापन गरिएको थियो। त्यसलाई निरन्तरता दिँदै २०६७ सालको अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको सन्दर्भ पारेर एक हजार किसान महिला काठमाडौं उत्रेर आन्दोलन चर्काइयो।

यसरी भूमिमा महिला अधिकारका लागि आन्दोलनमार्फत निरन्तर दबाबपछि सरकारले २०६८/०६९ को बजेटमार्फत एक सय रूपियाँ तिरेपछि पतिको नाममा भएको घर जग्गामा पत्नीको समेत नाम हुनेगरी संयुक्त पुर्जा नीति ल्यायो। यस नीतिलाई कार्यान्वयनतर्फ लैजानका लागि आत्मनिर्भर केन्द्र, राष्ट्रिय र जिल्ला भूमि अधिकार मञ्चहरू र अन्य दर्जनौं संघसमूह सचेत तरिकाले संयुक्त पुर्जा अभियानमा क्रियाशील छन्। यतिबेला ३७ जिल्लामा संयुक्त पुर्जा आभियान जारी छ। हालसम्म २ हजार ७८ परिवारले ६६७.४६ हेक्टर क्षेत्रफलको जमिनमा संयुक्त पुर्जा बनाइसकेका छन्।

भूमिमा महिला अधिकार प्रथम राष्ट्रिय सम्मेलन २०६२ असोज ३ र ४ गते काठमाडौंमा र दोस्रो सम्मेलन २०६९ फागुन २० देखि २२ गतेसम्म चितवनको ठिमुरामा भएको थियो। मूलतः पहिलो सम्मेलनले भूमिमा महिला अधिकारको मुद्दालाई बहसमा ल्याउन र नीतिगत वकालतका लागि सहयोग पुग्यो। दोस्रो सम्मेलनले भूमिमा महिला अधिकारका लागि भएका सङ्घर्ष, संयुक्त पुर्जासम्बन्धी नीति र कार्यान्वयनको पक्षमा वकालत गर्न सक्ने अगुवाहरूको वैचारिक क्षमता बढाउन र संयुक्त पुर्जा अभियानलाई सशक्त बनाउन मद्दत पुगेको छ।

चितवनको भूमि अध्ययन घर, ठिमुरामा तेस्रो राष्ट्रिय किसान महिला सम्मेलन गत मङ्सिर १७ र १८ गते आयोजना भयो। सम्मेलनमा महिला किसानले भोग्नुपरिरहेको चुनौतीलाई कसरी समाधान गरेर अगाडि बढ्ने भन्ने विषयमा छलफल केन्द्रित भएको थियो। आगामी दिनमा महिला किसानको भूस्वामित्व र पहिचान बढाउनका लागि आन्तरिक र बाह्य दुवै क्षेत्रमा अधिकार दाबीको साथसाथमा उपयोग र निर्णय गर्ने क्षमता बढाएर लैजानका लागि महिला किसानको शक्ति बढाउने विषयमा छलफल भयो।

महिला किसानहरूले घरभित्र गर्ने कामको कुनै बाँडफाँट नै छैन। पुरुषले घरभित्रको काम गरिहाले पनि महिलालाई सहयोग हो भन्ने बुझिन्छ। समाजमा हुने बैठक, छलफलमा प्रायः पुरुष नै भाग लिन्छन्। महिलालाई पनि अगाडि बढाउनुपर्छ भन्ने आम सोच त आएको छ, तर घरभित्रको कामको बाँडफाँट नहुन्जेल यो सम्भव छैन। त्यसैले महिला किसानहरूले घरभित्रको काममा पुरुषहरूको पनि सहभागिता बढाउँदै लैजाने विषयमा छलफल भयो। यो आजको भोलि नै समाधान भइहाल्ने कुरा त हैन तर महिला किसानहरूले परिवारमा छोरा र छोरीलाई कर्तव्य र अधिकार बराबर दिने संस्कार विकास गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

सम्मेलनमा संयुक्त पुर्जा बनाएका जोडीहरू नै उपस्थित थिए। महिला र पुरुष दुवैले परिवारमा झनै मेलमिलाप र खुसी थपिएको सुनाएका थिए। संयुक्त पुर्जा अभियानमा महिला र पुरुष दुवैको सक्रिय भूमिका चाहिएको छ। महिला–पुरुष एक रथका दुई पाङ्ग्रा हुन् भन्ने भनाइले विस्तारै सार्थकता पाउँदै छ। अहोरात्र खट्ने महिला जमिनको मालिक हुनु स्वयम् महिलाका लागि मात्र नभई परिवार, समाज र राष्ट्रका लागि पनि हो भन्ने बुझाइलाई फराकिलो ढङ्गले बुझ्न र बुझाउनुपर्नेछ।

एकता परिषद् भारतबाट आएका प्रतिनिधिहरूले त्यहाँ जारी भूमि आन्दोलनको अनुभव र सिकाइ आदान-प्रदान गरे। भारत र नेपालका महिला किसानको अवस्था लगभग मिल्दो भएको र पहिचान र उत्पादनसँग जोड्न भूमिमा महिला-पुरुषको समान स्वामित्व हुनुपर्ने बताएका छन्। भारतमा ८१% जनता कृषिमा निर्भर छन्। यीमध्ये ४०% महिला किसान छन्। किसानलाई उच्च, मध्यम र साना गरी तीन तहमा वर्गीकरण गरिएको छ। उच्च वर्गसँग २० देखि ५० बिघा जमिन छ भने मध्यमसँग ५ देखि २५ बिघा र जो साना किसान छन् उनीहरूसँग थोरै मात्रामा जमिन छ। भूमिहीनको सङ्ख्या पनि धेरै छ। भारतमा असली किसानहरूचाहिँ भाडामा जमिन लिएर खेतीपाती गर्नुपरिरहेको अवस्था छ।

त्यसैगरी महिला अधिकार आन्दोलनका नेता उषाकला राईले महिला किसानको पहिचानको विषय नागरिकता र भूमिसँग सँग जोडिएको उल्लेख गर्नुभयो। सन्तानका लागि आमा सबैभन्दा नजिकको सम्बन्ध रहेकाले नागरिकताको कुरा गर्दा आमालाई कहिल्यै भुल्न हुँदैन भन्नुभयो। अधिवक्ता रीता मैनालीले महिला स्वयम् कमजोर हैनन्। कमजोर बनाइएको हो। मानिसलाई नभई नहुने

अधिकारहरू सम्पत्तिको अधिकार, पहिचानको अधिकार र निर्णयको अधिकारबाट वञ्चित गर्नुहुँदैन । व्यवहारमा महिला यी तीनवटै अधिकारबाट वञ्चित छन् । कानुनमा त छोराछोरीले अविभावकको सम्पत्तिमाथि जन्मसिद्ध बराबरी हक पाउने भनिएको छ तर व्यवहारमा लागु हुन सकेन ।

महिलाले अंशबाट, दाइजो, अपुताली, स्वआर्जन, दानबकस, मोहियानी हक आदि तरिकाबाट सम्पत्ति पाउँछन् । अभिभावकबाट छोरीका रूपमा जन्मसिद्ध पाउने सम्पत्तिको अधिकारको बहसलाई व्यावहारिकरूपमै कार्यान्वयनमा लैजानु अहिलेको आवश्यकता छ । अहिलेको कानुनमा भएको विभेद भनेको छोराले बिहे गर्नासाथ ऊ अंशियार हुने तर छोरीले बिहेपछि अंश नपाउने, हाम्रो लडाइँ यहीँनेर हो । महिलाको सम्पत्तिको कुरामा घरभित्रै विभेद छ । तसर्थ महिलाको लडाइँ घरबाटै सुरु गर्नुपर्छ ।

अगुवाहरूले लामो सङ्घर्षपछि सरकारले संयुक्त पुर्जाबारे नीतिगत व्यवस्था गरे पनि प्रक्रिया सरल नहुँदा अभियान प्रभावकारी बन्न नसकेकाले सरल कार्यविधि ल्याउन माग गरे । सम्मेलनमा भूमि सुधार तथा व्यवस्थापन विभागले एक वर्षअगाडिदेखि तयार गरेको संयुक्त पुर्जासम्बन्धी कार्यविधि पास हुन नसकेको गुनासो गरे । उक्त कार्यविधि जतिसक्दो छिटो पास भई कार्यान्वयनमा ल्याउनका लागि सम्मेलनका ३७ जिल्लाका सहभागीले हस्ताक्षर गरी भूमि सुधार तथा व्यवस्थापन विभागका महानिर्देशक रोहितकुमार भट्टराईलाई बुझाएका थिए ।

भूमिमा महिला अधिकारका लागि सरकारले बजेट नीतिमार्फत संयुक्त पुर्जा नीति र राजश्व छुटको व्यवस्था गरेको छ । यसले महिलाको भूस्वामित्व बढाउन मद्दत त गरेको छ तर यस नीतिलाई कानुनी हिसावले बलियो बनाउन बाँकी नै छ । संयुक्त पुर्जा र एकल स्वामित्वका लागि सरकारले कानुन नै बनाउनुपर्छ ।

घरभित्रको कामसँगै खेतीपातीमा महिला किसानले पुऱ्याएको योगदानका आधारमा पहिचान, भूमिमा पुरुषसरह अधिकार र सरकारी नीति, सेवा र सुविधा हुनुपर्ने विषयमा महिला किसानले जोड दिएका थिए । महिला किसानको हक अधिकारका लागि वकालत गर्ने धेरै अगुवा खाँचो छ । यस्ता अगुवाको वकालतीय सिप र क्षमता बढाउनका लागि गाउँ भेला, प्रशिक्षण, जिल्ला र क्षेत्रीय तहमा सम्मेलनहरू गर्ने योजना बनेको छ । यी सबै योजनालाई व्यावहारिकरूपमै कार्यान्वयनमा लैजाने सक्षम टिम पनि तयार भएको छ ।

नेपालको भूमिमा महिला अधिकार अभियान सफलताको शिखरतर्फ उन्मुख छ । दक्षिण एसियाली देशहरूसँग तुलना गरेर हेर्ने हो महिला किसानको भूस्वामित्वको हिसावले हामी अगाडि नै छौं । नेपालमा जम्मा १९.७१ प्रतिशत महिलाको भूस्वामित्व छ । पाकिस्तानमा महिलाको भूस्वामित्व ३ प्रतिशतमात्र छ भने एफएओको केही समयअघि गरेको एक अध्ययनअनुसार भारतमा भूमिमाथि स्वामित्व हुने महिला ९.५ प्रतिशतमात्र छन् । पाकिस्तान, बङ्गलादेशलगायत देशमा आज पनि महिला किसानहरू संयुक्त पुर्जाका लागि सङ्घर्ष गरिरहेका छन् । नेपालमा भूमिमा महिला अधिकार आन्दोलनमा हिजोका दिनहरूमा गरेको सङ्घर्षले मीठा फल पनि चखाइरहेको छ । महिला किसान अधिकारका लागि सुरु भएको यो अभियान निरन्तर चलिरहने छ । र, चल्नु पनि पर्छ ।

## क्षेत्रीय महिला किसान सम्मेलन भयो

'आधा पुरुष, आधा नारी जमिनमा हक बराबरी' मुल नाराका साथ क्षेत्रीय महिला किसान सम्मेलन सर्लाहीको हरिवनमा सम्पन्न भयो । चैत १६ र १७ दुई दिन भएको सम्मेलनमा बारा, रौतहट सर्लाही, महोत्तरी र धनुषाका एक सय ३५ महिला किसान सहभागी भए ।

### भूमिमा महिला अधिकारसम्बन्धी सर्लाही घोषणा-पत्र

- कृषि कर्म गर्ने भूमि अधिकारबाट वञ्चित महिला किसानहरू सङ्गठित भई गाउँ र जिल्ला तहमा भूमिमा महिला अधिकार सुनिश्चित गर्न दबाबमुलक अहिंसात्मक आन्दोलन गर्नेछौं ।
- सरकारले २०६८/०६९ को बजेट नीतिमा एक सय रूपियाँमा श्रीमान्-श्रीमतीको नाममा भएको घर जग्गामा श्रीमान्-श्रीमती दुवैको नाममा हुने गरी संयुक्त पुर्जा बनाउने नीति कार्यान्वयनको लागि हामी सबै जिल्लाका प्रतिनिधिहरूले आफ्नो परिवार र समुदायमा संयुक्त पुर्जा अभियान सुरु गर्नेछौं ।
- भूमिमा महिला किसानको अधिकार र सङ्गठनको नीति र आचारसहिंताअनुसार वार्षिक जिल्लागतरूपमा वैचारिक प्रशिक्षण सञ्चालन गरिनेछ । यस्ता प्रशिक्षणका माध्यमबाट महिला अगुवा निर्माण गरी उनीहरूको बृहत परिचालन गरिनेछ । विचारसहितको अगुवा कार्यकर्ता निर्माणमा जोड दिनेछौं ।
- संविधानमा भूमि सुधारको मुद्दा सुनिश्चित गर्नका लागि जिल्ला तहका राजनीतिक दललाई दबाब दिई माहोल सिर्जना गर्नेछौं ।
- कृषि कर्म गर्ने महिलाको कामलाई देशको अर्थतन्त्रसँग तुलना गरी सम्मानित जीवन यापनको लागि सुनिश्चित गरिनुपर्छ । जमिनलाई ऊर्वर र उत्पादनमुखी बनाउन सिँचाइ, प्रविधि, बाटो, मल, बीउलगायतका खेती गर्ने ज्ञान र सिपहरू अनिवार्य उपलब्ध गराउनुपर्दछ । महिलाको नाममा उपलब्ध जमिनको दिगो उपयोग गरी उत्पादन बढाउन मेहनतपूर्वक काम गर्ने प्रण गर्दछौं ।
- कृषि कार्यमा महिलाहरूले पुऱ्याएको योगदानको पहिचान गरी उनीहरूको जीविका, न्याय र खाद्य सुरक्षालाई सुनिश्चित गर्न जमिनको दर्ता महिला-पुरुष दुवैका नाममा हुनुपर्छ । यसका लागि हाल दिँदै आएको सहुलियतलाई अझै बढाउनुपर्छ । श्रीमान्को स्वामित्वमा रहेको जग्गामा श्रीमतीको स्वामित्व कायम गर्ने अनिवार्य कानुन सरकारले ल्याउनु पर्दछ ।
- महिला मानव हो । त्यसैले महिलालाई लैङ्गिक हिसावले गरिने भेदभावपूर्ण रूपले बन्द गरिनुपर्दछ । साथै समाजमा बढ्दै गएको महिला हिंसा र बलत्कारजस्ता जघन्य अपराध अन्त्यका लागि सरकारले कडा कानुन बनाई लागु गर्न जोडदार माग गर्दछ ।



बनिलाल थारु

# अहिंसात्मक आन्दोलन र सिकाइ

ज्ञान र सिपको विकास भोगाइ र अवलोकनले पनि दिन्छ। पढाई त छदैंछ। साथै चुनौतीपूर्ण सङ्घर्ष र असल अभ्यासमार्फत उपलब्धि चुमेका ठाउँको अवलोकन, अध्ययन र सिकाइको आदान-प्रदानले ज्ञान निर्माणमा ठूलो भूमिका खेल्ने रहेछ। अभियानको सिलसिलामा गत मङ्सिर २४ देखि पुस १ गते (१०–१६ डिसेम्बर) सम्म भारतको राजस्थानमा आयोजित अहिंसात्मक आन्दोलनबारे तालिम र भ्रमणबाट अभियानबारे धेरै बुझ्ने र सिक्ने अवसर पायौं।

एकता परिषद्को आयोजनामा भारतको राजस्थान प्रदेशको बाराँ जिल्लाको साहवाद भन्ने गाउँमा तालिम राखिएको थियो। ४ जना भूमि अधिकार कार्यकर्ता सहभागी थियौं। तालिम कोठामा मात्र सीमित थिएन, असल अभ्यास भइरहेका विभिन्न गाउँ सङ्गठनको भ्रमण पनि गराइ सिक्ने अवसर दिइएको थियो।

हामी रूपैडिहाबाट १७ घण्टाको यात्रा पार गर्दै दिल्ली पुग्यौं। पट्यारलाग्दो यात्रा भए पनि नयाँ ठाउँ, भिन्न समुदाय, फरक संरचनाको अवलोकन र नयाँ ज्ञान, सिप सिक्न पाउने आशाले यात्रालाई सहज बनायौं।

## ट्याक्सी चालकको ठगी

हाम्रो सम्पर्क व्यक्ति थिए विजय भारती। उनीसँग भेट भइनसकेकाले निजामुद्दिन रेलवे स्टेसन जाने निधो गर्‍यौं। दिल्ली आनन्द बिहार बसपार्क पुग्दा ट्याक्सीवालाहरूको घुइँचो थियो। स्थानीय परिवेश थाहा नभएपछि ठगीमा परियो। ट्याक्सीमा यात्रा गर्‍यौं। हामी नेपाली भन्ने थाहा पाएपछि ट्याक्सीवालाले भारु ६ सय रूपियाँ लियो। लाग्ने रहेछ मात्र २००। तालिम हुने ठाउँ दिल्लीदेखि ६ सय किमी टाढा दूरदराज गाउँ तर अति रमणीय। हाम्रो ठिमुरा जस्तै।

## फरक प्रस्तुतीकरण

डिसेम्बर १० देखि तालिम सुरु भयो। सो दिन मानव अधिकार दिवस परेछ। महात्मा गान्धी र भीमराव अम्वेडकरको तस्बिरमा माल्यार्पण गरी तालिम शुभारम्भ भयो।

प्राकृतिक स्रोत साधनको वितरण प्रणालीमा भएको विभेद विषयमा विचार विमर्श भयो। र, सहभागीलाई समानता, सामूहिकता र न्याय गरी तीन समूहमा बाडिँयो। (१) समानता छैन, समानता कसरी गर्ने। (२) सामूहिकतामा कमी छ, सामूहिकता कसरी बढाउने। (३) न्याय छैन, न्याय कसरी गर्ने ? यी विषयमा समूह कार्य गरियो। प्रस्तुतीकरण प्रक्रिया पनि भिन्नै। समूहबाटै एक जना सभामुख, २ जना समालोचक र १ जना सचेतक छनोट र प्रस्तुति। सभामुखले सञ्चालन गर्ने, सचेतकले समयको पालना गर्न लगाउने, समालोचकले प्रस्तुतिपछि सुझावसहित सङ्क्षेपीकरण गर्ने। समूह सदस्य सबै अगाडि उभिनैपर्ने। अर्थपूर्ण सहभागिताको उदाहरण हो रे त्यो। गजवको प्रस्तुति। सिकाइमूलक लाग्यो।

अभियानका लागि तागत, दबाब, एकजुटता र जागरुकता मुख्य आवश्यक तत्व हुन्छन्। सङ्गठन, राजनीति, जागरुकता र जनसहभागिता जस्ता विषयमा गहिरो छलफल भयो। हामी कुनै विषयमा छलफल गर्छौं। धेरै बुँदा निकाल्छौं। त्यही बुँदामै अलमलिन्छौं। कामभन्दा बढी छलफल गर्छौं। त्यसै समयको बर्बादी। तालिममा सिकाइएको यो प्रक्रियाले विषयवस्तुमा केन्द्रित हुन, त्यसको विश्लेषण गर्न, उद्देश्य प्रष्ट्याउन, आन्दोलनलाई सही दिशामा अघि बढाउन मद्दत गर्ने रहेछ। अनावश्यक विषयवस्तुमा विश्लेषण गर्ने र गफिने प्रवृत्ति निरुत्साहित गर्नुपर्ने महसुस भयो।

## गाउँ-गाउँमा जय जगत २०२०

बिच्छी गाउँ र खैरपुर बजङ्गगढको अवलोकन भ्रमण गर्ने अवसर मिल्यो। विच्छी गाउँ एकता परिषद्मा ११ जना सदस्य रहेछन्। छलफलमा ३२ जना उपस्थित थिए। सङ्गठित आन्दोलनपछि २० परिवारले १० कठ्ठाका दरले जमिन पाएका रहेछन्। बाँकी भूमिहीन पनि जमिनको हक लिन सङ्घर्ष गरिरहेका छन्। जय जगत २०२० का लागि उनीहरूले अहिलेदेखि नै मानामुठी सङ्कलन गरी बचत थालेका छन्।

अर्को गाउँ खैरपुर बजङ्गगढ। सहरिया आदिबासीहरूको परम्परागत पञ्चायत बसेको ठाउँ रहेछ। छलफलमा १२ गाउँ पञ्चायतका मुखिया उपस्थित थिए। उनीहरूले स्वागत र सम्मान गरे। गाउँ पञ्चायतमा भूमिहीन तथा गैरभूमिहीन पनि सहभागी हुन पाउने रहेछन्। उनीहरू सबै एकता परिषद्मा सङ्गठित छन्। पञ्चायत बैठकमा पनि भूमिको सवालमा छलफल र बहस हुने बताउँदै थिए। दुई सङ्गठनको भ्रमणबाट थाहा भयो- एक मुद्दा र एकरूपता भए अभियान सफल हुन्छ।

भारत एकता परिषद्ले जय जगतको शब्दोच्चारणपछि मात्र कामको शुभारम्भ गर्दोरहेछ। हामीले 'जय भूमि' भनेजस्तै। जय जगत २०२० का लागि एकता परिषद्ले ठूलो सहभागीका साथ यात्रा गर्दैछ। आगरादेखि दिल्लीसम्म १० लाख भूमिहीनको जनयात्रा हुँदैछ। अहिलेदेखि नै सबै सङ्गठन कोष सङ्कलनमा जुटेका छन्।

### धर्ना र अन्तरक्रियामा सहभागी

१४ डिसेम्बरका दिन बाराँ जिल्ला सदरमुकाममा अन्तरक्रिया भयो। जमिनमा आधारित अर्थव्यवस्था विषयक क्षेत्रीय अन्तरक्रियामा आन्दोलनको सिकाइ, चुनौती र अवसरबारे विमर्श भएको थियो। हाम्रा साथीहरू चन्द्रिका मगर र उद्धव अधिकारीले पनि त्यस अवसरमा भनाइ राखेका थिए। भूमि अधिकारको सवालमा फराकिलो हुनुपर्ने विज्ञहरूको सुझाव थियो।

१५ डिसेम्बरमा कलेक्टर (सिडिओ) को कार्यालयमा धर्ना दिने कार्यक्रम रहेछ। र्‍याली, जुलुससहितको धर्नामा १ हजार जति भूमिहीन सहभागी थिए र हामी पनि सहभागी भयौं। कलेक्टर कार्यालयमा २ घण्टा धर्ना दिइएको थियो। वन भूमि एवम् राजस्व भूमिको समस्या समाधान गर्न माग गर्दै पत्र बुझाइएको थियो। आकर्षक ब्यानर, प्रशस्त झण्डा, चोटिलो नारा र अनुशासित सहभागी। ऊर्जाशील आन्दोलन। भारत सरकारलाई दबाबमूलक सन्देश दिइरहेको थियो। कलेक्टरको आश्वासनपछि केही दिनका लागि आन्दोलन स्थगित भयो। हामी पनि ग्वालियरको ४६० किमिको दूरीतर्फ लाग्यौं।

### नमीठो अनुभव

१६ डिसेम्बरमा आगरामा सुन्दर ताजमहल घुम्ने उत्सुकतासाथ २० रूपियाँको टिकट लियौँ। द्वारपालेले परिचय माग्यो। हामी नेपाली थियौँ। उसले फर्काइदियो। विदेशीका लागि ५०० रूपियाँ लाग्ने रहेछ। ताजमहल हेर्ने धोको अधुरै रह्यो।

१७ डिसेम्बरका दिन बिहानै साथी श्रीनारायण चौधरीको आमाको मृत्यु भएको सन्देश आयो। स्तब्ध भयौं। आत्मनिर्भर केन्द्रका निर्देशक जगत देउजासँग सम्पर्क गर्‍यौं। जहाजमा फर्किने चाँजो मिल्यो। फेरि अर्को झमेला। श्रीनारायणसँग नागरिकता रहेनछ र पविनाको थर फरक परेछ। एयरपोर्टमा झमेलामा पर्‍यौँ। १ बजे दिउसो जहाज छुट्नै लागेको थियो श्रीनारायणको त बल्ल बल्ल मिल्यो तर पविनालाई छाडेर हामी उड्यौं। हिन्दी भाषा बोल्न नजान्ने पविनालाई अन्जान ठाउँमा छाडेर हिँड्नुपर्दाको क्षण नमीठो लाग्यो। ✿



माधव ढकाल

# फेलोसिप तालिम : सिकाइ र उपयोग

साझेदार संस्थामा कार्यरत सामाजिक परिचालक, अभियानकर्ता र अधिकारकर्मीहरूलाई ज्ञान, सिप र क्षमता बढाउनका लागि एक्सनएड नेपालले सञ्चालन गरेको 'फेलोसिप' तालिममा १८ देखि ३५ वर्ष उमेर समूहका १०० सामाजिक विकास सहजकर्ताहरू सहभागी थिए।

एक/एक हप्ताका दरले विभिन्न चरणमा आयोजना गरिएको तालिम ८ दखि १० वटा मोडेलका आधारमा ४ देखि ५ वटा कोर्स डिजाइन गरी दिइएको थियो। फेलोसिप तालिममा सैद्धान्तिक ज्ञानका अतिरिक्त कम्प्युटरसम्बन्धी ज्ञान र अन्य विभिन्न व्यावहारीक ज्ञान पनि दिइएको थियो। एक्सन एड नेपालले १ जुलाई २०१३ देखि १ वर्षसम्म यो फेलोसिप तालिम सञ्चालन गरेको थियो।

सामुदायिक विकास सहजकर्ता (फेलो) एउटा कोर्सको तालिम प्राप्त गरिसकेपछि २ देखि ३ महिनासम्म आ-आफ्नो कार्यक्षेत्रमा गएर सिकेका ज्ञान तथा सिपलाई व्यावहारिकरूपमा प्रयोग गर्नुपर्ने थियो। त्यसपछि अर्को कोर्सका लागि तालिममा आउँदा जिम्मेवारीअनुसारको कार्य भए/नभएको हेर्न समीक्षा हुन्थ्यो। र, समीक्षाबाटै एक–अर्कामा सिकाइ आदान–प्रदान पनि हुन्थ्यो। मसँग काम गर्दै सिक्दै गरेको केही व्यावहारिक ज्ञान पनि थियो। यस तालिमबाट धेरै सैद्धान्तिक ज्ञान तथा सिकाइ थपिएको छ। मेरो सिकाइ अरूका लागि सिकाइ नहुन सक्छ तर पनि यसले एक पटक पुनर्ताजगी भने अवश्य गर्छ भन्ने लागेको छ।

### केही सिकाइ

- मानिस सम्बन्ध नै सम्बन्धले जेलिएको प्राणी हो। सम्बन्ध बिग्रिएपछि समस्या आउँदो रहेछ।
- परिवेश विश्लेषणबिनाको सङ्गठनको समस्या समधान गर्न सकिँदैन। रोग नचिनी उपचार गर्नु खतरा हुन्छ। त्यसैले परिवेश विश्लेषण नगरी गरिएको अभियानले उपलब्धि दिँदैन।
- आन्दोलन लामो हुँदा सवालले अर्को रूप लिन सक्छ। हिजो जग्गा प्राप्त भए हुन्थ्यो। तर आज खान नपुग्ने भयो। गुठी, मोही, सुकुमबासीहरूको मात्र सहभागी नभएर खेती गर्ने सबै किसानलाई भूमि अधिकार मञ्चको सदस्य बनाई मञ्चमा सङ्गठित गर्दै लानुपर्ने रहेछ।
- सङ्गठनमा सामूहिक शक्ति छ। दरिलो सङ्गठन भएको ठाउँमा मात्र विजय प्राप्त गर्न सहज हुन्छ। असल सङ्गठन नै विजयको एक आधार हो।
- सहजकर्ताले आफैँ पहिला बोल्ने र आफैँ निर्णय गरिदिँदा सङ्गठन परनिर्भर बन्दै जान्छ। यसैले सदस्यलाई पहिला बोल्ने अवसर दिनुपर्छ। उनीहरूको भनाइ सकिएपछि मात्र सहजकर्ताले बोल्नुपर्छ। सङ्गठनले गर्न सक्ने काम सहजकर्ताले गर्नुहुँदैन। नसक्ने काममात्र अभियानकर्ताले गर्ने हो।
- भूमि अधिकार मञ्चले राजनीति गर्छ। यो राजनीति किसानले अधिकार पाउनुमा केन्द्रित छ। भूमिहीनलाई भूमिको मालिक बनाउन केन्द्रित छ

र सामाजिक न्यायमा केन्द्रित छ तर राजनीतिक दलको सत्ता प्राप्तिमा जस्तो केन्द्रित छैन ।

- आफूभित्रको फोहोरी कुरा ननिकाली बाहिरी आन्दोलन गरेर परिवर्तन गर्न सकिँदैन । अभियानकर्मीहरू मोहीको कुरा गर्ने तर आफू साहू बनेर मोही किसानको शोषण गर्ने । महिला अधिकार र महिला हिंसा अन्त्यको कुरा गर्ने आफैं त्यस्तो क्रियाकलापमा संलग्न हुने । यी कुरामा पहिला अभियानकर्मीले सुधार गरेरमात्र आन्दोलन गर्नुपर्छ ।
- अधिकारवालामा शक्ति छ । शक्ति हुनेसँग सम्बन्ध विस्तार गरेर अभियान तथा आन्दोलन गर्दा सफलता प्राप्त गर्न सकिन्छ ।
- जग्गाधनी र किसानबीच सम्वाद हुनुपर्छ । कसैलाई विरोधी बनाएर गरिएको आन्दोलन सफल हुँदैन । सङ्गठनको बैठकमा यो कुराको वातावरण सहजकर्ताले तयार पर्नुपर्छ ।
- मानव अधिकारको विषयमा सङ्गठनका सबै सदस्यलाई जानकारी गराउनुपर्छ । मानव अधिकारको हिसाबले पनि भूमिलगायत अन्य अधिकार दाबी गर्दा अधिकार र न्याय पाउने सम्भावना बढी हुन्छ ।
- सूचनाको हकबारे सबै सहजकर्ता र गाउँ मञ्चका अगुवालाई जानकारी दिनुपर्छ । हामीले हचुवाको भरमा होइन, तथ्याङ्कमा आधारित भएरमात्र बोल्नुपर्छ र यसका आधारमा मात्र अभियान सञ्चालन गर्नुपर्ने रहेछ ।

फेलो तालिमको अवसरमा कम्प्युटरसम्बन्धी विभिन्न ज्ञान लिने अवसर पनि पाइयो । यसले पनि अभियानका गतिविधि अभिलेखीकरण, घटना अध्ययन लेखन, पाठकपत्र तथा लेख र अनुभूति लेखनका लागि सहज बनाएको छ । सहजकर्तामा कम्प्युटरसम्बन्धी सिप अनिवार्य हुनुपर्ने रहेछ । समयअनुसार चल्न सकिएन भने पछि परिन्छ । फेलो तालिमपछि अभियान, आन्दोलन उठाउने सिप, बैठक चलाउने सिप, सूचनाको प्रयोगसम्बन्धी सिप, कानुनी अधिकार प्रयोगसम्बन्धी सिपलगायत धेरै विषयमा ज्ञान बढेको छ । यी ज्ञानको प्रयोगले सङ्गठन र अभियानलाई अझ अघि बढाउन मद्दत पुग्ने देखेको छु । ✿



**गीता शिवा**


# फेलोसिप ज्ञान बढाएको छ

भूमि अधिकार अभियान मोरङमा लामो समयदेखि अभियानकर्ताका रूपमा क्रियाशील छु । यही नाताले मैलेपनि एक्सन एड नेपालको आयोजनामा लोकतन्त्र मजबुतीका लागि फेलोसिप परियोजनाअन्तरगत लामो तालिममा सहभागी हुने अवसर मिल्यो ।

> **हामीले आगामी दिनमा कस्तो बाटो हिंड्यौ भने साँच्चै आफू पनि सफल हुन्छौं र भूमिहीन, सुकुमबासी, साना किसान र महिला किसानले पनि अधिकार पाउँछन् भन्ने विषयमा धेरै ज्ञान दिएको छ ।**

तालिममा सामाजिक विश्लेषण र मानव अधिकारमुखी विकास पद्धति जस्ता विषयमा सहजीकरण गराइएको थियो । पहिले लाग्थ्यो- 'धनी-गरिब कर्मको खेल हो' तर जब मैले सामाजिक विश्लेषण र मानव अधिकारमुखी पद्धतिको तालिम लिएँ, थाहा भयो कि यो त 'वर्गीय खाडल' पो रहेछ । हाम्रो समाजमा मेहनत र श्रम जतिसुकै गरे पनि राज्यका माथिल्ला निकायमा आफ्नो समुदायका मानिसको पहुँच नहुँदा सधैँ पछि पर्नुपर्ने रहेछ । देशमा ठूला-ठूला परिवर्तन भए तापनि हाम्रो समाज अझै पनि रुढिवादी सोचमै छ । गरिब र धनीबीच धेरै अन्तर छ । भूमिहीनहरू लामो समयदेखि भूमिको अधिकार लिन सङ्घर्ष गरिरहेका छन् । तालिमले अन्यायविरुद्ध लड्न र सङ्घर्ष गर्न धेरै शक्ति बढेको छ । र, हामीले गरिरहेको अभियान, काम, हाम्रो जिम्मेवारी र भूमिकाहरूलाई पनि पुनर्ताजगी गराउन मद्दत गऱ्यो । हामीले आगामी दिनमा कस्तो बाटो हिंड्यौ भने साँच्चै आफू पनि सफल हुन्छौं र भूमिहीन, सुकुमबासी, साना किसान र महिला किसानले पनि अधिकार पाउँछन् भन्ने विषयमा धेरै ज्ञान दिएको छ । तालिमबाट भूमि अधिकार अभियान, मानव अधिकार, अधिकारमुखी अवधारणाबारे धेरै ज्ञान लिने मौका पायौं भन्ने लागेको छ । जुन ज्ञान हाम्रो भूमि अधिकार अभियानमा उपयोगमा ल्याउनका लागि अभ्यास पनि गरिरहेकी छु ।

राज्यको कानुन बनाउने राजनीतिक दलका प्रतिनिधि, सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरूसँग छलफल बहस सुरु गरेकी छु । महिला, दलित, गरिब पछाडि पर्नुको मुख्य कारण राज्यको असमान कानुन र भूमिको वितरण प्रणाली रहेछ भन्ने महसुस पनि हुँदै गएको छ । यसैले समानताका लागि आवाज उठाउन थालेकी छु । तालिमपछि हामी जस्ता युवा मौन बस्ने होइन, समाजको कुसंस्कार र कुविचार चिर्दै अघि बढ्नुपर्छ भन्ने शक्ति बढेको छ । ✿



रिता बरामु

# फ्याक्ट विधि : एक जानकारी

गत फागुन २१ देखि २४ गतेसम्म इलाममा केन्द्रीय चिया सहकारी सङ्घ, इलाम र एग्रितेरा नेदरल्यान्डको संयुक्त आयोजनामा भएको फ्याक्ट कार्यशाला गोष्ठीमा सहभागी हुने अवसर पाएको थिएँ। उक्त कार्याशालामा सहभागी भई फ्याक्टसम्बन्धी विषयमा सिकेका केही सिकाइ तथा जानकारी यहाँ उल्लेख गर्ने जमर्को गरेकी छु।

किसानको अधिकार पैरवी गर्नका लागि परामर्शसम्बन्धी औजारलाई नै छोटकरीमा फ्याक्ट विधि भनिन्छ। फ्याक्ट विधि कुनै पनि सङ्गठनको प्रस्तावना, रणनीतिक योजना, अडानपत्र आदिको निर्माणमा प्रयोग गरिन्छ। खासगरी यो विधि सङ्गठनका सदस्यहरूसँगको छलफल र विज्ञहरूको परामर्श दुवैको योगमा आधारित हुन्छ। यसका १) सदस्यहरूसँगको परामर्श २) सहभागितात्मक अनुसन्धान ३) प्रस्तावना लेखन र ४) पैरवी नक्शाङ्कन तथा सरोकारवालाको विश्लेषण चरण छन्।

किसान सङ्गठनहरूले प्रस्तावना तयार गरी पेश गर्दासम्म यी चारवटा चरण पार गर्दै जानुपर्छ। यसरी तयार गरिएको प्रस्तावना राम्रो हुन्छ र सम्बन्धित निकायले पनि त्यसलाई अनुमोदन गराउन मन पराउँछन्।

**सदस्यहरूसँग परामर्शः** कुनै पनि प्रस्तावना तयार गर्दा सदस्यहरूसँग परामर्श अनिवार्य गरिनुपर्छ। यसलाई नै पहिलो कामका रूपमा लिइनुपर्छ। यसले प्रस्तावनाका लागि आवश्यक पर्ने विषयवस्तुको पहिचान गर्न, तथ्याङ्क सङ्कलन गर्न, पृष्ठपोषण लिन, प्रस्तावनाको वैधता कायम गराउन र सोप्रति सदस्यहरूको अपनत्व बढाउन मद्दत गर्छ। परामर्श केका लागि कसलाई (लक्षित समूह), कहिले (निश्चित समय), कसरी (तोकिएको विधि र पद्धति) भन्ने आदि पूर्व निर्धारित हुनुपर्छ। परामर्शपश्चात कार्यसमितिले सदस्यहरूबाट आएको राय/सुझावको रेकर्डसमेत राख्नुपर्छ।

**सहभागितात्मक अनुसन्धानः** तथ्याङ्कमा आधारित प्रस्तावना तयार गर्दा त्यसले आफ्नो वैधानिकतालाई थप बल मिल्ने हुँदा तथ्याङ्क सङ्कलनका लागि सहभागितात्मक अनुसन्धान कार्यविधि प्रयोग गरिन्छ। सहभागितात्मक अनुसन्धानमा पहिलो तथ्याङ्क सङ्कलनका लागि विज्ञहरूद्वारा विधि परिभाषित गरिन्छ। यहाँ विज्ञ भन्नाले स्थानीयस्तरमै उपलब्ध र आफ्नै सङ्गठनका जानकार व्यक्ति (अगुवा)हरूलाई पनि लिन सकिन्छ। यसमा प्रश्नोत्तर, अन्तर्वार्ता आदि विधि प्रयोग गरिन्छ। त्यसपछि तथ्याङ्क सङ्कलन गरी पुनः विशेषज्ञहरूबाट सो तथ्याङ्कको अध्ययन गरिन्छ र स्थानीय आवश्यकता पहिचान गर्दै के प्रस्ताव गर्ने भनी विषय परिभाषित गरिन्छ। उक्त मस्यौदामाथि सदस्यहरूको पृष्ठपोषण ग्रहण गरेपछि मात्रै अन्तिम पटक विषय परिभाषित गरी प्रस्तावना निर्माण कार्य सम्पन्न गरिन्छ।

**स्मार्ट प्रस्तावना लेखनः** फ्याक्ट विधिअनुसार हामीले तयार गर्ने कुनै पनि प्रस्तावना स्मार्ट हुनुपर्छ। अर्थात् उक्त प्रस्तावना विशिष्ट, मापनयोग्य, प्राप्त गर्न सकिने, व्यावहारिक र निश्चित समयावधि समेट्नेखालको हुनुपर्छ। फ्याक्ट विधिले प्रस्तावना लेखन कसरी गर्ने भनी विस्तृत जानकारीहरू सिकाउँदैन तर यसले प्रस्तावना तयार पार्नका लागि चाहिने आधारभूत सूचना र त्यसलाई स्वीकृत गराउन आवश्यक रणनीतिहरूका बारे भने उचित जानकारी दिन्छ।

**पैरवी नक्शाङ्कन तथा सरोकारवालाको विश्लेषणः** प्रस्तावनालाई सम्बन्धित निकायबाट कसरी स्वीकृत गराउने हो यस चरणमा छलफल हुन्छ। त्यसका लागि सरोकारवालाहरूको विश्लेषण गर्दै बहस पैरवी नक्शाङ्कन गर्नुपर्ने हुन्छ। सरोकारवालाको विश्लेषण गर्दा किसान सङ्गठनले एक प्रकारको पैरवी नक्शाङ्कन कार्य सम्पन्न गर्छ। जसमा प्रस्तावना पेश गरी कार्यक्रम लागु गर्न सहयोगी जुनसुकै व्यक्ति, सङ्घ/संस्था अदिको वर्गीकरण गर्दै चित्र (नक्शा) तयार गरिन्छ। नक्शाभित्र कृषि, भूमि सुधार कार्यालयदेखि स्थानीय प्रशासन, गैरसरकारी संस्था र राजनीतिक दलका नेताहरूसमेतको नाम समेटिएको हुन्छ जसले पेश गरिएको प्रस्तावनालाई पास गराउन धेरै/थोरै भूमिका खेलिरहेको वा खेल्न सक्ने हुन्छ।

मुख्यतः पैरवी नक्शाङ्कनमा इच्छा र शक्तिका आधारमा सरोकारवालाई वर्गीकरण गरिन्छ। प्रस्तावना पास गराउन इच्छा र शक्ति दुवै भएका सरोकारवालाहरूलाई विशेष ध्यान दिएर नजिक रही काम गर्नु फ्याक्ट विधिको ध्येय हो। त्यस्तै इच्छा र शक्ति दुवै कम भएका सरोकारवालाहरूको व्यवहार अनुगमन गर्नुपर्ने हुन्छ। अनुगमनको खास उद्देश्य त्यस्ता सरोकारवालाले प्रस्तावना स्वीकृतिमा नकारात्मक प्रभाव नपारुन् भन्ने हुन्छ। त्यस्तै इच्छा कम तर शक्ति ज्यादा भएका सरोकारवालालाई सन्तुष्ट राख्नुपर्ने र इच्छा बढी तर शक्ति कम भएका सरोकारवालालाई भने सुसूचित राख्नुपर्ने फ्याक्ट विधिको अर्को ध्येय हो।

अतः फ्याक्ट विधिलाई उपयोग गरी प्रस्तावना पेश गर्दै सोको कार्यान्वयन गराउन सकेको खण्डमा आफ्ना स्थानीय स्रोत साधन परिचालन हुने, सहभागितामूलक सिकाइ पद्धतिको विकास हुने र गाउँ तथा जिल्ला मञ्चहरूमा केन्द्रसँगको परनिर्भरताभन्दा आफ्नो स्वायत्तता कायम हुने कुरामा यो विधि उपयोगी हुने देखिन्छ।



शैलेन्द्र राई

# हम लोग दिल्ली आ रहे है

घर, कार्यालय, जिल्ला र देश छाडेर एक महिनाको यात्रा । यात्रा थियो अहिंसाको । सुनसरीबाट वीरगञ्ज जहाँ भेट्नु थियो अरू चार जना भूमि अभियानकर्मी साथीहरू । २०१४ अगस्ट ३० मा वीरगञ्जमा पुगियो । तीन दिन, तीन रातको रेलको यात्रा गर्नु थियो । खाना कस्तो पाइने हो रेलमा ? अन्यौल । त्यसैले मन पर्ने वाइवाइ र साथमा चिउरा भुजा, पोको पारियो र भोलिपल्ट रक्सौलबाट सुरु भयो- अहिंसात्मक यात्रा ।

रेलको यात्रा । बस्न मन लागेन । ढोका छेउमा उभिएर हेर्न पाइने मनोरम दृश्य र जोडले चल्ने हावा नै प्यारो थियो । एकै छिनमा गाउँ, एकै छिनमा सहर, एकैछिनमा खेतको हरियाली, एकै छिनमा उजाड डाँडाहरू । रेलको सिटभन्दा ढोका नै प्यारो भयो । हामी भूमि अधिकारकर्मी बालीनाली, खेत, माटो र उब्जनीको कुरा गर्दै पुग्यौं कलकत्ता । त्यसपछिको यात्रा तामिलनाडुको मधुराई ।

शशी सेन्टर जहाँ हामी सात दिन बस्नु थियो, सफा भान्सा, तालिम हल, सुत्ने कोठा र चारैतिर निमका रुख । मौसम थियो गर्मी तर रुखको छहारीमा बस्दा शीतलको अनुभव लियौं । हामी जस्तै अन्य मुलुकका युवा सहभागी पनि आएका रहेछन् ।

पहिलो दिन परिचयात्मक कार्यक्रममा थाहा भयो, भाषा कहिले पनि ज्ञानको बाधक हुन सक्तैन । हामी अलिअलि अङ्ग्रेजी बोल्न जान्ने तर ब्राजिल, ग्वाटेमाला र अन्य मुलुकका सहभागीलाई त त्यति पनि नआउने । उनीहरू स्पेनिस र पोर्चुगल भाषा बोल्थे । यसले अझ दृढ भएर अहिंसात्मक आन्दोलनबारे जान्ने/बुझ्ने हौसला प्रदान गर्‍यो ।

अहिंसात्मक शिक्षा, अहिंसात्मक संस्कृति, अहिंसात्मक अर्थतन्त्र र अहिंसात्मक वकालतभित्र रहेर विभिन्न सत्रमा सहभागी भयौं । यहीँबाट थाहा भयो कि हाम्रो शिक्षा प्रणाली, संस्कृति, चाडपर्व, भाषा, आर्थिक गतिविधि र हामी आफैंले सुरु गरेको भूमि अधिकार आन्दोलनमा पनि हिंसामा केही अवशेष लुकेर बसेको छ ।

महात्मा गान्धीको अहिंसात्मक आन्दोलनबाट प्रेरित भएर एकता परिषद्ले अहिंसात्मक किसान आन्दोलन सुरु गरेको पच्चीस वर्ष पुग्न लागेछ । हामी भर्खरै दश वर्षको दौरानमा छौं । त्यहाँको वातावरण, सिकाइ र प्रशिक्षकहरूको अनुभूति जान्ने मौका पाउँदा आन्दोलनबाट विचलित नभई निरन्तर अघि बढ्न हौसला मिल्यो । मनमनै अठोट गरियो- हाम्रो भूमि अधिकार आन्दोलनलाई अहिंसात्मकरूपमा अघि बढाउने छौं र आन्दोलनबाट टाढा जाने छैनौं । हरेक दिन बिहानीको श्रम शिविर, प्रार्थना, जय जगत गीतको अर्थ बुझेपछि अनुशासन र धैर्यको महत्व झन स्पष्ट भयो । अहिंसालाई आन्दोलनको औजार मात्र हैन जीवन जिउने एउटा पद्धतिका रूपमा विकास गर्ने अठोट पनि लियौं ।

'म मेरो गरिबी त एक दिन हटाउँछु नै तर तिम्रो गरिबहरूलाई शोषण गर्ने बानीको पनि अन्त्य गर्नेछु, किनकि म लड्छु र जित्छु पनि ।' यो भनाइ फिल्ड भम्रणका क्रममा एक जना किसानले भनेका हुन् । जुन ज्यादै मार्मिक लाग्यो ।

आन्दोलनमा अधिकार पाएरमात्र हुँदैन, अधिकार हनन् गर्ने, अरूलाई शोषण र पीडा दिने व्यक्ति र सरकारको पनि विचार परिवर्तन गर्न आवश्यक छ । ताकि यो समस्याको अन्त्य दीर्घकालीनरूपमा होस् । फिल्ड भ्रमणका क्रममा सरकारबाट, राष्ट्रिय निकुञ्जबाट र सिँचाइबाट विस्थापित भएका किसान र सुकुमबासीहरूसँग छलफल गरेका थियौं ।

ती सबैको एकता परिषद्प्रति श्रद्धा र आन्दोलनप्रति प्रतिबद्ध अठोट थियो । अनुशासन र धैर्यका यी ज्वलन्त उदाहरण थिए । सबै लाइन लागेर बस्ने, नारा लगाउँदा आन्दोलनप्रतिको विश्वास अनुहारमा देखिन्थ्यो । बोल्नमा सबै अगाडि तर हात उठाएर पालैपालो बोल्ने । अहिंसात्मक आन्दोलनको अनुभव सुनाउँदै एक जना महिलाले भनिन्- 'हामीलाई विस्थापित गर्ने क्रममा आन्दोलन गर्‍यौं, प्रहरीले हाम्रा श्रीमान्‌हरूलाई पक्रेर लग्यो । हामीले घरमा रोटी बनायौं र प्रहरी चौकीको टेबुलमा लगेर थुपार्‍यौं । प्रहरीहरूले यो के गरेको भने । हामीले भन्यौं यो श्रीमान्‌का लागि बनाएका थियौं, तपाईंहरूले हाम्रो श्रीमान्‌लाई पक्राउ गर्नुभयो । यत्रो रोटी खेर जाने भयो । त्यसैले यहाँ थुपारेको । प्रहरीले हाम्रो विरोध गर्ने आशय बुझे र तीन दिनपछि श्रीमान्‌हरूलाई छाडिदिए । हाम्रो जीत भयो ।

समूहमा विभाजित भएको पाँच दिनपछि हामी पुनः आ-आफ्नो सिकाइ र अनुभव लिएर कटनी क्याम्पमा भेला भयौं । यस क्याम्पमा हामीसँगै एकता परिषद्का सयभन्दा बढी अगुवा पनि थिए । सबैले फिल्ड भ्रमणका अनुभव आदान-प्रदान गरे । एकता परिषद्का अगुवाले आ-आफ्नो राज्यमा कसरी भूमि अधिकार आन्दोलन अगाडि बढाइरहेका छन् भन्ने कुरा पनि बताएका थिए । त्यहाँका अगुवा सांस्कृतिक कार्यक्रम गर्न पोख्त रहेछन् । आन्दोलनका गीत तुरुन्त बनाउन र मीठो स्वरमा गाउने कला । अझ पोख्त थिइन् झाँसीकी रानी । 'हम लोग दिल्ली आ रहे है, मोदीजी अभी से घबूरा रहे हैं' बोलको गीत रानीले गाउँदा ताली नपिट्ने कोही भएन ।

तालिममा सिकेका विषयवस्तुमा अन्तिम दुई दिन हामी अन्तर्राष्ट्रिय सहभागीले भोपालमा आएर समीक्षा गर्‍यौं । समीक्षामा आफूलाई अहिंसात्मक आन्दोलनको बीउ बनाएर संसारभर छर्न सफल एकता परिषद्लाई सबैले धन्यवाद दिए । तालिम अवधिभर हामीलाई अहिंसात्मक आन्दोलन सिकाइमा उत्प्रेरणा दिने एकता परिषद्का राजगोपाल, जील, विजय, अनिश, अजय, बद्री र सम्पूर्ण टिमलाई धन्यवाद । यी सिकाइ हाम्रो भूमि अधिकार अभियानमा उपयोगमा ल्याउने छौं ।

# सङ्गठन र कार्यकर्ता क्रियाशील भए आन्दोलन सफल हुन्छ



**ल्यामबहादुर दर्जी**, अध्यक्ष
राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

विक्रम संवत् २०२४ मा पर्वतको खानीगाउँमा जन्मिएका ल्यामबहादुर दर्जी लामो समयदेखि अधिकारको आन्दोलनमा क्रियाशील हुनुहुन्छ। आन्दोलनका क्रममा विभिन्न जिम्मेवारीमा रही सक्रिय भूमिका निर्वाह गर्दै आउनुभएका दर्जी १०–१२ फागुन, २०७१ मा कञ्चनपुरमा भएको चौथो राष्ट्रिय सम्मेलनबाट राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको अध्यक्ष पदमा निर्वाचित हुनुभएको छ। प्रस्तुत छ अध्यक्ष दर्जीसँग गरिएको कुराकानीको महत्वपूर्ण अंश :

**अध्यक्ष पदमा निर्वाचित हुनुभयो। कस्तो अनुभूति भइरहेको छ ?**

अहिलेसम्मको मेहनत, सङ्गठन र आन्दोलनप्रतिको लगाव र सदस्यहरूको मायाले यो जिम्मेवारीमा पुगेको अनुभूति गरेको छु। यति ठूलो आन्दोलनको जिम्मेवारी म एक्लै पूरा गर्न सक्दिन। सबै सदस्यको साथ र सहयोग सदैव आवश्यक हुनेछ। ठूलो जिम्मेवारी छ। सबै मिलेर पुरा गर्ने विश्वास लिएको छु। आन्दोलनका साथीहरूको विश्वासलाई खेर जान दिन्न।

**लामो समय आन्दोलनमा हुनुहन्छ, केले प्रेरणा दियो ?**

हली र बालीघरे प्रथामा धेरै समय बित्यो। अहिले पनि अरूको जमिन जोतिरहेको छु। तर स्वामित्व छैन। म जस्तै भूमिको अधिकारबाट वञ्चित धेरै छन्। अन्न उब्जाएर एक पेट खान नपाउनेहरू हामीकहाँ धेरै छन्। हामी भूमिहीनको सामाजिक न्यायका लागि लडिरहेका छौं। यो एक वर्गीय मुद्दा हो। सबैले यो मुद्दा उठाउँछन् तर निष्कर्षमा पुऱ्याउँदैनन्। हामी परिवर्तनको पक्षमा छौं। परिवर्तन गर्ने माध्यम हामी पीडित–पीडित आफैं सङ्गठित हुने हो। यसमा ठूलो शक्ति पनि हुन्छ। मेरो आफ्नो जस्तै पीडा भोग्ने लाखौं छन् त्यही पीडा मत्थर पार्न आन्दोलनमा सङ्गठित भएको हुँ। यस अर्थमा मेरै जिन्दगी, भोगाई र आन्दोलनका सदस्यहरूको उत्साह र विश्वास नै प्रेरणाको स्रोत बनेको छ।

**तपाईंको आगामी प्राथमिकता के के हुनेछन् ?**

यतिबेलाको मुख्य प्राथमिकता नयाँ संविधानमा भूमि सुधारको मुद्दा स्थापित गराउनु हुनेछ। यदि नयाँ संविधानमा भूमि सुधारको मुद्दा लेखियो भने भूमिसम्बन्धी धेरै सवाल समाधान हुनेछ। अभियानलाई उचाइमा पुऱ्याएर भूमिको अधिकारबाट वञ्चितलाई अधिकार दिलाउनु यो आन्दोलनको मुख्य ध्येय हो। यही मर्मलाई केन्द्रविन्दुमा राखेर अघि बढ्नेछौं। साङ्गठानिक सुदृढीकरण, सदस्यता वितरण तथा नवीकरण, गाउँ मञ्च सवलीकरण अन्य प्रमुख कार्य छन्। हरेक सङ्गठनमा भूमि किताब र आफ्नो योजना अनिवार्य हुनैपर्छ। स्थानीयदेखि राष्ट्रिय तहसम्मको संस्थागत विकासलाई बलियो बनाउनुपर्नेछ। आन्दोलनमा साङ्गठनिक शक्ति बलियो हुनु जरुरी छ।

हरेक जिल्ला मञ्चको सम्मेलन, जिल्ला परिषद्, आन्दोलन कोष सङ्कलन बढाउने, आफ्नै भूमि घर निर्माण, क्रियाशील अगुवा पङ्क्ति र आचारसंहिताको पूर्ण पालना गर्ने विषयलाई प्राथमिकतासाथ अघि बढाउनेछौं। अगुवाहरूको क्षमता विकास, सूचना र ज्ञानको प्रसार, स्थानीय स्रोत अधिकतम उपयोग गर्ने र सङ्गठनलाई क्रियाशील बनाउनेछौं। ज्ञान, सिपबिनाको सङ्गठनले विचार निर्माण गर्न सक्दैन। विचारबिनाको सङ्गठन दिगो हुँदैन। यसैले कार्यकर्तामा पनि ज्ञान, सिप, अध्ययन र लेखनलाई बढाएर लैजान पहल गर्नेछौं।

राष्ट्रिय मञ्च आफ्नै स्रोतबाट चलाउन सकियो भने अभियानमा सहयोग गर्नेहरू आफैं आउनेछन्। ठिमुरामा व्यवस्थित तालिम केन्द्रको विकास र आयआर्जन बढाउन व्यवसाय पनि थाल्नेछौं र वार्षिक ५ लाख रूपियाँ मञ्चको आन्दोलन कोषमा रहने गरी योजना बनाइ अघि बढ्नेछौं। अभियान या आन्दोलन भन्नेबित्तिकै सानो काम होइन। जनमास भएरमात्र पुग्दैन, सँगै आर्थिक स्रोत पनि चाहिन्छ। प्राविधिक सहयोग पनि आवश्यक हुन्छ। यसका लागि भूमि अधिकार मञ्चको संस्थापक संस्था आत्मनिर्भर केन्द्र र अन्य विभिन्न सहयोगी निकायहरूसँग अझ सहकार्य बढाएर लैजानेछौं। ✿

**नयाँ संविधानमा भूमि सुधारको मुद्दा लेखियो भने भूमिसम्बन्धी धेरै सवाल समाधान हुनेछ। अभियानलाई उचाइमा पुऱ्याएर भूमिको अधिकारबाट वञ्चितलाई अधिकार दिलाउनु यो आन्दोलनको मुख्य ध्येय हो।**

# सफल प्रयास : जग्गाधनी बन्दै भूमिहीन



सुनसरीको पकली गाविस-८ को टिकुलिया टोलको ऐलानी जमिनमा १३ परिवार भूमिहीन २०६३ सालदेखि बसोबास गर्दै आएका थिए । उक्त टोलमा २०६८ साल फागुनमा टिकुलिया गाउँ भूमि अधिकार मञ्च गठन भयो । गाउँ मञ्चमा १३ परिवार भूमिहीन नै सङ्गठित भए । सङ्गठित आन्दोलन गर्दै जाँदा उनीहरूले २०७१ कात्तिकमा थोरै भए पनि जग्गाको अधिकार पाए । र, त्यही जमिनमा घर बनाए सुरक्षित बसोबासका लागि । जीवनमा पहिलो पटक जमिनको अधिकार पाउँदा उनीहरू धेरै खुसी देखिएका छन् ।

इटहरी उपमहानगरपालिका-९ का सञ्जय पौडेलले जग्गा प्लटिङको योजना बनाएपछि भूमिहीनहरू उठ्नुपर्ने अवस्था आयो । २ बिघा १० कठ्ठा जमिनमा प्लटिङ गर्ने योजना बनाएका जग्गाधनीको सिमाना छुट्टिने बाटो वरिपरि ऐलानी जमिन थियो । सोही ठाउँमा १३ परिवार भूमिहीन लामो समयदेखि बसोबास गर्दै आएका थिए ।

भूमिहीनलाई हटाउने कुरा सुनेपछि गाउँ मञ्चले तुरुन्तै जिल्ला भूमि अधिकार मञ्चलाई उक्त कुराको जानकारी गरायो । त्यसपछि गाउँ मञ्च, जिल्ला मञ्च र जग्गाधनीबीच धेरै पटक छलफल भयो । सजिलै सहमतिमा आएनन् । भूमि अधिकार मञ्चले कुनै पनि हालतमा भूमिहीनलाई उठिबास गर्न नपाइने अडान राखेको थियो । र, मञ्चले त्यहाँबाट उठिबास हुनुपर्ने हो भने कतै रैकर जग्गामा १३ परिवार भूमिहीनलाई स्थापित गरिनुपर्ने विकल्प पनि दियो । त्यसो नभए आन्दोलन गर्ने चेतावनी पनि मञ्चले दिएको थियो । अन्त्यमा, क्षतिपूर्ति दिएर बस्ती रैकर जग्गामा सार्ने सहमति भयो ।

सहमतिअनुसार सबै परिवारलाई ५ धुर जमिन र २० हजार रूपियाँका दरले जग्गाधनीले क्षतिपूर्तिवापत दिने लिखित सहमति भयो । उक्त जग्गाको स्थानीय मूल्य प्रतिधुर १ लाख २५ हजारसम्म पर्छ । र, सो जग्गा उनीहरूको नाममा रजिस्ट्रेसन पास गरिदिने सहमति भएको छ । भूमिहीनहरूले उक्त जग्गाको लालपुर्जा लिँदा संयुक्त पुर्जा बनाउने सहमति पनि भएको छ ।

यसरी जग्गा पाउनेहरू मूर्ति सरदार, आशा सरदार, खजिनी सरदार, सरिता सरदार, झलिया सरदार, आरती सरदार, पावित्री सरदार, रविन श्रेष्ठ, मञ्जु धिमाल, लहेरी बिक, मीना धिमाल, लक्ष्मीनारायण बिक, सकुनी बिक छन् । उनीहरू आफूले पाएको जमिनमा पक्की घर बनाएर बसिसकेका छन् । उनीहरू भन्छन्- हामीलाई भूमि अधिकार मञ्चले सहयोग नगरेको भए विस्थापित गराउँथे, मञ्चको सहयोग पायौं, अहिले सुरक्षित बसोबास पनि पायौं । अब लालपुर्जा पनि पाउँछौं ।

**सहमतिअनुसार सबै परिवारलाई ५ धुर जमिन र २० हजार रूपियाँका दरले जग्गाधनीले क्षतिपूर्तिवापत दिने लिखित सहमति भयो । उक्त जग्गाको स्थानीय मूल्य प्रतिधुर १ लाख २५ हजारसम्म पर्छ । र, सो जग्गा उनीहरूको नाममा रजिस्ट्रेसन पास गरिदिने सहमति भएको छ ।**

प्रस्तुति : पुष्कर घिमिरे

# सफलताको कथा : मोहीबाट जग्गाधनी




सिन्धुपाल्चोकस्थित पाल्चोक गाविसका विष्णु रुम्बा ३५ वर्षका भए। उनीसँग आफ्नो नाममा जमिन थिएन। त्यसैले किउल गाविस-७ का जिम्मा लामाको २० रोपनी खेत जोतभोग गर्दै आफू र परिवारको जीविका चलाउँदै आएका थिए। विष्णुमात्र होइन, उनको गाउँका ६२ परिवार किसानी गर्छन् तर कसैको पनि आफ्नो नाममा जग्गा छैन। उनीहरू मोहीका रूपमा साहूको जग्गा जोतखन गर्छन्। बेदर्तावाल मोही हुन्। वर्षभर खेतबारी जोतखन गर्‍यो, उत्पादन भएको अन्न साहूलाई दिँदै ठिक्क। किसानको भकारी भने रित्तै। उल्टै कुत तिरेको प्रमाण (भपाई) पनि जग्गाधनीहरू दिन मान्दैनथे। यस्तो अन्यायपूर्ण अवस्थामा किसानले लामो जिन्दगी बिताए। उनीहरू मात्र होइन, अघिल्लो पुस्ताले पनि यस्तै नियति भोग्दै आएका थिए।

विष्णुले खेती गरिरहेको जमिनमा १५ मुरी धान उत्पादन हुन्थ्यो। त्यसमा ११ मुरी त साहूलाई नै बुझाउनुपर्थ्यो। ५ जनाको परिवार पाल्न उनलाई कठिन थियो। आफैँ जोत्यो, खन्यो, गोड्यो अनि उत्पादन भएको अन्न साहूलाई बुझाउनुपर्दा विष्णुको मन दुख्थ्यो। यस्तो दुःख भोग्दै आएका विष्णुलगायत अरूको जग्गा कमाउने मोही किसान २०६६ सालमा पाल्चोक गाउँ भूमि अधिकार मञ्च गठन गरी सङ्गठित भए। गाउँ मञ्चमा ६२ मोही किसान परिवार सङ्गठित भए। उनीहरू सङ्गठित भएपछि साहूले दिने गरेको दुःख र किसानले भोग्दै आएका समस्यामाथि छलफल भयो। उनीहरूलाई भूमि अभियानकर्ताले सङ्गठित भएर आन्दोलन/सङ्घर्ष गरेमा अधिकार लिन सकिने विषयमा बुझाए। साहूले कुत लिएवापत किसानलाई भर्पाईसमेत नदिएर अन्याय गरिरहेको विषयमा छलफल भयो। यसपछि सङ्गठनमा निर्णय भयो- कुत दिँदा अनिवार्य भर्पाई लिने र भर्पाई नदिए कुत पनि रोक्का गर्ने।

२०६७ सालदेखि सबै किसानले कुत रोके। उनीहरूले आफूहरू जोताहा किसान भएको प्रमाणका लागि गाविसको कार्यालयबाट जोतभोगको प्रमाणपत्र लिए। यसका लागि पनि ठूलै सङ्घर्ष गर्नुपर्‍यो। यसपछि किसानमा थप आशा पलायो। सङ्गठन पनि बलियो बन्दै गयो। साहूहरू गाउँमा कुत लिन आउन सकेनन्। २०७० पुसमा जग्गाधनी कुत लिन आयो। विष्णुले जग्गाधनीलाई भने- 'हामी किसानहरू सङ्गठित भएका छौं, सङ्गठनकै निर्णयअनुसार हामीले कुत रोकेका हौं। बाली लाने भए भर्पाई दिनुपर्छ।' जग्गाधनीले भर्पाई नदिने अडान राखे। बरु खेत बेचिदिने धम्की दिए। विष्णुले उक्त कुरा सङ्गठनलाई जानकारी गराए। सङ्गठनका सदस्यहरूले विष्णुको पक्षमा वकालत गरे। र, सबैले भने- जग्गा बेच्ने भए विष्णुलाई मोही हक दिनुपर्छ।

अन्ततः सङ्गठनको बलमा जग्गाधनी लामाको केही लागेन। उनी बाध्य भएर १० रोपनी जग्गा विष्णुलाई दिने सहमति गरे। मञ्चकै सहयोगमा उनले १० रोपनीमा मोही हक पाए र जग्गाधनीलाई बेच्न खोजेको बाँकी १० रोपनी जग्गा पनि आफैँले किने। हिजोसम्म मोहीमात्र थिए तर उनी आज जग्गाधनी भएका छन्। उनी, भन्छन्- 'मेरो जिन्दगी दासजस्तो थियो, साहूले जे भन्थ्यो त्यही गर्नै पर्थ्यो। अहिले सङ्गठनले गर्दा मेरो जीवन फेरिएको छ। जीविका सहज भएको छ। अब साहूको डर र त्रासमा बाच्नुपर्दैन।' उनी थप्दै भन्छन्- गाउँ सङ्गठन नभएको भए मलाई जग्गाधनीले जबर्जस्ती निष्काशन गर्थ्यो, आज सङ्गठनको बलले म जग्गाधनी भएँ। त्यसैले ज्यादै खुसी छु।

प्रस्तुति : जिल्ला भूमि अधिकार मञ्च, सिन्धुपाल्चोक



आशारानी चौधरी

# अगुवा बोली : सेनाले दिनुसम्म दुःख दिइरहेको छ

आशारानी चौधरी । घर मगरगढी-६, झर्निया । सङ्गठनको नाम झर्निया गाउँ भूमि अधिकार मञ्च । हामी आफ्नो अन्त कतै बस्ने ठाउँ नभएपछि २०६३ मा यस ठाउँमा बसोबास गर्न थाल्यौं । जब बस्ती बस्यो तब हामी भूमिहीन सुकुमबासी सङ्गठित पनि भयौं । सुरुमा १०५ परिवार यहाँ बसोबास गर्थे । ६४ परिवार वास्तविक सुकुमबासीबाहेक अरूको चाहिँ अन्त पनि घर रहेछ । उनीहरू यहाँ खेतीपाती गर्नमात्र आउने गर्थे । उनीहरूकै कारण हामी वास्तविक सुकुमबासी पनि मारमा पर्‍यौं ।

हामी भूमिहीन, केही नभएको भनेपछि त्यहाँको सामुदायिक वन समितिले नै बसोबास गर्न दिएको हो । यो ठाउँ बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र पर्दोरहेछ । जहाँ हाम्रो झुपडी थियो । तर हाम्रा लागि त्यही नै सबैभन्दा ठूलो भर थियो । हामी बसोबास गरेको जमिन सिउनिया मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिको हैसियत बिग्रिएको ऐलानी जमिन हो । यो करिव ५ बिघा क्षेत्रफलको छ ।

२०६६ सालमा सिट्रोनेला, मसुरिया र झर्नियाका भूमिहीनले आवतजावत सजिलो बनाउन बाटो निर्माण गरे । यस क्रममा बाटोमा पर्ने एक रुख काटियो । जुन सानो काठे पुल बनाउँदा प्रयोग गरियो । यसैलाई निहुँ बनाएर सामुदायिक वन समितिले विवाद गरी बस्तीको एउटा घरमा आगो लगाइदिए । उठिबास गर्न खोजे । आगो लगाउने वनका पदाधिकारी र सुकुमबासीबीच झगडा (झडप) भयो । सामुदायिक वनका पदाधिकारी २०६८ सालमा बर्दिया राष्ट्रिय निकुञ्जबाट सेना लिएर बस्तीमा आए । ३ महिलासहित ११ जनालाई जबर्जस्ती पक्रेर लगे । उनीहरूलाई 'अबदेखि त्यहाँ बसोबास गर्दैनौं' भन्न लगाई जबर्जस्ती कागजमा सहिछाप गराई ५ दिनपछि थुना मुक्त गरियो ।

त्यसपछि झर्नियाका सुकुमबासीहरू सेनाले पक्रेर लान्छ भन्ने डरले खेतीपाती मात्रै गर्ने र बसोबासचाहिँ अन्तै गर्न थाले । तर ६४ परिवार जसको अन्त कतै पनि आफ्नो घर वा केही थिएन, उनीहरू भने त्यहीँ बसोबास गरी नै रहे । २०७० असारमा धान रोपाइँका बेला फेरि सेना बस्तीमा आए । जबर्जस्ती पक्रेर लान खोज्दा झडप भयो । सेनाले ५ दिनभित्र निकुञ्ज कार्यालय आउन उर्दी गर्दै गए ।

त्यसबेला जिल्ला भूमि अधिकार मञ्च, सुकुमबासीहरू र निकुञ्जका प्रतिनिधिबीच छलफल भयो । निकुञ्जले उनीहरू सुकुमबासी हो भने राजनीतिक दलले छानबिन गरेमा राज्यले अर्को व्यवस्था नगरेसम्म बसोबास गर्न दिने मौखिक सहमति गर्‍यो । त्यही सहमतिअनुसार २०७० साउन २१ गते मगरागढी गाविसस्तरीय सर्वपक्षीय छलफल भयो । छलफलमा स्थानीय राजनीतिक दल, सामुदायिक वनका पदाधिकारी, वडा नागरिक मञ्चका पदाधिकारीसहित एक छानवीन समिति बन्यो । समितिले १०५ मध्ये ६४ घरधुरीलाई वास्तविक सुकुमबासी भएको पहिचान गरी प्रतिवेदन तयार गर्‍यो ।

२०६९ चैत ८ गते मगरागढी गाविसले सुकुमबासी आयोगको लगतलाई गाविसमा सूचना टाँस गर्दा कहीँ कतैबाट कुनैको दावी विरोध नपरेको हुँदा उनीहरूलाई सुकुमबासी आयोगबाट परिचयपत्र दिन सिफारिस पनि दियो । प्रमाण हुँदाहुँदै पनि ६४ घरधुरीलाई वन समितिले भने घर टहरा नबनाउन चेतावनी दिए । पटकपटक ७ दिने सूचना टाँस गरी बस्ती उठिबास गर्ने चेतावनी दिइयो ।

२०७१ जेठ ७ गते पुनः तेस्रो पटक बर्दिया राष्ट्रिय निकुञ्जबाट सेना बस्तीमा पुगे र आगो लगाई बस्ती खरानी बनाए । र, उल्टै बस्तीका केशुराम थारू, हरिराम थारू र सुन्दरलाल थारूलाई जबर्जस्ती पक्रेर लगी थुनामा राखे । थुनामा राखिएका भूमिहीन सुकुमबासीलाई छुटाउनका लागि जिल्ला भूमि अधिकार मञ्चको टोली पटकपटक निकुञ्ज कार्यालय जाँदा पनि निकुञ्जले अनुसन्धान बाँकी छ भनेर छाड्न मानेन ।

२०७१ जेठ १८, १९ र २० गते जिल्लाका राजनीतिक दलका कार्यालयमा पुगी नेताहरूसँग सुकुमबासीहरूलाई थुना मुक्त गर्न आग्रह गर्‍यौँ । दलका प्रतिनिधिले उनीहरूलाई छुटाइदिने आश्वासन दिए । जेठ २१ गते जिल्ला प्रशासनमा डेलिगेसन गई थुनामा रहेका साथीहरूको रिहाइका लागि प्रमुख जिल्ला अधिकारी तेजप्रसाद पौडेलसँग छलफल गरियो । प्रमुख जिल्ला अधिकारीले फोनमा वार्डेन (निकुञ्ज प्रमुख) सँग कुराकानी गरी छुटाउन पहल गरिने पनि बताउनुभयो । बर्दियाका सभासद् हरूलाई फोन सम्पर्क गरी सुकुमबासीको रिहाइका लागि अनुरोध गरियो । जेठ २७ गते झर्निया गाउँ भूमि अधिकार मञ्चकी म (आशा रानी) लाई पनि निकुञ्जका टोलीले पक्रेर लग्यो । थुनामा राख्यो र यातना दियो । मलाई सुकुमबासीको नेतृत्व गरेको भनेर खुब गाली पनि गरे । ७ दिनसम्म ठाकुरद्वारास्थित निकुञ्जमा थुनामा राखियो । हामीसँग प्रतिव्यक्ति २८ हजार रुपियाँ धरौटी लिएरमात्र छाडियो । अहिले पनि हामी तारेक धाउन बाध्य छौं । अनाहकमा हामी भूमिहीनमाथि दुःख दिने काम भइरहेको छ । तारेक धाउनुपर्ने बाध्यताबाट मुक्त हुन चाहन्छौं ।



ढोरन सदा

# जीवनभर जमिन जोतियो, अधिकारचाहिँ पाइएन

सप्तरीको दौतलपुर-९ का ढोरन सदा ६० वर्षका भए। उनी जीवनको धेरै समय हरूवा भए र केही समय चरुवा पनि। उनीमात्रै होइन, उनका बुबा पनि जीवनभर हरूवा/चरुवा थिए। जमिन जोतेर जमिनमै जिन्दगी बिताएको भए पनि त्यही जमिनमा आफ्नो स्वामित्व नहुँदा भने उनी धेरै दुःखी छन्। ढोरनको परिवारमा १० जना जहान छन्। खेती किसानी गर्ने सिप भए पनि उनीसँग जमिन छैन। उनी आफू त हरूवा हुन् नै, उनको परिवारका अरू पनि जमिनदारको काम गरी जीविका धान्न बाध्य छन्। गरिबीका कारण बालबालिका पनि विद्यालय जानुभन्दा जमिनदारकोमा चरुवा बसेका छन्। किताब-कापी बोकेर स्कुल जानुको साटो उनीहरू वस्तु चराउन जान्छन्।



परिवारको जीविका धान्न धौ धौ परिरहेको ढोरन बताउँछन्। उनी भन्छन्- गरिबलाई ऋणसँग डर हुँदैन तर दिन लाग्यो भनेमात्र डर हुन्छ। उनले १ लाख ५० हजार कुसुमलाल चौधरीसँग सयकडा ५ ब्याज तिर्नेगरी ऋण लिएका थिए, छोरालाई विदेश पठाउन। छोराले कमाएर पठाएको पैसाले ९१ हजार जति ऋण त तिरिसकेका छन्, अझै ६० हजारभन्दा बढी ऋण तिर्न बाँकी रहेकाले उनी अझै चिन्तित छन्।

ढोरन १० वर्षको उमेरमै जमिनदारको चरुवा बसेको बताउँछन्। सानै भएकाले पहिलो जमिनदारको नाम उनले सम्झन सकेनन्। दोस्रो पटक १२ वर्षको उमेरमा उनी जमिनदार श्यामकाजीकोमा चरुवा बस्न गए र पछि उनकैमा हरूवाको काम पनि गरे। उनको बुबा पनि त्यहीँ काम गर्थे। बुबाको मृत्यु भएपछि उनको काँधमा जिम्मेवारी थपियो। श्यामकाजीकोमा २० वर्ष हरूवा/चरुवा बसेका उनी अर्को १२ वर्ष केश्वर यादवको घरमा पनि हरूवा बसेका थिए। त्यसपछि रामनारायण चौधरीकोमा हरूवा बसे। जीवनको ६० को दशकमा पनि उनी जमिन जोतिरहेकै छन्।

जीवनभर हलो जोते पनि आफू बसोबास गरेको जमिनको स्वामित्वसमेत छैन ढोरनसँग। त्यो जमिन जमिनदार कान्छा दाहालको नाममा रहेछ। उनीमात्र होइन, उनीभन्दा अघिल्लो २ पुस्तासमेत बसोबास गरेको जमिन कसरी दाहालको नाममा भयो, ढोरनलाई पत्तो छैन। बसिरहेको जग्गा छोड् भन्दै जग्गाधनीले बेलाबेला दबाब पनि दिने गरेका ढोरन बताउँछन्। उनी भन्छन्- सुनेको छु, हामी बसेको जमिन जग्गाधनीले कृषि विकास ब्याङ्कमा धितोमा राखेको छ रे! उनी कृषि विकास ब्याङ्कको ऋण चुक्ता गरेर त्यो जमिन बेच्न खोज्दैछन्। जग्गाको मूल्य कट्ठाको २ लाख पर्छ। हामी गरिबले कसरी तिर्न सक्नु त्यति धेरै रकम ?' ढोरन मात्रै होइन, उनी जस्तै अरू १८ भूमिहीन परिवार पनि त्यहीँ बसोबास गर्दै आएका छन्। जग्गाधनीले केहीगरी जमिन बेचिदियो भने १८ परिवारकै उठिबास हुने हुँदा ढोरन चिन्तित छन्।

ढोरनले अहिले ३ बिघा जमिन जोतिरहेका छन्। त्यो जमिन जोतेवापत उनले ५ कट्ठा जमिन पाएका छन्। उनी भन्छन्- समयमा बाली लगाउन नसक्दा र आकाशबाट पानी पर्दिएन भने घाटा लाग्छ। जोतेको निमेक पनि उठ्दैन। न त्यो जमिनको स्वामित्व नै आफ्नो नाममा छ। उनले आफूले जोतभोग गरेको ऐलानी क्षेत्रको जमिनको पुर्जा दिलाइदिन माग राख्दै सुकुमबासी समस्या समाधान आयोगमा गत कात्तिकमा निवेदन दिएका थिए। यतिबेला आयोगको काम ठप्प भएपछि उनले आयोगबाट जग्गाको स्वामित्व पाउने आशा पनि मारेका छन्।

अहिले उनी गाउँमा गठन भएको शान्ति गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित छन्। उनी गाउँ मञ्चको अगुवा पनि हुन्। उनी वर्षौंदेखि हलो जोत्ने हरूवाको मुक्ति हुनुपर्ने र उत्पादन गरी जीविका चलाउन पुग्ने जमिन राज्यले दिनुपर्ने बताउँछन्। त्यसैका लागि गाउँदेखि जिल्लासम्म विभिन्न ठाउँमा भूमि अधिकार आन्दोलनमा हिँडेको बताउँछन्।

उनी भन्छन्- भूमि अधिकार मञ्चमा सङ्गठित भएपछि भूमिको अधिकार पाउनेमा ढुक्क छौँ। पहिले केही थाहा थिएन, जब भूमि मञ्चमा सङ्गठित भएँ, तब धेरै कुरा बुझ्न थालेँ। हामी आफैँ सङ्गठित भएर आन्दोलन नगरेसम्म अधिकार पाइँदैन। त्यसैले सबै पीडित सङ्गठित हुन आवश्यक छ। गाउँका अरूलाई पनि सङ्गठित हुनका लागि आफूले जानेका कुरा सिकाइरहेको छु।

प्रस्तुति : सबुरलाल राम

# २९ बुँदे घोषणापत्र जारी गर्दै सकियो सम्मेलन

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ। फागुन १० देखि १२ सम्म कञ्चनपुरको भीमदत्त नगरी महेन्द्रनगरमा भएको सम्मेलनले ल्यामबहादुर दर्जीको अध्यक्षतामा ३१ (१७ महिला, ११ दलित र १२ जनजाति) सदस्यीय केन्द्रीय समिति चयन गरेको छ। ५४ जिल्लाबाट सहभागी भएका भूमि अधिकारबाट वञ्चित किसानका ५ सय ८५ (१४३ दलित, २२६ जनजाति र २३५ महिला) प्रतिनिधि तथा पर्यवेक्षकले आगामी तीन वर्षका लागि नयाँ नेतृत्व चुनेका हुन्। सम्मेलनले २९ बुँदे कञ्चनपुर घोषणापत्र र ६ बुँदे सङ्गठन अठोटपत्र पनि जारी गरेको छ। (हेनुहोस् जारी घोषणापत्र)

'सङ्गठित सुकुमबासी, भूमिहीन र किसान, खाद्य, आवास र पहिचानसहितको संविधान' भन्ने मूल नाराका साथ आयोजना भएको सम्मेलनले भूमिसम्बन्धी जारी घोषणा एवम् सङ्गठनको कार्यभार पूरा गर्ने अठोटका साथ आगामी ३ वर्षका लागि नयाँ नेतृत्व चयन गरेको छ।

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको चौथो राष्ट्रिय सम्मेलन ऐतिहासिकरूपमा सम्पन्न भयो। यस सम्मेलनमा मञ्चका सदस्यहरूले जोस, जाँगर लगाए र उत्साहका साथ सम्मेलन सफल बनाउन भूमिका खेले। सम्मेलनका लागि सबै जिल्ला मञ्चले आ-आफ्नो जिम्मेवारीमा तोकिएको दायित्व बुझाए। जिल्ला मञ्चहरूले दायित्ववापत दाल, चामल, आलु, खसीलगायतका सामग्री बुझाएका थिए। त्यस्तै कञ्चनपुर र कैलालीका गाउँ गाउँबाट सदस्यहरूले चामल, दाल, टपरी, आलु, दाउरालगायत सङ्कलन गरी पठाएका थिए। साथै सो क्षेत्रका जिल्ला तथा गाउँ भूमि अधिकार मञ्चले देशभरबाट आउने सहभागी प्रतिनिधि तथा पर्यवेक्षकहरूलाई खाना, खाजा र बासको व्यवस्थापन गर्न अत्यन्त सहज ढङ्गबाट खटेका थिए। यस्तै कञ्चनपुरका सञ्चार माध्यम र पत्रकारहरूको पनि सम्मेलन अवधिभर सकारात्मक सहयोग प्राप्त भयो।

उद्घाटन सभाको दिन फागुन १० गते सभा हुनुअघि सम्मेलनस्थल सिटी हलदेखि सुरु भएको र्‍यालीले नर्सिङ क्याम्पस हुँदै महेन्द्रनगर बजार परिक्रमा गरेको थियो। र्‍यालीमा १० हजारभन्दा बढीको सहभागिता थियो। सोही दिन दुई सय साइकल यात्री पनि मिसिएका थिए। फागुन ८ गतेदेखि कैलालीको चिसोपानीदेखि सन्देशमूलक नारासहित साइकल यात्रामा निस्केको टोली सभाको दिन महेन्द्रनगर पुगेको थियो। र्‍यालीमा सहभागीहरूले भूमि अधिकार मञ्चको सुरक्षित घरबास सबैलाई, खेतीयोग्य जमिन किसानलाई, किसानमुखी भूमि सुधार लागु गर, आधा पुरुष आधा नारी, जमिनमा हक बराबरी, राष्ट्रिय भूमि अधिकार मञ्च,



**माधवकुमार नेपाल**
*पूर्वप्रधान मन्त्री एवम् वरिष्ठ नेता, नेकपा एमाले*

राष्ट्रिय भूमि अधिकार मञ्चको चौथो सम्मेलनमा आमन्त्रित गर्नुभएकोमा धन्यवाद दिन चाहन्छु र सम्मेलन सफलताको कामना पनि गर्छु।

राज्यले कुनै दिन भूमि सुधार गर्ला भनेर भूमिहीन, गरिब, किसानहरू वर्षौंदेखि आन्दोलनमा जुट्नुभएको छ तर साँच्चै भन्ने हो भने कुनै पनि पार्टीले भूमि सुधारलाई गम्भीरताका साथ अघि बढाएका छैनन्।

मनमोहन अधिकारीको नेतृत्वमा हामीले भूमि सुधारको प्रयास थालनी गरेका थियौं। यस्तै २०५१ सालमा केशव वडालको अध्यक्षतामा पनि वैज्ञानिक भूमि सुधार आयोग बनायौं। त्यो प्रतिवेदन कार्यान्वयनमा ल्याउन नपाउँदै एमाले सरकार ढल्यो। ऋषिराज लुम्सालीको अध्यक्षतामा गठन भएको सुकुमबासी समस्या सामाधान आयोगले ६० हजार भूमिहीनलाई जग्गा बाँडेको थियो। हाम्रै प्रयासमा यो भएको हो।

२०६६ सालमा म प्रधान मन्त्री हुँदा ३ हजार परिवारका निम्ति घर बनाउने र घर वितरण गर्ने नीति ल्याएको थिएँ। त्यतिखेर सिरहा, सप्तरी र कपिलवस्तु जिल्लाबाट यो अभियान सुरु गरिएको थियो तर राजनीतिक अस्थिरताले गर्दा काम अधुरो भयो। राज्यले प्रत्येक वर्ष बजेट खर्च गर्छ तर काम अधुरो हुन्छ। ठेकेदार र कामदारले पैसा कुम्ल्याउँछन् तर कसैले त्यसको खोजी गर्दैन र देश दण्डहीनताकै अवस्थामा रहन्छ। यसले राज्यको समग्र विकासको क्षेत्रमा पनि असर परिरहेको छ।

भूमि समस्या वितरणको मात्र होइन। समस्या भूमिको नाममा हुने शोषणबाट




नेपाल जिन्दावाद जस्ता नारा लगाउँदै स्थानीय भेषाभुषासहितको पहिचान झल्कने सांस्कृतिक प्रस्तुति देखाउँदै भूमिको अधिकार किसानलाई दिन राज्यको ध्यानाकर्षण गराउन शक्ति प्रदर्शन गरे। र्‍यालीले महेन्द्रनगर बजार परिक्रमा गरिसकेपछि सिटी हलको प्राङ्गणमा बृहत् सभा आयोजना भयो। काठमाडौंको नेपाल एफएम ९१.८ मेगाहर्ज, कञ्चपुरको शुक्लाफाँटा एफएम ९४.४ मेगाहर्ज र नागरिक एफएम १०४.६ मेगाहर्जबाट उद्घाटन सभाको प्रत्यक्ष प्रशारण गरिएको थियो।

सम्मेलनको उद्घाटन सभा कार्यक्रममा प्रमुख अतिथिका रूपमा पूर्वप्रधान मन्त्री एवम् नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपालले मुलुकमा भूमिहीन र भूमिको समस्या समाधान नभएसम्म कुनै पनि क्षेत्रको विकास हुन नसक्ने बताउनुभएको थियो। *(विस्तृत तल पढ्नुहोस्)*

यस्तै, विशेष अतिथिका रूपमा पूर्वउपप्रधान मन्त्री एवम् एमाओवादी उपाध्यक्ष नारायणकाजी श्रेष्ठ पुग्नुभएको थियो। उहाँले दलहरूको फरकफरक अडानका कारण आजसम्म भूमिहीनको

मुक्तिको हो, भूमि कब्जा गर्ने तर मेहनत नगर्नेहरूविरुद्धको हो र न्यायोचित बन्दोबस्तीको हो। यही कारण आज लाखौं भूमिको अधिकारबाट वञ्चितहरू आक्रान्त छन्। कोही मोहियानीबाट, कोही गुठीबाट, कोही बाढी पहिरोको समस्याबाट पीडित छन्। भूमिको स्वामित्व राज्यको अधिकारभित्र हुनुपर्छ भन्ने कुरामा हामी सहमत छौँ। तर राज्यले हकभोगको अधिकार समान हिसावले जनतालाई दिनुपर्छ। जसले जमिनको राम्रो ढङ्गले उपभोग र उत्पादन गर्छ उसलाई पुरस्कार दिने व्यवस्था पनि हुनुपर्छ। राज्यले सबैको जीवनयापनको ग्यारेन्टी गर्दै गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारको समस्यालाई सम्बोधन गर्नुपर्छ।

भूमिहीन सुकुमबासीहरूको समस्या जटिल बन्दै गएको छ तर हिजोआज नक्कली सुकुमबासीको बिगबिगी पनि बढ्दै छ। यस्तो अवस्थामा राज्य चनाखो हुन सकेन भने सोझासिधा जनता झन् मर्कामा पर्नेछन्। यस्तो ठाउँमा भूमि अधिकार अभियानको पनि ध्यान जानु आवश्यक छ।

कमैया, कमलरीका समस्या अझै छ। उनीहरूलाई हचुवाको भरमा घोषणा गरियो। उनीहरूको समस्या झन् अन्योलमा पर्‍यो। अहिले हलियाको समस्या पनि त्यस्तै छ। उन्मूलनको तरिका गलत भयो र झन् ठूलो असर गर्‍यो। तयारीबिना कुनै पनि काम गर्दा समस्या आउँछ। यसमा राज्यको ध्यान जानु आवश्यक छ। भूमि अधिकार आन्दोलन माथि उठ्दै गएको छ। यतिका अवधिमा धेरै किसानले अधिकार पनि लिइसकेका छन् होला भन्ने मैले ठानेको छु। यही अभियानबाटै माथि उठेकी शान्ता चौधरीलाई हामीले सभासद् पनि बनायौं।

आज पनि दलित, मुसहर, थारू, मुस्लिम समुदायका मानिस सबभन्दा बढी अन्याय र अत्याचारमा पिल्सिएका छन्। धेरै किसान जमिनदारको शोषणको मारमा छन्। घरभित्र र खेतबारीमा समेत काम गर्ने महिला सम्पत्तिको सवालमा भने दोहोरो मारमा छन्। नेकपा एमालेका नेता भरतमोहन अधिकारी अर्थ मन्त्री हुँदा महिला र पुरुष दुवैको नाममा सम्पत्तिमा बराबर हक कायम गराउनका लागि संयुक्त पुर्जा नीति ल्यायौं। यो अहिले देशभर लागु भएको छ।

अवश्य पनि आगामी दिनमा हामीले भूमिको व्यवस्थापन कसरी गर्ने, भूमिमा उत्पादकत्व क्षमता कसरी बढाउने, चक्लाबन्दी खेती प्रणाली कसरी अपनाउने, जोत्नेलाई जमिनको मालिक कसरी बनाउने र किसानको हक कसरी स्थापित गराउने भन्नेमा गम्भीर छलफल गरी निष्कर्षमा पुग्न जरुरी छ।

कतिपय पार्टीहरू जमिनदारको पक्षमा छन्। भूमि सुधारको कुरा गर्दा उनीहरूलाई चिटचिट पसिना आउँछ। एकातिर क्रान्तिकारी भूमि सुधारको कुरा गर्ने अर्कोतर्फ जमिदानदारसँग साँठगाँठ पनि गरिरहने केही राजनीतिक दलका कारण समस्या छिमोलिन सकेको छैन।

हामी अब बन्ने संविधानमार्फत मुलुकमा भूमि सुधार लागु गराउन चाहन्छौं। यसबीचमा संविधान सभामा विभिन्न चरणमा छलफल पनि भएका छन्। तर केही विषयमा सहमति हुन बाँकी छ। अब संविधानले नै भूमिको समस्या हल गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो। यो कुरा हाम्रो घोषणापत्रमा पनि स्पष्ट लेखेका छौं।

सबैलाई भूमि वितरण गरेर पनि समस्याको समाधान निष्कने पक्कै होइन तर सबैले सुरक्षित बसोबास पाउनुपर्छ भन्नेमा हामी पनि सकारात्मक छौं र यसैको माग हामी पनि गरिरहेका छौं। तर जसले भूमिमा उत्पादन गर्ने इच्छा राख्दैन, जोसँग खेतीपाती गर्ने सिप छैन उसलाई जमिन दिएर हुँदैन। सबैले बाँच्नको लागि सिप र क्षमताअनुसारको रोजगारी पाउने ग्यारेन्टी भने राज्यले गर्नुपर्छ। भूमि अधिकार मञ्चले पनि यसैमा ध्यान दिनु जरुरी छ।




समस्या समाधान हुन नसकेको बताउनुभएको थियो । *(विस्तृत तल पढ्नुहोस्)*

नेपाली कङ्ग्रेस कञ्चनपुरका नेता एवम् पूर्वसभासद् हिरादत्त भट्टले उद्घाटन सभाको अवसरमा शुभकामना मन्तव्य राख्दै भूमिहीन, सुकुमबासी र किसानको समस्या जटिल बन्दै गएकाले राज्यले पहिला यी वर्गको समस्या समाधानमा उचित ध्यान दिनुपर्ने बताउनुभयो ।

जनमोर्चाका नेता मनोज भट्टले सरकार र शक्तिमा रहनेहरूले भूमि सुधार नचाहेकाले किसानको सशक्त आन्दोलन आवश्यक रहेको बताउनुभयो । सत्तामा रहनेहरूको जहिले पनि जमिनदारहरूसँग साँठगाँठ रहने भएकाले भूमि सुधारको मुद्दा अहिलेसम्म थाँती रहेको नेता भट्टले बताउनुभयो ।

सम्मेलनको अवसरमा राष्ट्रिय भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपालले हाम्रा राजनीतिक दलहरू एकमत नदेखिएकाले आजसम्म भूमि सुधार हुन नसकेको बताउनुभयो । उहाँले भूमि अधिकार आन्दोलन नेपाली समाजमा शान्ति, स्थायित्व, सामाजिक न्याय र समतामूलक समाज निर्माण गर्नका लागि भएकाले सबैले मञ्चको अभियानमा साथ दिनुपर्ने बताउनुभयो ।

एसियाली किसान सङ्गठनका अध्यक्ष सिम्पिया मुराकामीले भूमिको सवाल नेपालको मात्र समस्या नभई अन्य देशहरूको पनि उत्तिकै समस्या भएकाले यस्तो समस्या जतिसक्दो चाँडो समाधान हुनुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो- कुनै पनि देशको विकास हुन त्यो देशमा सामाजिक न्याय, सवल आर्थिक पक्ष र सुखी जनता हुन आवश्यक छ । त्यसकारण यी सबै कुरालाई मिलाउन सबैसँग उत्पादनको साधन भूमिमा स्वामित्व हुनैपर्छ । उहाँले नेपाली किसानको समस्यालाई अन्तर्राष्ट्रिय तहमा पनि उठाएर नेपालको सरकारलाई ध्यानाकर्षण गराउन भूमिका खेल्ने बताउनुभयो ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रकी सचिव रेणुका पौडेलले भूमि अधिकार आन्दोलनलाई २ दशकदेखि विभिन्न जिल्लामा फैलाउन र साँच्चै पीडामा बाँचिरहेकाहरूलाई भूमि हक दिलाउनका लागि आत्मनिर्भर केन्द्रले भूमिका खेलिरहेकाले आगामी दिनमा पनि यो अभियानमा निरन्तर सहयोग जारी रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो- भूमिहीन किसानहरूले आजसम्म धेरै पीडा, समस्या र अभाव भोग्दै आएका छन्, उनीहरूका लागि राज्यले छिट्टै पहल थाल्नुपर्छ र हाम्रा राजनीतिक दलहरूले पनि जनतासँग गरेका वाचा अब पूरा गर्नुपर्छ । उहाँको प्रश्न थियो- झुट वाचा अब कतिन्जेल चल्छ ?

यस्तै खाद्यका लागि कृषि अधिकार अभियानका डा. कृष्ण पौडेलले लामो समयदेखि एउटै विषयमा घच्घच्याइरहँदा पनि हाम्रो सरकारले नसुनेकाले लाखौं जनताले दुःख पाइरहनुपरेको बताउनुभयो । नेपालको सन्दर्भमा जमिन, खाद्य, पोषण



**नारायणकाजी श्रेष्ठ**

*पूर्वउपप्रधान मन्त्री एवम् उपाध्यक्ष, एनेकपा माओवादी*

राष्ट्रिय भूमि अधिकार मञ्चको चौथो सम्मेलनमा आमन्त्रित गर्नुभएकोमा आभार व्यक्त गर्छु । सम्मेलन अझै छिनोफानो नभइसकेको संविधानको सवालमा किसानको मुद्दालाई कसरी सम्बोधन र संस्थागत गराउने भन्नेतर्फ केन्द्रित भई आवश्यक नीति तथा कार्यक्रम तय गर्न सफल होस् । यो आन्दोलनप्रति हाम्रो ऐक्यबद्धता छ ।

नेपालको जनसङ्ख्याको मूल हिस्सामा किसान नै छन् तर किसानका हितलाई केन्द्रविन्दुमा राखेर योजनाहरू बनाउने र सोहीअनुसारको कार्यान्वयनमा राज्यको ध्यान गएको पाएका छैनौं । यदि त्यस्तो भइदिएको भए नेपालमा अधिकारका लागि लडाइँ गरिहनुपर्ने आवश्यकता नै हुने थिएन । ठूलो बलिदानीपूर्ण सङ्घर्षपछि बन्न लागेको संविधानमा भूमिहीन, साना किसान, सुकुमबासी र गरिब वर्गको अधिकार सुरक्षित हुनुपर्छ भन्दै हामी सङ्घर्ष गरिरहेका छौं । गरिब, मजदूर, किसान, उत्पीडित वर्गको पक्षमा कसले आवाज उठाइरहेको छ भन्ने कुराको पनि मूल्याङ्कन गरिनुपर्छ ।

अहिलेसम्म नेताहरूको मीठामीठा भाषणले गरिब किसानलाई मानसिक राहत मिलेको होला तर ती कहिल्यै कार्यान्वयन नहुने र कहिल्यै उपलब्धि निस्कनेवाला भएनन् । नेताहरूले बुझ्नुपर्ने हो अब भाषणले केही हुँदैन अब एक्सनमा जानुपर्छ । तर त्यस्तो हुन सकेको छैन । एक्लैले चाहेर पनि केही नहुने अवस्था छ । नेपाली जनताको हक र अधिकारलाई संस्थागत गर्ने सवालमा पार्टीबीच ऐक्यबद्धता र सहमति हुन नसक्दा

महत्वपूर्ण विषय भएको उहाँको भनाइ थियो । उहाँले भन्नुभयो- यी विषयमा अब पनि राज्यले ध्यान नदिने हो भने किसानहरूले ठूलो आन्दोलन गर्नेछन् । किसानका नाममा दलालहरू, फटाहाहरू र व्यापारीहरूले कृषिमा आएको स्रोतको दुरूपयोग गरिरहेकाले किसान आन्दोलनले त्यस्ता कुरामा पनि ध्यान दिनुपर्ने उहाँले बताउनुभयो । उहाँले मुलुकमा कर्मचारीतन्त्र परिवर्तनको बाधक भएको दाबी पनि गर्नुभएको थियो ।

सम्मेलनको दोस्रो दिन भूमि सुधार तथा व्यवस्था मन्त्रालयका उपसचिव नवराज सुवेदी सहभागी भई सम्मेलन सफलताको कामना गर्नुभयो । यस दिन प्रशिक्षण सत्रका कार्यक्रम भयो । यस अवसरमा एसियाली किसान सङ्गठनका अध्यक्ष मुराकामी र महासचिव इस्त्रेला बान्जुलाले दक्षिण एसियाका किसानहरूको अवस्था र नेपालमा भूमि अधिकार मञ्चले अवलम्बन गर्नुपर्ने केही महत्वपूर्ण विषयमा सुझाव राख्नुभयो ।

भूमि अधिकारकर्मी एवम् विज्ञ जगत बस्नेतले भूमि सुधारसम्बन्धी अन्तर्राष्ट्रिय अनुभवहरू सुनाउँदै नेपालमा आर्थिक क्रान्तिका लागि भूमि र कृषि व्यवस्थामा सुधार हुनुपर्ने विषयमा सहभागीबीच सहजीकरण गर्नुभयो ।

एक्सन एड नेपालका देशीय निर्देशक विमल फुयाँल सहभागी हुनुभई राष्ट्रिय भूमि अधिकार मञ्चको संरचना, सवलीकरण र आगामी कार्यभार (सङ्गठन, आन्दोलन र अबको एजेन्डा) बारे सहभागितात्मक छलफलद्वारा सहजीकरण गर्नुभयो ।

आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजाले भूमि अधिकार मञ्चको भावी अभियान, संरचना र आन्दोलन कस्तो हुने, हामीले आगामी तीन वर्षमा प्राप्त गरिछाड्ने नतिजा के के हुने जस्ता विषयमा सहजीकरण गर्नुभयो । यसै विषयमा केन्द्रित रही सहभागी प्रतिनिधि तथा पर्यवेक्षकहरूको ६ समूह विभाजन गरी राष्ट्रिय भूमि अधिकार मञ्चलाई आगामी दिनमा उपलब्धिमूलक बनाउन, आगामी तीन वर्षमा लिन सकिने नतिजाहरू कस्तो हुनुपर्छ भन्ने जस्ता विषयमा समूहगत छलफल गरी प्रस्तुति गरिएको थियो ।

सम्मेलनको तेस्रो दिन भएको बन्द सत्रमा मञ्चको साङ्गठानिक तथा आर्थिक प्रगति प्रतिवेदनमाथि छलफल गरी पारित गरियो ।

बन्द सत्रमा अध्यक्ष सोमप्रसाद भण्डारीले आफ्नो कार्यकालको सङ्क्षिप्त भनाइ राख्दै समिति विघटन गर्नुभयो । सम्मेलनबाट नयाँ समिति निर्वाचित गर्नका लागि ३ सदस्यीय निर्वाचन मण्डल घोषणा गरिएको थियो । सरेश नेपाल संयोजकत्वको निर्वाचन समितिमा श्यामकुमार विश्वकर्मा र सुमित्रा थारू सदस्य थिए ।

सम्मेलनबाट चयन उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षमा क्रमशः नन्दादेवी जोशी, सरस्वती सुब्बा, विजु खाँड र बलबहादुर तामाङ चयन भएका छन् । साथै सदस्यहरूमा क्रमशः समिता विक, महेश वड, भीमकुमारी मगर, गमिता राई, वसन्ती थारू, पार्वती डगौरा, युक्तिलाल मरिक, छोटेलाल थारू, सीतादेवी पासवान, गुलावदेवी राम, दमनकुमारी चेपाङ, पार्वती राजी, निर्मला चौधरी, रमेश देवकोटा, भवानीप्रसाद न्यौपाने, विष्णुप्रसाद तिमल्सिना, सुनिता विक, फौदासिं स्याङ्गवा, रमेशकुमार सापकोटा, रेश्मा पासी, प्रेमकुमारी शाही, मेघबहादुर बिसी, टेकबहादुर बोहरा, चन्द्रा विक र सोमप्रसाद भण्डारी चयन भएका छन् ।

गतिरोध कायमै छ । आजका दिनमा भाषणमात्र होइन व्यवहारमा पनि जनताको हक र अधिकार संस्थागत हुनेगरी व्यावहारिकरूपमा कार्यान्वयनमा जानु आवश्यक छ ।

जमिन कसैको ब्यक्तिगत सम्पत्ति होइन । यो प्राकृतिक स्रोत हो । यसलाई राज्यको सम्पत्तिका रूपमा घोषणा गरिनुपर्छ । र, निश्चित राजश्व लिई व्यक्तिहरूलाई उपयोगको अधिकार दिनुपर्छ । यो विषय अब स्पष्ट संविधानमै लेखिनुपर्छ । म आफैँ पार्टीको तर्फबाट संविधान निर्माण मस्यौदा समितिको संयोजक भएकाले संवैधानिक राजनीतिक सम्पादन तथा सहमति समितिमा पनि यो विषय पठाएका छौं । हामीले प्रस्ताव गरेको भूमि सुधारको प्रस्तावमा केही पार्टीले असहमति पनि जनाएका छन् । उनीहरू परिवर्तनको पक्षमा छैनन् भन्ने यहाँबाट पनि बुझ्न सकिन्छ ।

अब भूमि सुधारको कुरा गरेरमात्र हुँदैन । राज्यले कानुन बनाएर जमिनमाथि हदबन्दी लगाउनुपर्छ । हदबन्दीभन्दा बढी जमिन बिनाक्षतिपूर्ति राज्यले अधिग्रहण गरेर जोताहा किसानलाई बाँड्नुपर्छ भन्ने हामीले स्पष्ट प्रस्ताव उठाएका छौं । यसअघिको संविधानको मस्यौदामा अमूर्त कुरा गरेर क्षतिपूर्ति दिने प्रावधान राखिएको थियो त्यो कुरामा हामी सहमत हुन सकेनौं र आगामी दिनमा पनि सहमत हुन सक्दैनौं ।

आगामी दिनमा मजदूर किसानले पनि जनप्रतिनिधि संस्थामा समावेशी प्रतिनिधित्व हुन पाउनुपर्ने मुद्दा प्राथमिकताका साथ उठाएका छौं । हलिया, हरूवा/चरुवा, कमलरी प्रथा अन्त्य गरिनुपर्छ र उनीहरूको उचित व्यवस्थापन गरिनुपर्छ भन्ने हाम्रो अडान छ । अर्कोतर्फ छुटेका मोही किसानले पनि आफ्नो हक पाउने कुरा ग्यारेन्टी हुनुपर्छ ।

अहिलेको आयोगको काम रोकिनुमा भूमिहीनले चिन्ता मान्नुपर्ने कुनै कारण देखिदन । यो आयोगले भूमिहीन सुकुमबासीको समस्या समाधान गर्न सक्दैन । आयोगले छुट्याएको जग्गाको हदबन्दी एकदम न्यून छ । थोरै जमिन दिएर भूमिहीनको समस्या समाधान हुँदैन । कमसेकम उनीहरूको पारिवारिक जीविका चल्ने जमिन वितरण गर्ने नीति हुनुपर्छ । त्यसैले एउटा अधिकार सम्पन्न आयोग बनाउनुपर्छ भन्ने हाम्रो माग हो ।

अन्त्मा, भूमि सुधार एउटा सामाजिक अभियान हो । भूमि सुधारबिना देशको विकास पनि असम्भव छ । सामाजिक न्यायमा आधारित भूमि व्यवस्थापन, आर्थिक उत्पादनमा वृद्धि, किसानहरूको हकहितमा आधारित सामाजिक कार्य नै समग्रतामा भूमि सुधार हो । यी कुरालाई हामीले संविधानमा ग्यारेन्टी गर्नुपर्छ र कार्यान्वयन गर्नुपर्छ । त्यसका लागि किसान आन्दोलन पनि सशक्त हुनु जरुरी छ । सानो स्वरले बोलेको कसैले सुन्नेवाला छैनन् । परिवर्तन नचाहने तत्व धेरै छन् । तिनीहरूलाई परास्त गर्नु जरुरी छ । तपाईँहरूको भूमि अधिकार आन्दोलनमा ऐक्यबद्धता जनाउँछौं र सधैं साथै रहन्छौं ।

# भूमिसम्बन्धी कञ्चनपुर घोषणा एवम् सङ्गठनको अठोटपत्र

'सङ्गठित सुकुमबासी, भूमिहीन र किसान, आवास, खाद्य र भूमि अधिकारसहितको संविधान' भन्ने मूल उद्घोषका साथ २०७१ फागुन १० देखि १२ सम्म राष्ट्रिय भूमि अधिकार मञ्चको चौथो राष्ट्रिय सम्मेलन कञ्चनपुरको भीमदत्तनगरमा भयो । सम्मेलनमा ५४ जिल्लाका ५,८५ प्रतिनिधि एवम् पर्यवेक्षकले भाग लिएका थिए । भूमि सुधार र सङ्गठनात्मक विकासका सम्बन्धमा प्रतिनिधिबीच गम्भीर छलफल भयो । सम्मेलनले भूमिसम्बन्धी कञ्चनपुर घोषणा एवम् सङ्गठनको कार्यभार पूरा गर्ने अठोटका साथ ३ वर्षका लागि नयाँ नेतृत्व चयन गरेको छ ।

## (क) नयाँ संविधान र भूमि ऐन

(१) राजनीतिक दलहरूको अधिकतम सहमतिमा संविधान जारी गरिनुपर्छ । सुकुमबासीको आवास र भूमिहीन किसानको कृषियोग्य भूमि पाउने अधिकार संविधानमै सुनिश्चित हुनुपर्छ । भूमिमा मानिसको उपयोगको मात्र हक हुन्छ तसर्थ भूमिसम्बन्धी हकलाई निजी सम्पत्तिसरह मौलिक हकअन्तर्गत नराखी सवैधानिक हकअन्तर्गत राखिनुपर्छ । कृषियोग्य भूमि उपयोगको अधिकार खेती गर्ने किसानको मात्र हुने संविधानमा स्पष्ट लेखिनुपर्छ ।

(२) भूमिमा न्यायोचित हदबन्दी लगाई त्यसबाट प्राप्त हुने जग्गा सुकुमबासी, भूमिहीन तथा साना किसानलाई निःशुल्क वितरण गर्ने । हदबन्दीमाथिको जग्गामा क्षतिपूर्ति नदिने । राज्य संरचनाका विभिन्न निर्णायक तहहरूमा समावेशी सिद्धान्तका आधारमा सुकुमबासी, भूमिहीन, महिला र साना किसानको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संविधानमा नै गरिनुपर्छ । यी विषय सुनिश्चित हुनेगरी संविधान बनाउन संविधान नआउन्जेल मञ्चले सभासद् र राजनीतिक दलका शीर्ष नेतृत्वसँग सम्वाद गर्नेछ । देशभरका सदस्य परिचालन गरी निरन्तर खबरदारी गर्नेछ ।

(३) विगतका भूमि आयोगका सुझावका आधारमा बनेको भूमि सुधारसम्बन्धी १३ बुँदे कार्ययोजना, भूमि नीति, भू-उपयोग नीतिसमेतलाई आधार मानी विद्यमान भूमिसम्बन्धी सबै समस्या सम्बोधन हुनेगरी सामाजिक न्याय र उत्पादनमुखी नयाँ भूमि ऐन तर्जुमा गरी लागु गरिनुपर्छ । यस्तो ऐन निर्माणलाई प्रभावकारी बनाउन हुने छलफल र सम्वादमा मञ्चले सक्रियतापूर्वक भाग लिनेछ ।

(४) व्यवस्थापिका संसद्मा पेश गरिएको भूमिसम्बन्धी ऐन, २०२१ को छैटौं संशोधन प्रस्तावमा बेदर्तावाल मोहीलाई स्थानीय निकायको जोतभोगको किटानी सिफारिसका आधारमा मोहियानी हक दिने व्यवस्था हुनुपर्छ । जग्गा बाँडफाँटका लागि पेश भएका निवेदनउपर फिल्डमा टोली खटिई मोही र जग्गाधनीलाई आधाआधा बाँडफाँट गरिनुपर्छ । यस्तो व्यवस्था भएपछि जोतभोगको किटानी सिफारिस लिने र जोताहा मोहीलाई सहयोग गर्ने कार्यमा मञ्चले सहयोग पुऱ्याउनेछ ।

## (ख) भूमि तथा समग्र कृषि व्यवस्थामा सुधार

(५) कृषि कर्म गर्ने तर खेती गर्न जमिन नभएका वा न्यून जमिन भएका भूमिहीन किसानहरूका लागि कम्तिमा १२ महिना खानपुग्ने जमिन उपलब्ध गराउनुपर्छ । शिक्षा, स्वास्थ्य र सामाजिक सक्रियताका लागि आवश्यक खर्च पनि सोही खेतीबाट उपलब्ध हुने अवस्था निश्चित गरिनुपर्छ । जमिनलाई ऊर्वर र उत्पादनमुखी बनाउन सिँचाइ, प्रविधि, बाटो, मल, बीउलगायतका पूर्वाधार अनिवार्य उपलब्ध गराउनुपर्छ । सुकुमबासी, भूमिहीन र साना किसानले जोती, भोगी आएका तर विभिन्न बहानामा दर्ता हुन नसकेका जमिनलाई जमिन भएकै ठाउँमा टोली पठाई सार्वजनिक सर्जमिन गरी जोत्नेको नाममा दर्ता गरिनुपर्छ । जमिनदारले कब्जा गरेका ऐलानी तथा पर्ति जमिन फिर्ता गरी सुकुमबासी तथा भूमिहीन किसानको बसोबास र खेतीपातीका लागि उपलब्ध गराउनुपर्छ । यसरी उपलब्ध जमिनको दिगो उपयोग गरी उत्पादन बढाउन सङ्गठन मेहनतपूर्वक काम गर्ने प्रण गर्छ ।

(६) सर्वोच्च अदालतबाट भएको गुठी रैतानी नहुनेसम्बन्धी निर्णयलाई पुनरावलोकन गरी सम्पूर्ण गुठी जग्गा कुत, तिरो सम्पूर्णरूपमा मिनाहा गरी जोती-भोगी आएका किसानहरूकै नाममा रैकर गरिनुपर्छ । खेती नभइरहेको जग्गा सम्बन्धित गुठीकै नाममा रहनेगरी दर्ता गर्नुपर्छ र स्थानीय गरिबहरूको समूह बनाई निश्चित सर्तमा उपयोग गर्न दिइनुपर्छ । धार्मिक कार्यका निम्ति आवश्यक खर्च सरकार र समुदायले बेहोर्नुपर्छ । यसका लागि सरकारलाई गुठीसम्बन्धी जोताहा किसानको हक सुनिश्चित गर्नेगरी नयाँ ऐन तुरुन्त ल्याउन माग गर्छ ।

(७) जुनसुकै प्रकृतिको बिर्ता जग्गा हाल जोतभोग गर्दै आएका किसानको स्वामित्वमा हुनेगरी बिनाशुल्क दर्ता गरिनुपर्छ । अहिलेसम्म पनि विभिन्न बिर्तावालहरूका नाममा कायम रहेका तर जोताहाले जोतभोग गरिरहेका जमिन जोती भोगी आएका किसानका नाममा स्थलगत सर्वेक्षण गरी दर्ता गरिनुपर्छ ।

(८) चुरे क्षेत्रमा हाल खेती भइरहेको जग्गा चुरेबासीका नाममा दर्ता गरिनुपर्छ । यसका लागि भूउपयोगका आधारमा जग्गा वर्गीकरण गरी चुरेबासीको जीविका सुनिश्चित गर्नेगरी चुरेबासीको उचित सहभागितामा चुरे नीति तथा कार्यक्रम बनाई लागु गरिनुपर्छ । चुरेको वन क्षेत्र संरक्षण र उपयोगका लागि स्थानीय समुदायलाई हस्तान्तरण गरिनुपर्छ ।

(९) भूमि तथा समग्र कृषि व्यवस्थामा सुधार गर्ने कामलाई राष्ट्रिय प्राथामिकता प्राप्त कार्यक्रमका रूपमा तोकिनुपर्छ र सोहीअनुसार कार्यान्वयन गर्नुपर्छ ।

(१०) भूमिसम्बन्धी न्यायिक प्रक्रियामा

लागेका गरिब परिवारलाई कानुनी सहयोग उपलब्ध गराउने परिपाटी विकास गर्नुपर्छ। समुदायमा आधारित प्यारालिगल कार्यक्रमका साथै द्रुत न्याय प्रतिष्ठान जिल्लास्तरमा गठन गरिनुपर्छ।

(११) स्थानीय निकायमा भूमि, भूमिहीन र किसानको वैज्ञानिक लगत राखी राष्ट्रिय सूचना नेटवर्कसँग जोडिनुपर्छ। हाल गाविस र नगरपालिकामा अनिवार्य गरिएको आधारभूत सर्वेक्षणलाई गरिबी, भूमि र कृषिको कोणबाट विश्लेषण गर्नेगरी नयाँ खाका लागु गरिनुपर्छ।

(१२) भूमि प्रशासन पुनर्गठन भूमि सुधारको महत्वपूर्ण अङ्ग हो। पुरानो प्रशासनिक संरचनाले जनमुखी भूमि सुधारको व्यवस्थापन गर्न सक्दैन। यसका लागि मालपोत, नापी र भूमि सुधार कार्यालयहरूलाई एकीकृत गरिनुपर्छ। यी कार्यालय स्थानीय निकायको मातहतमा राखिनुपर्छ। भूमि नीति कार्यान्वयनका अतिरिक्त स्थानीय निकायलाई भूमिसम्बन्धी निश्चित अधिकार तोकिनुपर्छ।

(१३) भूमिको संरक्षण, उपयोग र न्यायिक बाँडफाँटलाई मार्गनिर्देशन गर्न विज्ञहरू रहेको स्थायी प्रकारको भूमि सुधार आयोग राष्ट्रिय तहमा गठन हुनुपर्छ। यो आयोगले नीतिहरूको समीक्षा, भएका नीतिको कार्यान्वयन र भूमिहीन तथा सुकुमबासीले जग्गा पाउने कार्यको अनुगमन र सहजीकरण गर्नुपर्छ।

(१४) राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले विभिन्न समयमा गरेको आन्दोलनपश्चात नेपाल सरकारसँग भएको सम्झौता, भूमि आयोगको सुझावका आधारमा बनेको १३ बुँदे कार्ययोजना अविलम्ब कार्यन्वयन गरिनुपर्छ।

(१५) कृषि मजदुरलाई मर्यादित जीवन जिउन लायकको पारिश्रमिक दर निश्चित गर्ने, महिला पुरुषलाई बराबर र उचित पारिश्रमिक दिइनुपर्छ। यस्तो ज्याला कृषि मजदूरको सहभागितामा जिल्ला समितिको निर्णयबाट नघट्ने गरी स्थानीय निकायले वार्षिकरूपमा तोक्न पाउने व्यवस्था हुनुपर्छ।

## (ग) सुकुमबासी समस्या र समाधान

(१६) सुकुमबासी आयोग बनाउने, पटकपटक उही प्रयोजनका लागि गरिबहरूलाई आर्थिक बोझ पार्दै निवेदन सङ्कलन गर्ने तर जग्गा उपलब्ध नगराउने सरकार र राजनीतिक दलको कार्यप्रति यो सम्मेलन गम्भीर असहमति राख्छ। पछिल्लो सुकुमबासी समस्या समाधान आयोगलाई सर्वोच्चले काम रोक्न गरेको आदेशमा सङ्कलन गरिएका ८ लाखभन्दा बढी निवेदनको विषयमा चाहिँ केही नबोल्नुले सर्वोच्च अदालतसमेत कमजोर नागरिकको नभएको प्रष्ट भएको छ। आयोगको कार्यादेशसमेत संशोधन गरी तुरुन्त पुनर्गठन गर्न सम्मेलन माग गर्छ। सुकुमबासीहरूको विवरण गाउँ भूमि अधिकार मञ्चको सिफारिस र वडा सर्जमिनका आधारमा गाविस वा नगरपालिका परिषद्ले पास गर्ने व्यवस्था हुनुपर्छ। कृषिबाहेकको काम गर्ने सुकुमबासीहरूलाई रोजगारी पाइने क्षेत्रहरूमा उपयुक्त घडेरीका साथै घर बनाउन निश्चित अनुदान दिनुपर्छ। ती क्षेत्रमा खानेपानी, बाटो, विद्युत्, विद्यालय, स्वास्थ्यलगायतका आधारभूत सुविधा व्यवस्था हुनुपर्छ। सुकुमबासी परिवारलाई व्यावसायिक तालिमका माध्यमबाट सक्षम बनाई कम्तिमा परिवारको एक सदस्यका लागि पूर्णकालीन रोजगारीको व्यवस्था हुनुपर्छ। साथै वास्तविक सुकुमबासी पहिचान गर्न, सुकुमबासीलाई आफ्ना अधिकार र कर्तव्यका विषयमा सचेत तुल्याउन मञ्चले आवश्यक कार्य गर्नेछ। तीन महिनाभित्र आयोग पुनर्गठन भई परेका निवेदनमाथि कारबाई सुरु नभएमा मालपोत कार्यालयको काममा असहयोग हुनेगरी आन्दोलन गरिनेछ।

(१७) घरवारबिहीन, सुकुमबासी, भूमिहीन गरिब, दलित, आदिवासी जनजाति, अल्पसङ्ख्यक, उत्पीडित महिलाको पहिचान गर्ने, जग्गा किटान गर्ने र घरबास र खेतीका लागि जग्गा उपलब्ध गराउने कार्य स्थानीय सरकारको अगुवाइमा हुनुपर्छ। यसरी वितरण गरिने सूची स्थानीय निकायको सभामा छलफल भई स्वीकृत हुनुपर्छ।

## (घ) अर्धदास प्रथाको उन्मूलन र सामाजिक न्याय

(१८) कुनै पनि प्रकारको बँधुवा श्रम प्रथा पूर्णतः अन्त्य गरिनुपर्छ। स्थानीय निकायलाई बढी जिम्मेवार बनाई पुनर्स्थापना कार्यक्रम प्रभावकारी बनाइनुपर्छ। अन्यायपूर्ण भूसम्बन्धका कारण मर्यादित जीवन जीउने अधिकारबाट वञ्चित हली, हलिया, गोठाला, बालीघरे, हरूवा–चरुवा, कमलरी सबै परिवारको स्वयम् अधिकारबाट वञ्चितहरूका अगुवा तथा स्थानीय निकायसमेतको परिचालन गरी एकिन लगत तयार गर्ने र उनीहरूको आवास, रोजगारी र जमिनसहित पुनर्स्थापना गरिनुपर्छ।

(१९) समुदायका अल्पसङ्ख्यक राजी, वादी, चेपाङ, चिडिमार आदि र दलित समुदाय मुसहर, डोमलगायत सीमान्तकृत समुदायको आवास, जमिनमाथिको स्वामित्वका साथै शिक्षा स्वास्थ्य र रोजगारको अनिवार्य व्यवस्था गर्नुपर्छ।

(२०) देशभरका भूमि अधिकारबाट वञ्चितको बस्ती उठिबास गराउने, मोही बेदखल गर्ने, ऐलानी जग्गा बिक्री वितरण गर्ने, खेतीयोग्य जमिन प्लटिङ गर्ने कार्य तुरुन्त बन्द गरिनुपर्छ। कृषियोग्य जग्गाको प्लटिङविरुद्ध मञ्चले व्यापक जागरण र अवरोध अभियान थाल्नेछ।

(२१) प्राकृतिक प्रकोपमा परी परिवार गुमाएका, बेपत्ता पारिएका, घरवारबिहीन भई अपमानित जीवन जिइरहेका साथै आरक्ष विस्थापित तथा असुरक्षित क्षेत्रमा बस्न बाध्य परिवारलाई जमिनसहित पुनर्स्थापना गरिनुपर्छ।

## (ङ) भूमिमा महिला अधिकार

(२२) कृषि कार्यमा महिलाले पुर्‍याएको योगदानको पहिचान गरी उनीहरूको जीविका, न्याय र खाद्य सुरक्षालाई सुनिश्चित गर्न जमिनको दर्ता महिला र पुरुष दुवैका नाममा हुनुपर्छ। यसका लागि हाल दिँदै आएको सहुलियतलाई अझै बढाउनुपर्छ। श्रीमान्‌को स्वामित्वमा रहेको जग्गामा श्रीमतीको स्वामित्व कायम गर्ने अनिवार्य व्यवस्था हुनुपर्छ। यस कार्यलाई मञ्चले महत्वका साथ अघि बढाएको छ। महिला किसानको पहिचान र संयुक्त पुर्जाको सवाललाई अभियानकै रूपमा लगिनेछ।

## (च) भूउपयोग

(२३) कृषियोग्य भूमिको गैरकृषि क्षेत्रमा भइरहेको तीव्र परिवर्तन रोक्नुपर्छ। थप बिग्रन नदिन भूउपयोग नीतिका आधारमा ऐन बनाई तुरुन्त लागु गर्नुपर्छ। कृषि भूमिमा आवासको प्रयोग बन्देज गरिनुपर्छ। जमिन बाँझो राखेमा जमिनको उत्पादन बराबर कर लगाउनुपर्छ। र, लगातार तीन वर्षभन्दा बढी अवधि जग्गा बाँझो राखेमा त्यस्तो जग्गा सरकारले लिने व्यवस्था गर्नुपर्छ। खेती नगर्नेलाई कृषि जमिन नदिने स्पष्ट नीति हुनपर्छ। गैरहाजिरी किसानको अन्त्य हुनुपर्छ। कृषि जमिन खेती गर्नेले मात्र खरिद गर्न पाउने व्यवस्था गरिनुपर्छ।

(२४) सरकारी सार्वजनिक भनिएको तर उपयोगबिहीन जग्गालाई सामुदायिक जग्गाका रूपमा कायम गरी समुदायले व्यवस्थापन गर्ने

नीति बनाउनुपर्छ । यसरी व्यवस्थापनका लागि सरकारले आवश्यक बीउ, सिँचाइ, बाटो र प्रविधिलगायतका सहयोग पु¥याउनुपर्छ ।

(२५) नदी उकासलगायत विभिन्न क्षेत्रका हैसियत बिग्रिएका र त्यत्तिकै रहेका जमिनलाई उपयोगी बनाउन राज्यले भूमि विकासमा लगानी गरी त्यसरी उपलब्ध जग्गा भूमिहीन किसानलाई उपयोगका लागि दिनुपर्छ ।

(२६) व्यापारी र कम्पनीको प्रलोभनमा परी ल्याउन लागेको करार खेतीसम्बन्धी नीतिको यो सम्मेलन विरोध गर्छ । जग्गा भएका तर आफैं खेती गर्न नचाहनेले स्थानीय निकायमा औपचारिक कागज गरी स्वामित्वमा असर नपर्ने र जग्गाको गुणस्तर पनि कायम भइरहने स्थिति बनाउन गरिब परिवारलाई कम्तिमा १० वर्षका लागि बिनाकुत वा भाडा लिनेगरी जग्गा दिने/लिने व्यवस्थासहितको करार खेती नीति ल्याउन माग गर्छ । यी विषयलाई सुनुवाई नगरी भूमिहीन र साना किसानको हितमा ल्याउने करार नीति कुनै पनि मूल्यमा लागु गर्न नदिने प्रण गर्छ ।

(२७) कम्पनी र व्यावसायिक घरानाले गर्ने खेतीले गरिबी, भोक, असमानता बढाउनुको साथै वातावरणमा नकारात्मक असर पुग्ने हुँदा पारिवारिक खेतीपातीलाई दिगोतवरले अघि बढाउन अध्ययन, स्रोत र प्रविधि केन्द्रित गरिनुपर्छ । सरकार, दातृ निकाय र ब्याङ्कहरूले ठूला खेतीका लागि दिएको अनुदान पूर्णतः रोकिनुपर्छ । साना उत्पादकहरूको ऊर्जा क्षमता आर्जनलाई सुदृढ तुल्याउने व्यावसायिक खेती प्रवर्द्धन गरिनुपर्छ ।

(२८) मूलतः वन स्रोतमा आधारित अल्पसङ्ख्यक, आदिवासी, भूमिहीन र साना किसान समुदाय जो वनछेउका आसपास बसिरहेका छन् । उनीहरूको बसोबास तथा खेती गरिरहेको जग्गाको पूर्ण सुरक्षा हुनुपर्छ । यी सबैको वनमा पहुँच निश्चित गरिनुपर्छ । जल र जङ्गल सामुदायिक स्रोत हुन् । यिनमा सबैको पहुँच र उपयोग सुनिश्चित गरिनुपर्छ । जल र जमिनको दोहन र वन उजाडीकरण रोकिनुपर्छ । उत्पादनमाथि किसान र कृषि श्रमिकको नियन्त्रण हुनुपर्छ ।

(२९) उखडा जग्गा, गाउँब्लक जोत्ने किसानको नाममा दर्ता गरिनुपर्छ । चोरी दर्ता बदर गरी बसोबास एवम् जोतभोग गर्दै आएका किसानका नाममा निःसर्त यस्तो जग्गा दर्ता गरिनुपर्छ ।

## सङ्गठनको अठोट

(१) हामी सबै जिल्लाका प्रतिनिधि एवम् पर्यवेक्षक ६ महिनादेखि एक वर्षभित्रमा कम्तिमा एक जिल्लामा हामीले चाहेको भूमि सुधारको खाका तयार गरी खाका कार्यान्वयनको अभ्यास सुरु गर्नेछौं ।

(२) सङ्गठनको बल र उद्देश्य मिल्ने अन्य व्यक्ति एवम् संस्थासमेतको सहयोगका आधारमा कुनै पनि सदस्यलाई उठिबास र बेदखली हुनबाट पूर्णतः संरक्षण गर्नेछौं । मञ्चका कुनै पनि अधिकार हनन्‌विरुद्ध सङ्गठित र सचेत भएर उभिनेछौं ।

(३) प्रत्येक गाउँ मञ्च र जिल्ला मञ्च स्वायत्त सङ्गठनका रूपमा विकास गरेर लैजानेछौं । राष्ट्रिय समितिसँग नीति निर्माण र राष्ट्रिय आन्दोलनका सवालमा सहकार्य गर्नेछौं । रूपान्तरण कार्यको योजना र कार्यान्वयनको नेतृत्व जिल्ला र गाउँ मञ्चले गर्नेछौं ।

(४) सङ्गठनको नयाँ लगत तयार गरी गाउँ मञ्चको अनिवार्य सङ्गठन सुदृढीकरण र अभियान योजना बनाई कार्यान्वयन गर्नेछौं । सङ्गठन विस्तारसँगै व्यवस्थित गर्दै जानुपर्ने अनिवार्यतालाई ध्यानमा राखी आगामी तीन वर्षमा सङ्गठन सुदृढीकरण गरी मञ्चको सदस्यता १ लाख ६० हजार पु¥याउनेछौं । सबै सदस्यले अनिवार्य नवीकरण गर्नेछौं ।

(५) सङ्गठनको कार्यदिशा, नीति र कार्यक्रमका आधारमा एक वर्षभित्रमा देशव्यापीरूपमा वैचारिक प्रशिक्षण सञ्चालन गरिनेछ । यस्ता शिविर र तालिमका माध्यमबाट स्वयम्‌सेवी अगुवा निर्माण गरी उनीहरूको बृहत् परिचालन गरिनेछ । विचारसहितको अगुवा कार्यकर्ता निर्माणमा जोड दिनेछौं ।

(६) यसो हुँदा सहकारी, कृषि उद्यम, सामूहिक खेती जस्ता कार्य सङ्गठनमा जोड्दा आन्दोलनमा सहभागिता र योगदान बढ्नुका साथै सदस्यको जीवनस्तरमा सुधार आउने भएकाले सङ्गठन र सहकारीको कामलाई पृथक तर सँगसँगै लैजानेछौं ।

अन्त्यमा,

चौथो राष्ट्रिय सम्मेलन सम्पन्न गर्न सहयोग गर्ने गाउँ मञ्च, अगुवा, कार्यकर्ता, जिल्ला तथा केन्द्रका पदाधिकारी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी, कञ्चनपुर जिल्लाका राजनीतिक दल, सरकारी कार्यालय, संस्था, सङ्गठन, सञ्चारकर्मी सबैलाई धन्यवाद दिन चाहन्छौं ।

भूमि अधिकार आन्दोलनका क्रममा ज्यान गुमाउने भूमि सहिद लालमाया खाम्चा मगर, जनककुमारी चौधरी र किसान नेता भीमदत्त पन्तलगायत ज्ञात/अज्ञात सहिदहरूप्रति सम्मान प्रकट गर्छौं । साथै, राष्ट्रिय मञ्चकी पूर्वउपाध्यक्ष शान्ता चौधरीको शीघ्र स्वास्थ्य लाभको कामना पनि गर्छौं ।

जय भूमि !

१२ फागुन, २०७१

भीमदत्तनगर, कञ्चनपुर

# सूचना

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको साधारण सदस्य बनी भूमि अधिकार आन्दोलनलाई सघाउन चाहनुहुने महानुभावले विधानमा गरिएको व्यवस्थाअनुसार २०७२ असार मसान्त भित्र आवेदन दिनु हुन अनुरोध छ । विस्तृत जानकारीका लागि निम्न ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं । हामी त्यसका प्रक्रियाबारे जानकारी गराउनेछौं । प्राप्त आवेदनमा छानबिन गरी विधान वमोजिम भएमा साधारण सदस्यता प्रदान गरिनेछ ।

**तपशिल :**

**सम्पर्क ठेगाना : सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको कार्यालय, भूमिघर टोखा नगरपालिका– १०, धापासी, काठमाडौं ।**

**फोन : ०१–४३६०४८६**

**इमेल : landrights@csrcnepal.org**



नरीराम लोहार

# चौथो सम्मेलन व्यवस्थापन : भोगाइ र सिकाइ

## सम्मेलनको योजना

राष्ट्रिय भूमि अधिकार मञ्चले कञ्चनपुरमा चौथो राष्ट्रिय सम्मेलन गर्ने निर्णय गरेपछि सुदूरपश्चिमका जिल्लाहरूका लागि यो नै यस वर्षको मुख्य काम जस्तो भएको थियो । सम्मेलनको व्यवस्थापन, प्रचार-प्रसार, भेला, सहयोग सङ्कलन आदिले सबैलाई उत्तिकै ब्यस्त बनायो । हुन त कञ्चनपुरमा सम्मेलन गर्ने निर्णय राष्ट्रिय मञ्चले एकतर्फीमात्र गरेको थिएन । कञ्चनपुरले नै सम्मेलन गर्न माग गरेको थियो । यही भएर पनि चौथो सम्मेलनलाई 'अवसर र चुनौती' दुवैका रूपमा हेरियो र सोहीअनुसारको व्यवस्थापनमा जुटेका थियौं । जिल्ला मञ्चहरू सम्मेलनलाई सरल र कुशलरूपमा सम्पन्न गराउन तीन महिनापहिलेदेखि नै योजना बनाई तयारीमा जुटेका थिए ।

## गाउँ भेला र सम्मेलनको माहोल

यस वर्ष जिल्ला मञ्च कञ्चनपुरले सुकुमबासी आयोगसँग समन्वय गरी सुकुमबासी व्यवस्थापनको सवालमा मुख्य योजना बनाई काम थालेको थियो । तर आयोगलाई सर्वोच्चले रोक लगाएपछि निवेदन बुझाउनेबाहेक अरू काम केही हुन पाएन । अर्को महत्वपूर्ण काम थियो- चौथौ राष्ट्रिय सम्मेलन सफल बनाउनु । सम्मेलनमा ठूलो मास जुटाउनु, देशभरबाट आउने प्रतिनिधि तथा पर्यवेक्षकलाई खाना र बासको व्यवस्थापन गर्नु । भूमि अधिकार मञ्चसँग सङ्गठनको योगदान र सहभागिताबाहेक अन्य कुनै भरपर्दो स्रोत थिएन । तथापि बाह्य स्रोत जुटाउने काम प्राथमिकतामा नै राखियो । यही बुझाइका साथ सुदूरपश्चिम क्षेत्रका कैलाली, कञ्चनपुर, डडेल्धुरा, बैतडी जिल्लामा गाउँ भेला र सदस्यता नवीकरणलाई अभियानकै रूपमा अघि बढाइयो ।

कञ्चनपुरका गाउँ सङ्गठनहरू प्रत्येक सदस्य परिवारबाट २ जना सहभागी हुन जाने र चामल, दाल, टपरी, दाउरा र केही नगद

> राष्ट्रिय सम्मेलन सफल हुँदा सम्मेलनले दिने शक्ति र सन्देश सुदूरपश्चिमकै लागि महत्वपूर्ण हुन्थ्यो ।

सहयोग गर्न तयार भए । अगुवाको उत्साह देखेर सम्मेलन सजिलै सम्पन्न गर्न सकिन्छ भन्ने आँट बढ्यो । कैलालीमा पनि स्रोत सङ्कलन गर्ने, सहभागी तयार गर्ने काम सुरु भयो । २ हजार सहभागी जुट्ने पक्का भयो । उनीहरू पनि चामल, दाल, टपरी सङ्कलन गरी सम्मेलनमा योगदान गर्न तयार भए । साथै सांस्कृतिक कार्यक्रम, स्थानीय भेषभूषासहित सहभागी हुने उद्घोष पनि गरे । डडेल्धुराले साइरनसहित बाढीपीडितको सहभागिता गराउने, बैतडीले छलिया नाचसहित हलियाको सहभागिता गराउने योजना बन्यो र सबै तयारीमा जुटे ।

## सम्मेलनको नक्साङ्कन

कैलाली र कञ्चनपुरमा सम्मेलनको तयारीका लागि अगुवा प्रशिक्षण भयो । योजना पनि बन्यो । सम्मेलनको नक्शाङ्कन प्रशिक्षणमै गरियो । कैलालीको चिसापानीदेखि सम्मेलनस्थलसम्म साइकल यात्रा गरी जाने, चिसापानीदेखि महेन्द्रनगरसम्म आठ ठाउँमा स्वागत गेट निर्माण गर्ने, पुल, सडक, सङ्गठन, बजार, चोकमा भित्ते लेखन गर्ने र पोस्टर टाँस्ने । गाउँ मञ्च कृषि औजारसहित सहभागी हुने र सांस्कृतिक टिमसहित र्‍याली ल्याउने योजना बन्यो र सोहीअनुसार जिम्मेवारी पनि तोकियो

## तयारी कार्यशाला

सम्मेलनको दिन नजिकै आइसकेको थियो । सोचे जति तयारी सबै जिल्ला मञ्चले गर्न सकेका थिएनन् । कहीँ बुझाइमा समस्या, कहीँ सूचनाको कमी, कहीँ कार्यकर्ता र अगुवा परिचालनमा समस्या । सम्मेलन कञ्चनपुर जिल्लामा आयोजना भए पनि त्यसलाई भव्यरूपमा सम्पन्न गर्न यस क्षेत्रका ४ वटै जिल्ला (कैलाली, कञ्चनपुर, डडेलधुरा र बैतडी) लाई उत्तिकै जिम्मेवार हुनु जरुरी थियो । चारवटै जिल्ला एक ठाउँमा नबसी तयारी बलियो हुने सम्भावना देखिएन । यसैले माघ १४ देखि १८ गतेसम्म कञ्चनपुरमा सम्मेलन तयारी कार्यशाला आयोजना गरियो । समीक्षा भयो र योजना बनाइयो । समन्वय सहकार्य, मञ्च व्यवस्थापन, खाना तथा बास व्यवस्थापन, प्रचार-प्रसार, सांस्कृतिक टिम परिचालन, र्‍याली व्यवस्थापन, साइकल यात्रा, स्रोत सङ्कलन र व्यवस्थापनका लागि जिम्मेवारी बाँडफाँट गरियो । राष्ट्रिय मञ्चका कोषाध्यक्ष महेश वडको संयोजकत्वमा समन्वय समिति बनाइयो । तयारी र समन्वयका लागि महेन्द्रनगरमा सचिवालय खडा गरियो । यसपछि तीव्रताका साथ सबै जिल्ला मञ्च जुटे । कञ्चनपुर र कैलालीमा फेरि अर्को जिल्लास्तरीय अन्तरक्रिया गरी प्रचार-प्रसार र समन्वयका लागि सरोकारवालासँग छलफल गरियो ।

### केही सिकाइ

- राष्ट्रिय सम्मेलन जस्ता ठूला कार्यक्रमलाई सबै सङ्गठन तथा सदस्यले एक उत्सवकै रूपमा लिई सोहीअनुसार तयारी गर्दा कठिन काम पनि सरलरूपमा गर्न सकिने रहेछ। र, यसबाट आउने उपलब्धि र चुनौतीलाई सबैले अपनत्व लिँदा काममा ऊर्जा पनि थपिने रहेछ।
- आन्दोलनमा स्रोत र सहभागिताका लागि पहिलो शक्ति सङ्गठन र सहायक शक्ति अरू हुने देखियो। त्यसकारण सङ्गठन निर्माण, परिचालन, त्यसको व्यवस्थापन र क्षमता विकासमा अझ जोड दिनुपर्छ।
- सम्मेलन जस्तो राष्ट्रिय कार्यक्रमको योजना हुँदा त्यसको तयारी पनि एक वर्षपहिलेदेखि नै सबै जिल्लामा हुनुपर्छ। बेलाबेला हुने समीक्षामा तयारीको अवस्था आदान-प्रदान हुनुपर्छ। अन्यथा छोटो समयमा बढी काम गर्दा सोचेअनुसारका उपलब्धि आउन सक्दैन।
- यस्तो सम्मेलन हुनुभन्दा पहिले केन्द्रीय पदाधिकारीसमेतको टिम कम्तिमा एक महिनाअगाडिदेखि व्यवस्थापनमा जुट्नुपर्छ। प्रचार-प्रसारको काम कम्तीमा ३ महिनाअघिदेखि हुनुपर्छ। ६ महिनाअघिदेखि छलफल र बहस थालिनुपर्छ। यसले माहोल तयार गर्न मद्दत गर्छ। आयोजक जिल्लाको वार्षिक योजनामा सम्मेलन मुख्य योजना र तयारी पनि राखिनुपर्छ। यसलाई सहायक योजनामा राख्नुहुँदैन।
- कार्यक्रम के के गर्ने ? त्यसका लागि खर्च कति लाग्ने ? कसले कति खर्च बेहोर्ने ? भन्ने कुरा एक वर्षअगाडि नै स्पष्ट हुनुपर्छ। सम्मेलन हुनुभन्दा एक महिनाअगाडि त्यस्तो खर्च जुटाई सक्नुपर्छ।
- सकेसम्म कार्यक्रम, खाना र बासको व्यवस्थपन एउटै ठाउँमा हुनुपर्छ। खानेपानी, शौचालयको व्यवस्थापन राम्रो हुनुपर्छ। जसले सहभागी कार्यक्रम स्थलभन्दा बाहिर जानुपर्ने अवस्था आउँदैन र आन्दोलनको मूल्य/मान्यता पनि कार्यान्वयन हुन सक्छन्।

## समन्वय, सहयोग सङ्कलन र सम्मेलन

राष्ट्रिय सम्मेलन सफल हुँदा सम्मेलनले दिने शक्ति र सन्देश सुदूरपश्चिमकै लागि महत्वपूर्ण हुन्थ्यो। यस क्षेत्रका सबै समस्याको उठान गर्ने थलो बन्थ्यो। त्यसैले सबै सरोकारवाला निकायमा जानकारी गराउने, सहयोग लिने उद्देश्यले सम्मेलनको प्रस्तावना तयार गरी राजनीतिक दल, सरकारी कार्यालय, पेशागत सङ्घ/सङ्गठनहरू, गैरसरकारी संस्थाहरूमा पेश गरी सहयोगका लागि छलफल गरियो। सबै सरोकारवाला निकायहरू आवश्यक सहयोग गर्न तयार रहेको बताए। र, उनीहरूले हामीलाई हौसला पनि दिए- 'राष्ट्रिय सम्मेलन हो, सानो तयारीले पुग्दैन है।' सम्मेलनका लागि जिल्लाका सबै राजनीतिक दलले पनि उत्तिकै सहयोग पुऱ्याए। जिल्ला विकास समिति, भीमदत्त नगरपालिका, महाकाली तथा सेती बस व्यवसाय समिति, जिल्ला खेलकुद विकास समितिले निःशुल्क हल उपलब्ध गराए। नगर विकास समितिले बास र कार्यक्रमका लागि सिटी हल उपलब्ध गरायो। सिटी हल निर्माण कम्पनीले व्यवस्थापनमा ठूलो गुन लगायो। गाउँ सङ्गठनका सदस्यहरूले भान्साको कुशल व्यवस्थापन गरे। देशभरका अगुवा कार्यकर्ताले कुशल स्वयम्सेवकको भूमिका निर्वाह गरी व्यवस्थापन, सरसफाइ र सुरक्षामा योगदान पुऱ्याए।

गाउँ सङ्गठनहरूको सांस्कृतिक प्रस्तुतिले सम्मेलनलाई रोचक बनायो। स्थानीय सञ्चारकर्मीहरूले सम्मेलनबारे प्रचारप्रसार गर्न सहयोग पुऱ्याए। केन्द्रीय मञ्चका पदाधिकारीहरू सबै व्यवस्थापनमा जुट्नुभयो। सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको पूरै टिम व्यवस्थापनमा खट्नुभयो। सबैको उत्साह, उत्तिकै जोस, कुशल व्यवस्थापन र प्रतिबद्धताले चौथो राष्ट्रिय सम्मेलन सम्पन्न भयो।

## सूचना

**घरजग्गा खरिद गर्दा निम्न कुराहरूमा सजग रहनुहुन सेवाग्राही महानुभावहरूमा भूमि सुधार तथा व्यवस्था मन्त्रालयले अनुरोध जारी गरेको छ।**

- खरिद गर्ने जग्गा कसको नामबाट कुन व्यहोराले विक्रेताको नाममा आएको हो, नक्सा फिल्ड र क्षेत्रफल भिड्छ भिड्दैन बुझ्ने।
- वन, जङ्गल, खोला, पर्ती, कुला आदि जस्ता सरकारी सार्वजनिक जग्गा घुसेको भए कुनै पनि बेला बदर हुन सक्ने हुँदो सो सम्बन्धमा सजग हुने।
- जग्गाधनीको पहिचान दरिदकर्ता स्वयम्ले गर्नुपर्छ र अधिकृत वारेसनामाबाट पारित हुने भए सो वारेसनामाको सम्बन्धमा समेत स्पष्ट भएर मात्र कारोवार गर्नुपर्छ।
- बाटोको सम्बन्धमा नक्सा र फिल्डको अवस्थाबारे बुझि सोअनुसार घर, बाटोको सिफारिस छ छैन स्पष्ट हुने।
- जग्गा रैकर वा गुठी के हो ? मोही भए नभएको समेत जानकारी लिने।
- जग्गाको श्रेष्ता, रोक्का र अन्य बिबाद भए नभएको बुझ्ने।
- प्लटीङ्को घरजग्गा भए सम्बन्धित निकायको मापदण्ड भए नभएको र कर चुक्ता तथा नक्सा पास छ छैन एकिन हुने।
- घर, टहरासमेतको स्वामित्व हस्तान्तरण हुने भएमा सो को विवरण लिखतमा खुलाउनुपर्ने।
- जग्गाधनीका अंशियार एवम् हकवाला छन् छैनन भए अनिवार्यरूपमा साक्षि राख्ने।
- कार्यालयको काम कार्वाहीको सम्बन्धमा आवश्यक कागज प्रमाण एवम् प्रक्रियाका सम्बन्धमा सिधै कर्मचारीहरूसँग सम्पर्क गर्ने।
- कारोबार भएको वास्तविक अङ्क लिखतमा खुलाई नियमानुसार लाग्ने दस्तुर सेवा शुल्क र लाभकर बुझाई रसिद अनिवार्य लिने।
- लिखत लेख्नु अघि र पुर्जा प्राप्त गरेपछि पनि आफ्नो नाम, थर, वतन तथा जग्गाको विवरण ठिक छ छैन स्पष्ट हुने।
- लेनदेन गर्दा सम्भव भएसम्म बैंकमार्फत गर्ने।
- अन्य जानकारीको लागि नागरिक वडापत्र पढ्ने र कुनै जिज्ञासा भए कार्यालय प्रमुख वा अन्य कर्मचारीसँग सोधपुछ गर्ने।




## आत्मनिर्भर केन्द्रमा नयाँ नेतृत्व

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विशेष साधारण सभा फागुन ३० गते अर्गानिक फार्म झुलेमा भयो। केन्द्रको १९ औं वार्षिक साधारण सभाले तीन वर्षका लागि डा. सुरेश ढकालको अध्यक्षतामा ९ सदस्यीय कार्यकारी समिति चयन गरेको छ। साधारण सभाले संस्थाको उपाध्यक्ष, सचिव र कोषाध्यक्षमा क्रमशः रेणुका पौडेल, गोपाल थापामगर र हरिप्रसाद पुडासैनीलाई चयन गरेको छ। साथै सदस्यहरूमा मानबहादुर क्षेत्री, उमा अर्याल, लक्ष्मी चौधरी, सञ्जीता रौनीयार र सरस्वती कटवाल चयन हुनुभएको छ।

साधारण सभाका अवसरमा लामो सयमदेखि आत्मनिर्भर केन्द्रमा रही काम गर्नुभएका तथा यसअघिको कार्यकाल अध्यक्ष भई काम गर्नुभएकी निवर्तमान अध्यक्ष शशिकला दाहाललाई सफल कार्यकालको उचित कदर गर्दै सम्मान गरिएको थियो। सोही अवसरमा चार वर्षदेखि आत्मनिर्भर केन्द्रमा रही भूमि अधिकार आन्दोलनमा अनुगमन, मूल्याङ्कन तथा अनुसन्धान अधिकृतको जिम्मेवारीमा रही काम गर्नुभएकी ज्योति वैद्य हाल साझेदार संस्था केयर नेपालमा जानुभएकाले उहाँको पनि कुशल कार्यकाल र उज्ज्वल भविष्यको कामना गर्दै विदाइ गरिएको थियो।

नवनिर्वाचित अध्यक्ष डा. ढकालले आफूलाई अध्यक्षको जिम्मेवारीमा चयन गरेकामा सबै साधारण सदस्यलाई धन्यवाद ज्ञापन गर्दै आगामी कार्यकाल सफल बनाउन सबै सदस्य तथा कर्मचारी साथीहरूको भूमिका उत्तिकै महत्वपूर्ण रहने बताउनुभएको थियो।



## भूमि घर बन्यो

दाङको पर्सा गाउँ भूमि अधिकार मञ्चले आफ्नै भूमि घर निर्माण गरेको छ। भूमि घर निर्माणका लागि गाउँ मञ्चका सदस्य ३० दिनसम्म खटेका थिए। उनीहरूले ढुङ्गा बोक्ने, इँटा बनाउने, सामुदायिक वनबाट काठ ल्याउने, लिपपोत गर्ने जस्ता सबै काम आफैं गरेका थिए।

भूमि घर निर्माण गर्न सङ्गठनका ८८ घरधुरी प्रत्येकले एक सय रूपियाँ सहयोग गरेका थिए। तीन दिनसम्म श्रमदान पनि गरेका थिए। घर निर्माण गर्नका लागि आवश्यक पर्ने काठ सामुदायिक वनले निःशुल्क उपलब्ध गराएको थियो। यस्तै छानो छाउनका लागि जिल्ला भूमि अधिकार मञ्चले ३० हजार रूपियाँ नगद सहयोग उपलब्ध गराएको थियो।

सङ्कलन भएको नगद, श्रम, काठपात सबै गरी भूमि घर निर्माण गर्न २ लाख ४१ हजार ६ सय १० रूपियाँ लागेको छ। निर्माण भएको भूमि घरमा नियमित बैठक बस्ने, छलफल गर्ने, महिला कृषि सहकारीको बैठक चलाउने, तालिम तथा प्रशिक्षण सञ्चालनका लागि प्रयोगमा ल्याउने उद्देश्य राखिएको छ।

## जिल्ला सम्मेलन

जिल्ला भूमि अधिकार मञ्च, उदयपुरको तेस्रो जिल्ला सम्मेलन भयो। सम्मेलनले नमिता राईको अध्यक्षतामा ११ सदस्यीय पदाधिकारी चयन गरेको छ। सम्मेलनले उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षमा क्रमशः गङ्गाकुमारी राई, शिवप्रसाद बास्तोला, गोविन्दप्रसाद पौडेल र शंकरवती सदालाई चयन गरेको छ। यस्तै सदस्यहरूमा लालबहादुर निरौला, हजरा खातुन, सुरज सदा, ईश्वरी श्रेष्ठ, लक्ष्मीनारायण चौधरी र पविकुमारी मगर छन्।

## आत्मनिर्भर केन्द्रको स्थापना दिवस

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको स्थापना दिवस चैत १ गते अर्गानिक फार्म झुलेमा आयोजना भयो। २०४९ साल चैत १ गते सिन्धुपाल्चोक जिल्लामा स्थापना भएको आत्मनिर्भर केन्द्रले २२ वर्ष सफलरूपमा पूरा गरेको छ। आत्मनिर्भर केन्द्र २०५१ सालयता निरन्तर भूमि अधिकार आन्दोलनमा क्रियाशील छ। हाल आत्मनिर्भर केन्द्रको सक्रियतामा देशको ५४ जिल्लामा भूमि अधिकार अभियान फैलिई करिव ६ लाख मानिस भूमि तथा कृषि सुधार अभियानमा सङ्गठित छन्।

विभिन्न आरोह/अवरोह पार गर्दै निरन्तररूपमा गरिब, भूमिहीन, भूमिको अधिकारबाट वञ्चित साना किसान, दलित एवम् महिला किसानको भूमि हक प्राप्तिको लडाइँमा सहयोगी संस्थाको भूमिका निर्वाह गर्दै आएको यस संस्थाले औपचारिकरूपमा पहिलो पटक आफ्नो स्थापना दिवस मनाएको हो। स्थापना दिवसमा संस्थाका कार्यकारी समिति, साधारण सदस्य, कर्मचारी र सहयात्री तथा साझेदार संस्थाका प्रतिनिधि पनि सहभागी थिए। स्थापना दिवसको अवसरमा कार्यकारी निर्देशक जगत देउजाले सबै



अतिथिलाई स्वागत गर्दै भूमि अधिकार अभियान अघि बढाउन आत्मनिर्भर केन्द्रलाई साथ दिने सबै साझेदार संस्था, सहयोगी तथा चिन्तक व्यक्तिप्रति संस्था कृतज्ञ रहेको बताउनुभयो।

स्थापना दिवसको अवसरमा २२ वर्षे इतिहास, यस अवधिको सङ्घर्ष, प्रगति, सिकाइ र चुनौती के/कति आए र चुनौतीलाई पार गर्दै कसरी यात्रा अघि बढाइयो भन्नेबारे आत्मनिर्भर केन्द्रका संस्थापक अध्यक्ष एवम् संस्थागत विकास सल्लाहकार जगत बस्नेतले प्रस्तुति गर्नुभयो।

संस्थाको स्थापना दिवसको अवसरमा शुभकामना तथा सुझाव दिन विभिन्न व्यक्तित्व पुग्नुभएको थियो। यस क्रममा सभासद् एवम् पूर्व उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगका अध्यक्ष केशव बडाल, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सहसचिव कृष्णराज बिसी, प्रा.डा. लयप्रसाद उप्रेती, एसडिबीका यमुना घले, हेल्भेटास नेपालका डेपुटी डाइरेक्टर मोना शेर्पा, केयर नेपालका प्रकाश काफ्ले, ज्योति वैद्य, कृष्णहरि पनेरु, हंशराज जोशी, अक्सफामका रश्ना ढकाल, राष्ट्रिय कृषक समूह महासङ्घका अध्यक्ष उद्धव अधिकारी, भूमि अधिकार सरोकार समूहका अध्यक्ष सरेश नेपाल, कोलार्पका उद्धव राई, युएनडिपीका चिरिञ्जीवी अधिकारी, राष्ट्रिय भूमि अधिकार मञ्च नेपालका अध्यक्ष ल्यामबहादुर दर्जी र पूर्वअध्यक्ष सोमप्रसाद भण्डारी, नरविक्रम थापा र उद्धव भट्टराईलगायतले शुभकामना मन्तव्य व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारीरूपमा अघि बढ्नका लागि सुझाव पनि दिनुभएको छ।

## स्थानीय बीउ संरक्षण कार्यशाला

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको आयोजना र जिल्ला मञ्च रसुवाको समन्वयमा चैत ९ गते भूमि घर कालिकास्थानमा स्थानीय बीउ संरक्षण तथा प्रबर्द्धनसम्बन्धी १ दिने कार्यशाला भयो। साना, महिला र भूमिहीन किसानका लागि नेपाल सरकारको विभिन्न बीउ नीति, कार्यक्रम तथा वितरण संरचनाबारे जानकारी गराउने र त्यो प्राप्तिमा किसानको सहज पहुँच कसरी स्थापना गर्न सकिन्छ भन्नेबारे छलफल भएको थियो। साथै स्थानीय तहमा भएका बीउहरूको संरक्षणका लागि प्रोत्साहन गर्ने उद्देश्य पनि कार्यशालाको थियो।

कार्यक्रममा निमित्त स्थानीय विकास अधिकारी भीमकान्त पौडेल, जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत रमेश हुमागाईं, पशु सेवा कार्यालयका प्रमुख डिल्लीराम सेढाई, एसियाली किसान सङ्गठनका उपाध्यक्ष सोमप्रसाद भण्डारी, सुआहारा कार्यक्रम रसुवाका संयोजक मनोज मिश्र, आत्मनिर्भर केन्द्रकी रश्मी पण्डित, कृषि सेवा केन्द्र धैबुङका प्रमुख बालकुमारी खड्का, राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य भवानीप्रसाद न्यौपानेलगायत जिल्ला भूमि अधिकार मञ्चका पदाधिकारी, गाउँ मञ्चका अगुवा, साना तथा अगुवा किसान (१९ महिला, १ दलित, ६ जनजाति गरी ३२ जना) सहभागी थिए।

कार्यक्रममा वरिष्ठ कृषि विकास अधिकृत रमेश हुमागाईँले बीउ नीति, पहुँच र स्थानीय तहमा बीउ संरक्षणबारे प्रस्तुति गर्नुभएको थियो। यस्तै, रश्मी पण्डितले नेपाल सरकारको बीउ नीति तथा कार्यक्रमसम्बन्धी साना, महिला तथा भूमिहीन किसानमा सचेतना विषयमा सहजीकरण गर्नुभएको थियो।

यस्तै स्थानीय तहका नयाँ तथा पुराना विभिन्न जातका बीउ, बीउअनुसार उत्पादन, स्वाद, नयाँ र पुराना बीउमा फरक र आगामी दिनमा संरक्षण गर्नुपर्ने बीउ र संरक्षण तरिकाबारे छलफल भएको थियो। साथै सहभागी अगुवा किसान साधुराम पौडेल, खेमराज न्यौपाने, भगवती घिमिरे, भुवनेश्वरी लामिछानेलगायतले खेतीको तरिका, बीउ, सरकारी निकायबाट पाउने सेवा/सुविधाको प्रक्रिया र पहुँचलगायतका विषयमा आफ्ना अनुभव राखेका थिए।

प्रस्तुति : सुष्मा न्यौपाने

## संयुक्त पुर्जाबारे छलफल

जिल्ला भूमि अधिकार मञ्च नुवाकोटको आयोजनामा चैत ९ गते विदुरमा संयुक्त पुर्जा निर्माणबारे अन्तरक्रियात्मक कार्यक्रम भयो । आत्मनिर्भर केन्द्रकी अभियान संयोजक कल्पना कार्कीले संयुक्त पुर्जा र भूमिमा महिला अधिकार विषयमा सहजीकरण गर्नुभएको थियो । साथै सहभागीहरूले संयुक्त पुर्जा निर्माण अभियान महिला किसानलाई भूमिको स्वामित्व कायम गराउनका लागि प्रभावकारी हुने र यसले गाउँघरमा महिलामाथि हुने हिंसा कमी गराउनका लागि महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसलाई गाउँगाउँमा प्रचार गर्नुपर्ने धारणा राखेका थिए ।



कार्यक्रममा मालपोत कार्यालयका प्रमुख पृथबहादुर केसी, नापी कार्यालयका रघुनाथ बुढाथोकी, नेपाली कङ्ग्रेसका नेता लक्ष्मण श्रेष्ठ, एमाले उपाध्यक्ष विन्दा ढुङ्गाना, एकीकृत माओवादीका नेता रामभक्त उप्रेती, राप्रपा नेपालका नेता विष्णुप्रसाद सापकोटा, राप्रापाका नेता रामकृष्ण भट्ट, नेकपा माओवादीका नेता लीलानाथ न्यौपाने, महिला तथा बालबालिका कार्यालयकी रञ्जना पोखरेल र भूमि अधिकार मञ्चका प्रतिनिधिसहित २८ (१० महिला, ४ जनजाति) जना सहभागी थिए ।

प्रस्तुती : कल्पना न्यौपाने



## जिल्ला परिषद्

जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकको तेस्रो जिल्ला परिषद् फागुन २७ गते भयो । परिषद्मा विभिन्न राजनीतिक दल तथा सरोकारवाला निकायका प्रतिनिधि सहभागी भई भूमिसम्बन्धी समस्या समाधान गर्न सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । परिषद्मा २०७० साउन १ देखि २०७१ असार मसान्तसम्मको आर्थिक तथा प्रगति प्रतिवेदनमाछि छलफल गरी पारित गरिएको थियो ।


## स्थानीय स्रोतको उपयोग

महोत्तरी लक्ष्मिनियाँमा कोपिला र विकास गाउँ भूमि अधिकार मञ्चले सञ्चालन गरेको सामूहिक खेतीको जग्गा संरक्षण गर्न जिल्ला भूसंरक्षण कार्यालय महोत्तरीले सहयोग गरेको छ । भूसंरक्षण कार्यालयले गाउँ मञ्चले प्रस्ताव पेश गरेअनुसार ४ लाख ५ हजार रूपियाँ बराबरको ८१ थान तारजाली उपलब्ध गराएको छ ।

## गाउँ मञ्चको कामको कदर

महोत्तरी, चुरेको नाङ्गो पाखो संरक्षण गरी हरियाली बनाउन खेलेको भूमिकाको कदर गर्दै बुडुवा गाउँ भूमि अधिकार मञ्च, खयरमारालाई जिल्ला वन कार्यलायले सम्मान गरेको छ । मञ्चलाई वन कार्यालयले प्रमाण पत्रका साथमा १ हजार रूपियाँको प्रदान गरी सम्मान गरेको हो ।

गाउँ मञ्चले करिव २ बिघा क्षेत्रफलको नाङ्गो पाखोमा खयर, सिसौ, मसला, बाँस, अम्रिसो लगाएतको विरुवा रोपण गरेको छ । गाउँ मञ्चले खाली पाखोमा लगाएको अम्रिसोको विक्रीबाट एक हजार ३ सय रूपियाँ आम्दानी पनि गरेको छ । गाउँ मञ्चमा २७ परिवार भूमि अधिकारबाट वञ्चितहरू सङ्गठित छन् ।




## हिमाल गाउँ भूमि अधिकार मञ्च, उदयपुर

हिमाल गाउँ भूमि अधिकार मञ्चमा ६१ परिवार भूमिहीन सङ्गठित छन् । उनीहरू ऐलानी जमिनको करिव ५ बिघा जमिन उपयोग गरी २०४८ सालदेखि बसोबास गरेका छन् । पहिले खोलाको बगर थियो उनीहरूले त्यहीँ बसोबास सुरुवात गरेका थिए । अहिले पनि सबैलाई पुग्ने जमिन भने छैन । उनीहरूसँग आफ्नो घर बनेकोबाहेक सामान्य तरकारी रोपेर खान पुग्ने पनि जमिन छैन । उनीहरूलाई गाउँका जमिनदारले दुःख दिने गरेका छन् । बस्ती उठिबास गराउन आउनेसँग धेरै पटक विवाद भएर झडप पनि भएको थियो । गाउँमा २०६८ सालमा भूमि अधिकार मञ्च गठन भएयता बस्ती केही सुरक्षित भएको महसुस उनीहरूले गरेका छन् ।

गाउँ मञ्चको अध्यक्ष सकरवती सदा छिन् । बसोबास गरेको धेरै वर्ष भए पनि जग्गा नापी भएर पुर्जा पाउन नसकेकाले उनीहरू चिन्तित छन् । फिल्डबुकमा जग्गा ऐलानी भनी उल्लेख गरिएको भए पनि एक जना जमिनदारले आफ्नो दाबी गर्दै सर्वोच्चमा मुद्दा हालेको छ ।

गाउँ मञ्चले आफ्नै भूमि घर निर्माण गरेको छ । भूमि घर बनाउन मञ्चका अगुवाहरूले नगरपालिकाबाट १० हजार रूपियाँ ल्याएर गिट्टी, बालुवा र सिमेन्ट खरिद गरेका थिए । त्यसैगरी छाना छाउनका लागि सचेतना केन्द्रबाट १० हजार रूपियाँ सहयोग जुटाएका थिए । बाँकी काम सङ्गठनका सदस्य आफैँले गरेका थिए ।

गाउँ मञ्चको भूमि किताब निर्माण भएको छ । यसमा गाउँ मञ्चको आगामी योजना र आगामी दिनमा पुग्न चाहेको लक्ष्य पनि उल्लेख छ । गाउँ मञ्चका सदस्य सबैले सुकुमबासी समस्या समाधान आयोगमा निवेदन दर्ता गराएका छन् । गाउँ मञ्चमा प्रगति मापक सूचकको अभ्यास पनि भइरहेको छ । अब गाउँ मञ्चको आयोजनामा गाउँ भूमि शिविर तथा प्रशिक्षण गर्ने, अगुवाको क्षमता विकास गर्ने, बसोबास गरेको ठाउँको घरधुरी कर तिर्नका लागि नगरपालिकासँग समन्वय गर्ने योजना बनेको छ । गाउँ मञ्चको सपना भनेको सबै परिवारलाई सुरक्षित बसोबास र उत्पादन गरी जीविका चलाउन पुग्ने खेतीयोग्य जमिनको अवस्था हुनु रहेको सबै सदस्य एकै स्वरमा बताउँछन् ।

प्रस्तुति : फुर्तिमान राई

## दिनाभद्री गाउँ भूमि अधिकार मञ्च, सप्तरी

दिनाभद्री गाउँ भूमि अधिकार मञ्च, शम्भुनाथ ३ मा २०६६ सालमा गठन भयो । गाउँ मञ्चमा ४० परिवार मुसहर समुदाय सङ्गठित छन् । उनीहरूको मुख्य समस्या बसोबासको छ । र, खेती गर्ने जमिन पनि छैन । सबैको घर साघुँरो ठाउँमा र सानो झुपडी मात्रै छ ।

त्यही भएको झुपडी पनि वरपर जमिन भएका जमिनदारहरूले उठिबास लगाईदिने धम्की दिइरहन्छन् । यस्तै दुःखबाट मुक्ति पाउन र सबैको बसोबास सुरक्षित गराउनको लागि भूमिहीनहरू गाउँ मञ्चमा सङ्गठित छन् । आन्दोलन र सङ्घर्षका कार्यक्रमहरू पनि गरिरहेका छन् ।

लामो समयदेखि सो ठाउँमा बसोबास गरेको उनीहरूसँग बसोबास गरेका लालपुर्जा छैन । बेलाबेला बन्ने सुकुमबासी आयोगले भूमिहीन सुकुमबासी भएको परिचय पत्र त दिन्छ त्यो परिचय पत्रले के गर्नु ?

अहिले शम्भुनाथ नगरपालिकाले सडक फराकिलो बनाउँदै छ भन्ने हल्ला फिँजिएको छ । सडक फराकिलो बनायो भने सबै भूमिहीनको झुपडी उठिबास हुने खतरा भएकाले भूमिहीनहरू चिन्तित छन् ।

मुसहर समुदायका धेरै मानिसहरू अहिले पनि जमिनदारकोमा हरूवा/चरुवा बसेर जीविका धानीरहेका छन् । जोत्ने र खेतीपाती गर्ने सिप भएपनि आफूहरूसँग जमिन नभएकाले उनीहरू चिन्तित छन् । केही हरूवाहरू भने जीविका कठिन बन्दै गएकाले त्यो कठिन पेशा छोडेर कमाई गर्न भारतको पञ्जाव गएका छन् । केही बालबालिका पनि विद्यालय जान छोडेर भारतमा काम गर्न गएका छन् ।

गाउँ भूमि अधिकार मञ्चले बस्तीमा उठिबास गर्न आउने जमिनदारहरूसँग प्रतिकार गर्ने, नगरपालीकाको कर्मचारीहरूसँग प्रतिकार गर्ने बस्ती जोगाउने काम गरिरहेको छ । र बेलाबेला हुने जिल्ला तहको आन्दोलनको कार्यक्रममा पनि भूमिहीनहरू सहभागी हुने गरेका छन् । गाउँ मञ्चको सपना छ, सबै भूमिहीन परिवारको बस्ती सुरक्षित होस्, सबैले खेती गरी खान पुग्ने जमिन पाऊन । र सबैको जीविका सहज बनोस् ।

# शब्द तस्बिर









चौथो राष्ट्रिय सम्मेलन।



अत्मनिर्भर केन्द्रको साधारण सभाको अवसरमा नवनिर्वाचित पदाधिकारी र कर्मचारी।



राष्ट्रिय भूमि अधिकार मञ्चको चौथो राष्ट्रिय सम्मेलनमा सम्मानित हुनेहरू।